(४)

अखितयार दुरुपयोग अनुसन्धान आयोग

चतुर्थ वार्षिक प्रतिवेदन

२०५०-०५१

अखितयार दुरूपयोग अनुसन्धान आयोग
काठमाडौं नेपाल
२०५१



अख्तियार दुरुपयोग अनुसन्धान आयोग

चतुर्थ वार्षिक प्रतिवेदन

२०५०-०५१

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल
२०५१

उदाहरणार्थ,

रु. ५,२१,३६,५५६।६६ पै.को प्राप्ताँक ५२१.३६

रु. ५,२१,३६,५६०।०० पै.को प्राप्ताँक ५२१.४०

(ङ) ठेकेदारसँग उपलब्ध यान्त्रिक उपकरण, जनशक्ति आदिको विवरण प्राय: अलत्य हुने गरेको पाइएकोले त्यस बापत अँक दिने प्रावधान नराखिएको ।

उपर्युक्त तालिकामा प्रस्तावित अँक साँकेतिक मात्र भएको र यहको वास्तविक अँक सम्बन्धित मन्त्रालयबाट उच्च स्तरमा छलफल गरी निर्धारण गर्ने र त्यहको अँकको प्रष्ट व्यवस्था आर्थिक प्रशासन नियमावली मै गर्ने ।

(ख) बोलपत्र आह्वान गर्दा निम्न कागजातहरु समेत माग गर्नु पर्ने :-

--- ठेकेदारले सम्पन्न गरेको कार्यहरुको लागत र योजनास्थल हुनेको प्रमाण-पत्रहरुको प्रतिलिपी राजपत्राँकित कर्मचारीबाट प्रमाणित गराइ पेश गर्ने ।

--- ठेकेदार कम्पनीको वास्तविक कार्यालय ठेगाना सम्बन्धित गा.वि.स । न.पा.बाट प्रमाणित गराई पेश गर्ने ।

(ग) निर्माण कार्य गर्ने गराउने कार्यालयहरुले प्रत्येक आ.व.को अन्त्यमा ठेकेदारले हुने भेटाबनी दण्ड सजाय वा ब्याद थप पाएको वा त्यसको अभिलेख प्रमाणित गरी निर्माण तथा यातायात मन्त्रालयमा पठाउनु पर्नेछ । यसरी प्राप्त विवरणहरु अध्यावधिक राख्दै उक्त मन्त्रालयले विकास निर्माण संग सम्बन्धित सबै कार्यालयहरुलाई वर्षको एक पटक त्यहको अभिलेख अधिराज्यव्यापी रुपमा पठाइ दिने व्यवस्था गर्ने ।

फोन नं:-२२९४५
२२२८४२
२२८९९०
२२३०७८
२२१४६३

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

बबरमहल काठमाडौं

मिति: २०५१/८/२६

त संख्या:-

प्त पत्र संख्या र मिति

विषय:-

श्री ५ महाराजाधिराज सरकारका हजुरमा
राजदरबार, काठमाडौं ।

सरकार,

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ उपधारा (६) अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०५०।०५१ (२०५० श्रावण १ गते देखि २०५१ आषाढ मसान्तसम्मको) चतुर्थ वार्षिक प्रतिवेदन चढाएका छौं । सरकार, जो हुकुम ।

सेवकहरू,

०५१।८।२६

(राम प्रसाद श्रेष्ठ)
आयुक्त

(राधारमण उपाध्याय)
आयुक्त

विषय सूची

सि. नं.	विषय	पृष्ठ संख्या
१.	प्रस्तावना	१
२.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन	१
३.	आयोगको काम, कर्तव्य र अधिकार	१ - ३
४.	आयोगको प्रशासनिक संगठन र बजेट व्यवस्था	३ - ४
५.	आयोगको कार्य संचालन र बैठक	४ - ६
६.	आयोग र महाशाखा बीचको सम्पर्क	६
७.	भ्रष्टाचार र अनुचित कार्यमा परेको उजुरीको प्रारम्भिक अनुसन्धान भइरहेको मन्त्रालयगत संख्या	७ - ९
८.	हाल सम्म अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान भइरहेका विषयको संक्षिप्त विवरण	१०-१४
९.	अदालत समक्ष मुद्दा दायर भएका विवरण	१५-२६
१०.	प्रचलित कानूनमा सुधार गर्ने र अन्य विषयमा दिइएका सुझावहरु	२७-२९
११.	आयोगबाट अनुसन्धान भई अख्तियारवाला समक्ष र अन्य निकाय वाट कारवाई हुन लेखि पठाएको विवरण	३०-३४
१२.	अनुसन्धान अधिकृत नियुक्त भई दिएको प्रतिवेदनबाट फरफारीट	३५-७३
१३.	उपसंहार	७४-७५
१४.	अनुसूचीहरु	
	(१) आयोगको प्रशासनिक संगठन तालिका	
	(२) आ.व. ०५०।५१ को बजेट व्यवस्था	
	(३) आ.व. ०५०।५१ को निवेदन लगत, फरफारीट र बाँकी विवरण	
	(४) सुझाव दिइएको मूल्यांकन तालिका	

अख्तियार दुरूपयोग अनुसन्धान आयोग

चतुर्थ वार्षिक प्रतिवेदन

२०५०।०५१

१. प्रस्तावना :

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ अन्तर्गत व्यवस्थित अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा भए गरेको अनुसन्धान, तहकिकात एवं कामहरूको वार्षिक प्रतिवेदन संविधानको धारा ९८ (६) बमोजिम प्रस्तुत गरेको छ ।

२. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको गठन :

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ बमोजिम गठन भएको यस आयोगको गठन विधि निम्नानुसार रहेको छ ।

१.	श्री जनार्दनलाल मल्लिक, प्रमुख आयुक्त	२०४७।१०।२८ मा नियुक्त भै मिति २०५१।३।१७ देखि अवकाश ।
२.	श्री राधारमण उपाध्याय, आयुक्त	२०४७।१०।२८ मा नियुक्त ।
३.	श्री रामप्रसाद श्रेष्ठ, आयुक्त	२०४८।१२।१४ मा नियुक्त ।

सचिव	नियुक्त मिति	सरूवा मिति
श्री सुदर्शन बहादुर सिंह	२०४६।७।२१	२०५१।७।२४

(मिति २०५१।७।२४ देखि श्री सुशील कान्त झा का.मु.सचिव हुनुहुन्छ ।)

३. आयोगको काम, कर्तव्य र अधिकार :

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ बमोजिम गठन भएको अख्तियार

दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था संविधानको धारा ९८ र सोही धाराको उपधारा (४) बमोजिम व्यवस्था भएको अख्तियार दुरुपयोग अनुसंधान आयोग ऐन, २०४८ एवं त्यसको नियमावलीमा भएका प्रावधान बमोजिम सम्पादित हुनेछन् । संविधान एवं कानून बमोजिम आयोगमा मुलतः निम्न प्रकृतिका काम कारवाहीहरु पर्दछ :-

(क) सार्वजनिक पद धारण गरेका व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा गराउने ।

(ख) माथि (क) बमोजिम अनुसन्धान तहकिकात गर्दा अनुचित कार्य गरी अख्तियारीको दुरुपयोग गरेको पाइएमा त्यस्ता व्यक्तिलाई सचेत गराउन वा विभागीय वा अन्य आवश्यक कारवाहीका लागि अख्तियारवाला समक्ष लेखी पठाउने ।

(ग) माथि (क) बमोजिम अनुसन्धान गर्दा कानून बमोजिम भ्रष्टाचार मानिने हुने काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिहरु उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउने ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले मुलुकको प्रशासनिक संयन्त्रमा सार्वजनिक पद धारण गरेका व्यक्तिबाट हुन सक्ने अख्तियारको दुरुपयोगलाई यथासमयमा नै उपयुक्त कारवाही गरी सचेत गराउने लगायतको प्रयोजनको लागि संवैधानिक निकायको रुपमा आयोगको स्थापना गरी उल्लेखित अधिकार र कर्तव्यको प्रावधान गरेको छ । संविधानद्वारा व्यवस्थित र वर्णित कार्यहरुको कार्यान्वयन कानूनद्वारा निर्देशित प्रक्रिया बमोजिम गरिने संविधानको मूल भावना भएकोले आयोगले आफ्नो अख्तियारीहरुको प्रयोग र पालना कानूनमा वर्णित व्यवस्थाको अधिनमा रही सम्पन्न गर्नु पर्ने हुन्छ । सार्वजनिक पद धारण गरेका व्यक्ति भन्नाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को पहिलो संशोधन दफा २(घ) ले सोही ऐनको दफा ४ को उपदफा (१) मा उल्लेखित व्यक्तिहरुमा सीमित गरेको हुंदा आयोगले आफ्नो अधिकार को प्रयोग गरी कर्तव्य पालना गर्दा पनि सोही कानूनी सीमा भित्र रही गर्नु पर्ने कानूनी व्यवस्था हुन आयो ।

आयोग समक्ष परेका उजूरी मध्ये माथि उल्लेखित क्षेत्राधिकारलाई ध्यान दिई कानून एवं नियमद्वारा तोकिएको कार्यविधि अनुसार कारवाही शुरु गरिन्छ । जसमा परेका उजूरी उपर छानविन अनुसन्धान तहकिकात गर्दा उजूरीको औचित्य, प्रयोजन, त्यसमा निहित प्रमाणिक तथ्य र तथ्यलाई स्थापित गर्ने आधार प्रमाणको संकलन प्रारम्भिक कार्य भित्र पर्दछ । प्रारम्भिक

अनुसन्धानबाट उजुरी निवेदन व्यहोरा सत्यको निजक पाइएमा अनुसन्धान अधिकृत निश्चुक गरी विस्तृत अनुसन्धान तहकिकात गर्ने कार्यविधि अवलम्बन गर्ने आएको छ ।

अनुसन्धान अधिकृत निश्चुक भएको छुने पनि विवादमा निज अधिकृतले प्रचलित कानून बमोजिम विवादांग सम्बद्ध प्रमाणको संकलन गर्ने, तत्सम्बन्धी कागजात झिकाउने, सम्बन्धित व्यक्तिको बयान गराउने लगायतको कार्यविधि पुरा गरी प्रतिवेदन आयोग समक्ष पेश गरेपछि त्यसबारे आयोगले छलफल गरी सो अनुसन्धानबाट मात्र आयोग सन्तुष्ट नभएमा आवश्यकता अनुसार स्थलगत निरीक्षण समेत गराई पुनः अनुसन्धान गराउने र प्राप्त प्रतिवेदन उपर आयोग ले आरोपित कसूरको मात्रा, विवादको गाम्भीर्यता, विवादको प्रकृति एवं संकलित प्रमाणको प्रमाणिकता समेतलाई विचार गरी आयोगबाटै तामेलीमा राख्ने, अन्य निकाय वा पदाधिकारी समक्ष कारवाई गर्न लेखी पठाउने वा मुद्दा दायर गर्ने कुराको निर्णय गर्दछ । तामेली राख्ने, अन्य निकायमा कारवाई गर्न लेखी पठाउने वा मुद्दा दायर गर्ने र गर्न लगाउने लगायतका कार्य आयोगको संवैधानिक कर्तव्य भित्र पर्दछन् ।

४. आयोगको प्रशासनिक संगठन र बजेट व्यवस्था :

(क) संविधान एवं कानूनद्वारा तोकिएको कर्तव्य पालना गर्ने प्रयोजनका लागि केन्द्रीय स्तरमा एक अधिकारयुक्त स्वतन्त्र अनुसन्धान आयोग गठनका साथै आयोगको एक सचिवालय रहने र सो सचिवालयमा श्री ५ को सरकारद्वारा नियुक्त सचिव सचिवालयको प्रशासकीय प्रमुखको रुपमा रहनेछ । सचिवालयमा श्री ५ को सरकार-द्वारा स्वीकृत अनुसूची ९ मा तोकिए बमोजिमका दरबन्दीहरु रहने व्यवस्था छ । आयोगको गठन र कार्य प्रकृतिको आधारमा संगठनमा रहने कर्मचारीको आपूर्ति व्यवस्था पनि अलग प्रकृतिको छ । अपराधको प्रकृति र त्यसमा गर्नु पर्ने अनुसंधान को कारवाहीमा खास गरी तत्सम्बन्धी विषयमा दक्ष कर्मचारीको आवश्यकता पर्ने हुंदा कानून, प्रशासन, लेखा, प्राविधिक, प्रहरी आदि विषयमा अनुभव हासिल गर्नुको साथै उच्च मनोबल भएका व्यक्तिबाट सो पदहरु पूर्ति गर्ने व्यवस्था छ । आयोगको कामको प्रकृति हेरी तत्सम्बन्धी विषयमा कामको अनुभव भएका दक्ष कर्मचारीलाई केही समयका लागि आयोगमा काजमा ल्याई काम गराउने व्यवस्था भएकोले सो अनुसार पनि काम गराउने गरिएको छ । श्री ५ को सरकार-

द्वारा स्वीकृत दरबन्दी आपूर्ति गर्नमा पनि कतिपय कारणले उपयुक्त व्यक्तिको अभाव भई सो पदपूर्तिमा करार एवं अस्थायी रूपमा कर्मचारी नियुक्त गरी काम चलाउँदै गरिएको पनि छ ।

भ्रष्टाचार निवारणको कामलाई संलग्न गराउने प्रयोजनका लागि आयोगको प्रशासकीय संगठन निर्धारण गर्दा आयोगमा रहने स्वीकृत दरबन्दीका कर्मचारीका अतिरिक्त थप ५ को सरकारका कर्मचारीलाई पनि आयोगको अधिकार सुम्पन सकने व्यवस्था भएकाले आयोगले आवश्यक र उपयुक्त ठानेमा आफूलाई प्राप्त अधिकार सुम्पन सकने हुँदा आयोगको प्रशासनिक संगठन केन्द्रमा मात्र व्यवस्था गरिएको छ ।

(ख) आयोगको आ.व. २०५०।०५१ मा कुल बजेट रु. ४५,९६,१३५।४५ मध्ये रु. ३६,२५,५३५।४५ निकासा भई रु. ३५,९२,२२३।६२ खर्च भएको छ । आयोगको विभिन्नो-खण्ड, निकासा खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची २ बमोजिम रहेको छ ।

५. आयोगको कार्य संचालन र बैठक :

आयोगले सम्मादन गर्नु पर्ने कार्य सरल र विकेन्द्रीत प्रकृयाबाट सम्मादन गै त्यसमा संलग्न पदाधिकारी एवं कर्मचारीमा जिम्मेवारी बोधको धारणा समेत विकसित गराउने नीति अनुसार आयोगमा कार्यरत प्रमुख आयुक्त लगायत तीनैजना आयुक्तहरूमा एक आपसमा आयोगको अधिकार विभाजन गरिएकोछ । आयुक्तहरूमा तोकिएका मन्त्रालय वा निकायहरूका कार्यरत पदाधिकारी उपर परेका उजूरीहरू सम्बन्धित आयुक्तको सामान्य रेखदेख र नियन्त्रणमा अनुसन्धान तहकिकात गर्ने व्यवस्था छ । आयुक्तहरू बीच कामको बाँडफाँडका अतिरिक्त आयोग भित्र कानून, प्रशासनिक, लेखा, प्राविधिक र जनसम्पर्क गरी पाँच महाशाखा रहेका छन् । ती महाशाखामा राजपत्रांकित प्रथम श्रेणीका महाशाखा प्रमुखहरू रहने र महाशाखा प्रमुखहरूलाई पनि निजहरूको काम को अनुभवको आधारमा मन्त्रालय एवं निकायहरू एक आपसमा बाँडी निजहरूले आफ्नो जिम्मेवारीमा परेका मन्त्रालय वा निकायमा सार्वजनिक पद धारण गरेका व्यक्ति उपरको उजूरी सम्बन्धित आयुक्तको निर्देशनमा प्रारम्भिक अनुसन्धान गर्ने गरिएको छ ।

महाशाखा प्रमुखको जिम्मेवारीमा मन्त्रालय वा निकाय बाँडफाँड गर्दा सकेसम्म सबै आयुक्तसंग सबै महाशाखा प्रमुखको सम्पर्क कायम हुने गरी व्यवस्था मिलाइएको छ । आयोग

भिन्न संरचना गरिएको महाशाखा प्रमुखलाई तोकिएको मन्त्रालय वा निकायमा कार्यरत सार्वजनिक पद धारण गरेको व्यक्ति उपरको उजुरी सम्बन्धित आयुक्तको सामान्य रेखदेखमा प्रारंभिक अनुसन्धान शुरू गर्ने मस्यौदे परेको उजुरीमा प्रारम्भिक छानविन गर्न आयोग समक्ष पेश गर्ने गरिएको छैन । प्रारम्भिक अनुसन्धानको क्रममा कुनै समस्या देखिएमा महाशाखा प्रमुख माथि सचिव को प्रशासकीय नियन्त्रण रहने हुंदा समस्याको समाधान सचिव समेतको संलग्नतामा समाधान गरिएको छ । कारवाईको सिलसिलामा प्रारम्भिक अनुसन्धान तहकिकातबाट अनुसन्धान अधिकृत नियुक्त गर्नु पर्ने देखिएका विषयमा वा सो कारवाईबाट उजुरी तामेलीमा राख्नु पर्ने देखिएको मा आयुक्तबाटै अनुसन्धान अधिकृत नियुक्त हुने वा तामेलीमा राख्ने आदेश गर्ने गरिएको छ । प्रारम्भिक छानविन पछि सम्बन्धित आयुक्त समक्ष पेश भएको विषयमा आयुक्तले आयोगमा पेश गर्ने गरी आदेश दिएमा पनि सचिव मार्फत आयोगमा पेश गरिन्छ । सामान्यतया आयोग वा आयुक्तबाट अनुसन्धान अधिकृत नियुक्त भै निजद्वारा अनुसन्धान तहकिकात गरी सचिव मार्फत् आयुक्त समक्ष पेश भएको प्रतिवेदन आयुक्तको आदेशले आयोग समक्ष पेश गर्ने गरिएको छ । आयोग समक्ष प्रतिवेदन पेश भएपछि आयोगबाट छलफल हुंदा हुदा दायर गर्ने निर्णय भएमा अनुसन्धान अधिकृतलाई नै वा अन्य श्री ५ को सरकारकी अधिकृतलाई तोकिएकी अदालत समक्ष मुद्दा दायर गर्ने आदेश दिइन्छ र अन्य कारवाई गर्नु पर्ने निर्णय भएमा सचिवद्वारा आयोगको निर्णय कार्यान्वयन गरिन्छ ।

आयोगको निर्णय कार्यान्वयन गर्ने प्रयोजनका लागि श्री ५ को सरकारद्वारा नियुक्त सचिव आयोगको सचिव रहने व्यवस्था छ । आयोगका महाशाखाबाट तोकिए बमोजिमको कार्य भई सकेपछि सचिव मार्फत् सम्बन्धित आयुक्त समक्ष पेश भई सम्बन्धित आयुक्तबाट आयोग मा पेश गर्ने आदेश भएका विषयहरु सचिव मार्फत् आयोगमा पेश गरिन्छ । आयोगमा पेश गरिने विषयहरु सामान्यतया एकदिन अगावै सचिवद्वारा आयुक्तहरुमा वितरण गरिने गर्दछ । अन्यथा भएकोमा वा विषयको जटिलता एवं शीघ्रता हेरी प्रमुख आयुक्तले आदेश दिएमा बाहेक पनि समयमा आयोग बस्न सकने अवस्था बाहेक हप्ताको एकदिन मंगलबार आयोगको बैठक बस्ने गर्दछ । बैठकमा पेश गरिने विषयमा आयोगले सम्बन्धित आयुक्तबाटै कारवाई किनारा गर्ने गरी अधिकार प्रत्यायोजन गरेको विषय, आयोग समक्ष मुद्दा दायर गर्ने गरी नियमद्वारा तय गरिएका विषय र प्रशासनिक विषय बाहेक अन्य सबै अनुचित कार्य र भ्रष्टाचार सम्बन्धी अनुसन्धान तहकिकात भएको विषय आयोग समक्ष प्रस्तुत गरिन्छ । आ.व. २०५०।०५१ को

अवधिमा आयोगको बैठक ४४ दिन बसेको थियो । यी बैठकहरूबाट जम्मा ९०६ निर्णयहरू भएका थिए ।

६. आयोग र महाशाखा बीचको सम्पर्क :

सार्वजनिक पद धारण गरेका व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरेमा तिनीहरू उपर अनुसन्धान तहकिकात गर्ने कार्यमा प्रत्यक्ष रूपमा महाशाखा संलग्न हुनुको साथै आयुक्तहरूको रेखदेख र नियन्त्रणमा महाशाखा प्रमुख वा आयोग वा आयुक्तले तोकेका अन्य अधिकृत विवाद वा अनुसन्धान अधिकृत भई काम गर्ने हुँदा अनुसन्धानको विषयमा संलग्न रहने महाशाखा प्रमुख वा तोकिएको अधिकृत र आयोग बीचको सम्पर्कलाई निकटतम राखी कार्य संचालन गरिन्छ । हुने पनि महाशाखा प्रमुखबाट पेश भएको विवादमा सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएपछि सो पेश हुने दिन सचिव मार्फत सम्बन्धित महाशाखा प्रमुख र आवश्यकता भए तत्सम्बन्धी विषयमा जानकारी राख्ने अन्य अधिकृतलाई सूचना गरी आयोगमा बोलाइन्छ । आयोग समक्ष निज महाशाखा प्रमुखले आफूले अनुसन्धान तहकिकात गर्दा भए गरेका सम्पूर्ण कार्य पेश गरेपछि आयुक्तहरूद्वारा सो विवादमा हुने ढङ्ग स्पष्ट गराउन चाहेमा सो पनि महाशाखा प्रमुखद्वारा स्पष्ट गराइन्छ ।

७. भ्रष्टाचार र अनुचित कार्यमा परेका उजुरीको प्रारम्भिक अनुसन्धान गरिरहेको मन्त्रालयगत संख्या :

सार्वजनिक पद धारण गरेका व्यक्तिबाट अख्तियारको दुरुपयोग गरी हुन सक्ने अनुचित कार्य र भ्रष्टाचारका विषयमा अनुसन्धान गर्ने जिम्मेवारी संविधानले आयोगलाई सुम्पेको र त्यस्तो अनुसन्धान कानून बमोजिम गर्नु पर्ने प्रावधान अनुसार अनुसन्धानको कारवाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र सोको नियमावली अनुसार सम्पादित हुन्छन् । साथै आयोगले आफ्नो कार्यविधि व्यवस्था गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०५० स्वीकृत गरी लागु गरेको छ । ऐनले आयोग समक्ष परेका उजुरी उपर प्रारम्भिक छानविन र अनुसन्धान तहकिकात गरी दुई चरणमा विभाजित गरेको हुंदा आयोगद्वारा पनि सोही अनुसार प्रारम्भिक छानविनको काम गरिन्छ । प्रारम्भिक छानविनको हद सीमा र प्रकृति भाई ऐन वा नियमले यो यति हद र सीमासम्म गरिने कार्य भनी स्पष्ट नगरेको भएता पनि कामको प्रकृतिको हिसाबबाट मूलत: तथ्यको निरुपण प्रारम्भिक छानविनबाट गरिन्छ । अनुसन्धान तहकिकातको प्रारुप बनाउने प्रारम्भिक छानविनले नै उजुरीको औचित्य र आयोग-द्वारा सो विषयमा कारवाई गर्नु पर्ने वा नपर्ने के हो त्यसको निरुपण गर्ने भएकाले समग्रमा प्रारम्भिक छानविनबाटै आयोगले आफ्नो अधिकार क्षेत्र ग्रहण गर्ने वा नगर्ने द्वारालाई टुंगो लाग्छ । प्रारम्भिक छानविनको क्रममा निम्न द्वाराहरुको निरुपण गरिन्छ ।

क) निवेदन उजुरीको प्रकृति कस्तो छ ?

ख) उजुरी निवेदन आयोगको अधिकार क्षेत्र भित्र पर्छ पर्दैन ?

ग) निवेदनमा उल्लेखित द्वाराका सम्बन्धमा के कस्तो भएको हो ?

घ) भए गरेको हो भने कुन कुन निकायमा कुन कुन अधिकारी वा पदाधिकारी त्यसमा संलग्न छन् ?

ङ०) उजुर गर्ने व्यक्ति सरोकारवाला हो वा अन्य ?

च) विवादास्पद कार्य गर्ने अधिकारीको निर्णयले कसलाई के कस्तो हानी नोक्सानी वा क्षति भएको ?

छ) निवेदन उजुरीमा उल्लेखित अपराधजन्य कार्य बारे कुनै अड्डा अदालतमा मुद्दा मामिला चलिरहेको वा भैसकेको निर्णय भएको वा त्यस सम्बन्धमा कुनै

विभागीय कारवाई भएको छ कि ?

ज) अपराधजनित कार्य कहिले भएको, हदम्याद भित्रको उजूरी हो होइन ? जस्ता कुराहरूको प्रारम्भिक छानविन पछि मात्र अनुसन्धान तहकिकातको खण्ड आउने हुंदा वास्तवमा प्रारम्भिक अनुसन्धानले नै अनुसन्धान गर्ने वा नगर्ने कुराको निर्क्योल गर्दछ ।

प्रारम्भिक अनुसन्धानको सिलसिलामा छानविनको कारवाई गर्दा त्यस्तो कारवाई गर्ने छानविन अधिकृतले अनुसन्धान तहकिकात गर्दा आयोगले प्रयोग गर्ने अख्तियारी नै प्रयोग गर्ने भएता पनि छानविनको प्रारम्भिक अवस्था रहनुका अतिरिक्त छानविन गरिनु पर्ने प्रमाण नष्ट हुन सक्ने सम्भाव्यतालाई समेत विचार गरी सो कारवाई गोप्य रहने कानूनी व्यवस्था छ ।

वर्तमान अवस्थामा अनुचित कार्य र भ्रष्टाचार सम्बन्धमा श्री ५ को सरकारका विभिन्न मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय एवं संस्थानहरूमा समेत गरी अनुचित कार्य र भ्रष्टाचार सम्बन्धमा परेका निम्न लिखित विषयगत उजूरीहरू उपर आयोगद्वारा प्रारम्भिक छानविनको कार्य भइरहेको छ । एउटै विषयमा विभिन्न व्यक्तिले उजूरी गर्ने गरेका र एउटा उजूरीलाई नै विभिन्न ठाउंमा पठाएको भएता पनि ती ठाउंहरूबाट समेत आयोगमा प्राप्त भई दर्ता हुने गरेकाले उजूरी संख्या र कारवाई प्रारम्भ गरिएको संख्या नमिल्ने हुन्छ ।

प्रारम्भिक अनुसन्धान भइरहेको

सि. नं.	मन्त्रालयहरूको नाम	प्रारम्भिक अनुसन्धान भइरहेको संख्या
१.	मन्त्रिपरिषद् सचिवालय	-
२.	अर्थ मन्त्रालय र अन्तर्गत	११
३.	आपूर्ति मन्त्रालय र अन्तर्गत	१५
४.	आवास तथा भौतिक योजना मन्त्रालय र अन्तर्गत	४०
५.	उद्योग मन्त्रालय र अन्तर्गत	१७
६.	कृषि मन्त्रालय र अन्तर्गत	२४
७.	कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र अन्तर्गत	३

८.	गृह मन्त्रालय र अन्तर्गत	९६
९.	जलस्रोत मन्त्रालय र अन्तर्गत	३५
१०.	परराष्ट्र मन्त्रालय र अन्तर्गत	१
११.	भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तर्गत	५७
१२.	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तर्गत	७
१३.	निर्माण तथा यातायात मन्त्रालय र अन्तर्गत	६
१४.	वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गत	२६
१५.	रक्षा मन्त्रालय र अन्तर्गत	-
१६.	वाणिज्य मन्त्रालय र अन्तर्गत	२
१७.	स्थानीय विकास मन्त्रालय र अन्तर्गत	२६
१८.	स्वास्थ्य मन्त्रालय र अन्तर्गत	३१
१९.	सामान्य प्रशासन मन्त्रालय र अन्तर्गत	१
२०.	सूचना तथा संचार मन्त्रालय र अन्तर्गत	१६
२१.	शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय र अन्तर्गत	५७
२२.	श्रम मन्त्रालय र अन्तर्गत	-
	जम्मा :	३९४

(तीन सय चौरानब्बे)

८. हालसम्म अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान भइरहेका विषयको संक्षिप्त विवरण :

१. राष्ट्रिय वाणिज्य बैंकका तत्कालिन महाप्रबन्धकले विभिन्न कर्जा मागको निवेदनमा ठाडो तोक आदेश लगाई करोडौं रुपैयाको ओभरड्राफ्ट र हाइपोथिकेशन इत्यादि सुविधा प्रदान गर्दा अनियमित कार्यका साथै गैर कानूनी काम कारवाई गरी भ्रष्टाचार गरेको भन्ने निवेदन उपर मिति २०४९।३।२९ मा अनुसन्धान अधिकृत नियुक्त भै अनुसंधान विवरण आयोग समक्ष पेश गर्दा वाणिज्य बैंकबाट निकर्यौल गर्ने पर्ने देखिएका हुदा जति बैंकबाट निकर्यौल गरी आएपछि पुनः कारवाई शुरु गर्ने निर्णय भै सोही अनुसार बैंकलाई लेखि गरेको छ । साथै तत्सम्बन्धी कारवाई फछ्यौट सार्विक अख्तियार दुरुपयोग निवारण आयोग समेतलाई विषयगत बनाई सम्मानित सर्वोच्च अदालत समक्ष निज महाप्रबन्धकले दिएको रीट निवेदनको सिलसिलामा सम्मानित अदालतबाट माग भै आए बमोजिम श्री महान्यायाधिवक्ता कार्यालय मार्फत सकलै मिसिल पठाइएकोमा फिर्ता भै आई नसकेको र राष्ट्रिय वाणिज्य बैंकबाट पनि आयोगबाट माग भएको यकिन विवरण प्राप्त भई नसकेकोले फछ्यौट हुन बाँकी रहेको ।

२. दुवाकोट जिल्ला तत्कालिन चतुरासे गा.पं.वार्ड नं.६ र ९ को विभिन्न किता नं.का जग्गासमेत परापूर्वकाल देखि नै वन जंगल भएको र नापीको समयमा समेत सरकारी वन जंगल कायम भएकोमा विभिन्न पदाधिकारीहरुको मिलीभतोमा विभिन्न व्यक्तिको नाममा दर्ता गराई राष्ट्रिय वन जंगल हिनामिना गरेको भन्ने उजुरी उपर मिति २०४९।११।२५ मा अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान तहकिकात भै रहेकोमा उक्त विषयमा उजुरी परेको हो सो विषयको जग्गा मध्ये ५ को सरकारले जफत गरि सकेको र त्यस उपर सम्मानित सर्वोच्च अदालतमा रीट निवेदन परेको । सो रीट निवेदन परेको कारणले श्री ५ को सरकारले समेत रीट परे जतिमा तत्काल कार्यान्वयन नगर्ने नीति रहेको भनी यस आयोगलाई जानकारी गराएको हुंदा हाललाई मूल विषय मा विवाद भइरहेकोले सोको टुंगो नलागेसम्म यस सम्बन्धी कारवाईलाई मुल्तवीमा राख्ने आयोगबाट निर्णय भएकोले फछ्यौट हुन बाँकी रहेको ।

३. शाही भैरव वासुदेवा निगममा व्यक्तिगत स्वार्थ पूरा गर्ने उद्देश्यले विभिन्न कम्पनीमेण्ट्रा खरीद गरेका भन्ने उजुरी उपर मिति २०५०।१२।२५ मा अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान भइरहेको ।

४. तत्कालिन जिल्ला प्रशासन कार्यालय, ललितपुरका प्र.जि.अ.ले विदेशी नागरिकलाई नेपाली वंशजको नागरिकता दिई भ्रष्टाचार समेत गरेको भन्ने उजुरी उपर मिति २०५१।२।१६ मा अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान भइरहेको ।

५. श्रम संस्थान उपशाखा, सोलुमा ठेकेदारले कम मामल ढुवानी गरी भुक्तानी बढी मामल को भरपाई गराएकोमा निवेदन दिई कारवाई चलिरहेको अवस्थामा ठेकेदारले राखेको धरौटी तत्कालिन का.मु.प्र.जि.अ.ले आफ्नो खल्तीमा राखी भ्रष्टाचार गरे भन्ने उजुरी उपर मिति २०५१।१।२३ मा अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान भइरहेको ।

६. जिल्ला प्रशासन कार्यालय मोरंगका तत्कालिन प्र.जि.अ.ले राजस्थान निवासी भारतीय लाई वंशजको नाताले नेपालको नागरिकता दिएको भन्ने उजुरी उपर मिति २०५०।१२।२३ मा अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान भइरहेको ।

७. चारआली-इलाम सडकका तत्कालिन प्रोजेक्ट डाइरेक्टरले पिण्डररोड प्रोजेक्टका लागि प्रति गाडी प्रति महिना रु.४५,०००।- दिने गरी भाडामा लिएकोमा एउटा मात्र गाडी प्रयोग गरी अनावश्यक रुपमा गाडी भाडामा लिएको देखाई भ्रष्टाचार गरे भन्ने उजुरी उपर मिति २०५०।७।२ मा अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान भइरहेको ।

८. नेपाल कोल लिमिटेडका तत्कालिन उच्च पदस्थ कर्मचारीले धी ५ को सरकारको निर्णय एवं नीति विपरित व्यक्तिगत स्वार्थको लागि अख्तियार दुरुपयोग गरी विभिन्न सुविधा वापत रकम खाएको भन्ने उजुरीका सम्बन्धमा मिति २०५०।११।१२ मा अनुसंधान अधिकृत नियुक्त भै अनुसन्धान भइरहेको ।

९. नेपाल कोल लिमिटेडका तत्कालिन पदाधिकारीहरुले कोइला आयात, बोक्स लाइनेन्स वितरण गर्दा अनुचित लाभ लिई भ्रष्टाचार गरेको, घर भाडा र पेइकी रकम गैर कानूनी तवरले लिएको भन्ने विभिन्न उजुरी निवेदन उपर मिति २०५०।८।२७ मा अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान भइरहेको ।

१०. राष्ट्रिय वाणिज्य बैंक, रानी शाखाबाट एभरेष्ट इण्डष्ट्रीज प्रा.लि.ले सगरमाथा काष्ठ उपोग तथा अन्यलाई स्वीकृत रकम भन्दा बढी कर्जा प्रवाह गरेको र एउटै अचल संपत्ति विभिन्न शाखामा धितो रहेकोमा सोको निरीक्षण नै नगरी सो अचल सम्पत्ति धितो लिई विभिन्न अनियमित तथा धाँधली गरी अख्तियारको दुरुपयोग गरेकोमा केन्द्रीय कार्यालयबाट हुने कारवाई नगरी आफ्नो जिम्मेवारी पन्छाई अख्तियारको दुरुपयोग

गरे भन्ने विषयमा मिति २०५०।३।२२ मा अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान भइरहेको ।

११. नेपाल आयल निगमका तत्कालिन महाप्रबन्धक समेतले विटुमिन ढुवानी गर्दा अनियमित कार्य गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा मिति २०५०।१०।२४ मा अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान भइरहेको ।

१२. नेपाल खानेपानी संस्थानले जी.आई.पाईप, ट्रान्सफरमर, सबमर्सिबल पम्प र पम्पका सामान, मोटर, मोटर साईकल आदि खरीद गर्दा नियम विपरित खरीद गरी भ्रष्टाचार समेत गरे भन्ने विषयमा मिति २०४९।२।६ मा अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान भइरहेकोमा श्री ५ को सरकारले यस संस्थानमा अनियमितता र भ्रष्टाचार भएको भन्ने जनगुनासो भएको सम्बन्धमा छानविन गर्न आयोग गठन गरेको हुंदा सो आयोगको प्रतिवेदन समेत अध्ययन गरी अग्रिम कारवाई गर्ने गरी यस आयोगको कारवाई मुल्तवीमा रहेकोमा हाल छानविन आयोगको प्रतिवेदन प्राप्त भएकोले सो समेत अध्ययन गरी अग्रिम अनुसन्धान भइरहेको ।

१३. नेपाल खानेपानी संस्थानले काठमाडौं र ललितपुरका विभिन्न स्थानमा ढल निर्माण कार्य गर्दा गराउंदा डिजाइन, इष्टिमेट हजुवाको भरमा फिल्ड मै तयार गरी गर्न लगाई करोडौंको भ्रष्टाचार गरे भन्ने समेत विषयमा मिति २०४९।३।३ मा अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान भइरहेकोमा यस संस्थान उपरको जनगुनासोको सम्बन्धमा छानविन गर्न श्री ५ को सरकारबाट आयोग गठन भएको कारण अनुसन्धान कार्य स्थगित भएकोमा हाल छानविन आयोगको प्रतिवेदन प्राप्त भएकाले सो समेत अध्ययन गरी अग्रिम अनुसंधान भइरहेको ।

१४. तामुरा एलिडेड लगायतका मालसामान तथा नक्सा छपाई गर्ने सामानहरू खरीद गर्दा र नक्सा छपाईको पेश्की फछ्र्यौट नियमानुसार नगरी प्राप्त अधिकारको दुरुपयोग एवं भ्रष्टाचार समेत भए गरेको भनी स्थलरूप नापी महाशाखा समेत उपर परेको उजुरीको विषयमा मिति २०४९।३।२३ मा अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान भइरहेको ।

१५. वन तथा भू संरक्षण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग तथा श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष समेतबाट २५ वटा गैंडा हस्तान्तरण गर्दा र गैंडा उपहार स्वरूप प्रदान गर्दा अनियमित कार्य समेत गरी व्यापक भ्रष्टाचार भए गरेको भन्ने

सम्बन्धमा मिति २०४९।३।१८ मा अनुसन्धान अधिकृत निमुक्त भै अनुसन्धान भइरहेको ।

१६. नेपाल बैंक लिमिटेडले एभरेष्ट एयरलाई १४ लाख अमेरिकी डलर बैंकको नियम विपरित गैर कानूनी तवरले थिती कर्जा उपलब्ध गराउने निर्णय गरी ने.बै.लि.लाई नोक्सानी पु-याउने अनियमित कार्य गरेको भन्ने समेत विषयमा मिति २०४९।६।२८ मा अनुसंधान अधिकृत निमुक्त भै अनुसन्धान भइरहेको ।

१७. कृषि सामग्री संस्थानमा मल ढुवानी र मल नोक्सानीको बीमा दावी समेतको सम्बन्धमा अनियमित गरी भ्रष्टाचार गरेको भन्ने निवेदन उपर मिति २०५०।१०।२६ मा अनुसन्धान अधिकृत निमुक्त भै अनुसन्धान भइरहेको ।

१८. शाही नेपाल वायुसेवा निगम इन्जिनियरिंग विभाग अन्तर्गत हवाई जहाजको सी चेक एम्रो मर्मत र विभिन्न मालसामान खरीद गरेको सम्बन्धमा मिति २०५०।११।२ मा अनुसन्धान अधिकृत निमुक्त भै अनुसन्धान भइरहेको । यसै निगमको काम कारवाई उपर छानविन गर्न श्री प्रचण्डराज अनिलको अध्यक्षतामा गठित आयोगले दिएको प्रतिवेदनमा उल्लेखित पदाधिकारीहरुलाई कानूनी कारवाईको लागि मी ५ को सरकारबाट अनुरोध भई आए बमोजिम भ्रष्टाचार सम्बन्धी ढुरामा समेत अनुसन्धान भइरहेको ।

१९ रा.वा.बैंक, भैतीदेवी शाखाबाट कर्जा लगानी र असुली गर्दा अनियमितता गरी भ्रष्टाचार गरे भन्ने निवेदन सम्बन्धमा मिति २०५०।१०।२८ मा अनुसन्धान अधिकृत निमुक्त भै अनुसन्धान भइरहेको ।

२०. रा.वा.बैंक, विराटनगर शाखा र रानी शाखाका तत्कालिन प्रबन्धकले नेपाल टेक्निंग इण्डष्ट्रीज प्रा.लि.लाई गरेको ऋण लगानीमा धरपर्दो थितो नलिई अनियमित कार्य गरी भ्रष्टाचार गरे भन्ने निवेदन सम्बन्धमा मिति २०५०।१०।२१ मा अनुसन्धान अधिकृत निमुक्त भै अनुसन्धान भइरहेको ।

२१. कृषि प्रसार आयोजनाले कृषि शाखा कपिलवस्तुको भवन निर्माण गर्दा भ्रष्टाचार गरे भन्ने सम्बन्धमा मिति २०४९।९।४ मा अनुसन्धान अधिकृत निमुक्त भै अनुसन्धान भइरहेको ।

२२. पोखराको धम्पुस थिताल सामेसानी आयोजनामा लाखौंको भ्रष्टाचार भयो भन्ने सम्बन्धमा मिति २०५०।६।१५ मा अनुसन्धान अधिकृत निमुक्त भै अनुसन्धान भइरहेको ।

२३. सडक विभाग, आयोजना निर्देशनालय (एशियाली विकास परियोजना) मा गाडी भाडा मा लिंदा भ्रष्टाचार गरे भन्ने विषयमा मिति २०५०।७।२ मा अनुसन्धान अधिकृत निमुक्त भै अनुसन्धान भइरहेको ।

२४. सी.टी.इ.भि.टी.ले प्राविधिक शिक्षालयहरू निर्माण गराउने कार्यमा प्रिक्वालिफाइड गर्दा भ्रष्टाचार गरे भन्ने विषयमा मिति २०५०।८।६ मा अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान भइरहेको ।

२५. सुनसरी मोरंग सिंचाई योजनाको १०.एम.एम.र १२ एम.एम.को फलामे छड हिनामिना गरी भ्रष्टाचार गरे भन्ने विषयमा मिति २०५०।९।१५ मा अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान भइरहेको ।

२६. जिल्ला विकास समिति, पर्सामा भाडा, गाडी भर्मत, ट्याक्टर भाडा र योजनाहरू ठेक्का दिंदा समेतमा भ्रष्टाचार गरे भन्ने विषयमा मिति २०५१।१।२० मा अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान भइरहेको ।

२७. वारा जिल्लाका तत्कालिन जि.पं.स.संग मिलोमतो गरी पुल निर्माणका लागि लिएको काठ पुल नै निर्माण नगरी बिक्री गरी भ्रष्टाचार गरे भन्ने विषयमा मिति २०५१।२।२५ मा अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान भइरहेको ।

२८. स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखा टेकूबाट विदेशी दातृ संस्थाको विक्रिय सहयोगमा ग्रामीण स्वास्थ्य कार्यक्रम अन्तर्गत संचालित स्वयंसेवक साइन बोर्ड तथा ब्याज तयार पार्न भएको बोलपत्रमा अनियमितता भएको भन्ने उजूरी उपर मिति २०५१।२।१३ मा अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान भइरहेको ।

२९. स्वास्थ्य सेवा विभाग, आपूर्ति महाशाखा टेकूबाट औषधी आपूर्ति गर्ने कामको लागि विज्ञापन प्रकाशित गरी औषधी, सर्जिकल तथा केमिकल सामानको बोलपत्रमा अनियमितता भएको भन्ने उजूरी उपर मिति २०५१।२।१५ मा अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान भइरहेको ।

३०. तत्कालिन नेपाल व्यापार कम्पनी नारायणी प्रा.लि.का महाप्रबन्धक समेतले कम्पनीको नामको आयात इजाजत पत्र व्यापारीलाई बिक्री गरी भ्रष्टाचार गरेको भन्ने उजूरी उपर मिति २०४९।११।३ मा अनुसन्धान अधिकृत नियुक्त भै छानबिन गर्दा उक्त कम्पनी स्थापना भए देखि नै कम्पनीको लेखापरीक्षण भएको नदेखिंदा लेखा परीक्षण गर्ने व्यवस्था मिलाई सोको प्रतिवेदन प्राप्त भएपछि अग्रीम कारवाई गर्ने गरी आयोगबाट निर्णय भएकोमा सम्बन्धित निकायमा दुई महिना भित्र लेखापरीक्षण कार्य सम्पन्न गरी प्रतिवेदन यस आयोगमा पठाउन सबकल फाइल सहित फिर्ता पठाएकोमा हालसम्म प्राप्त हुन नआएकोले फछ्र्यौट हुन बांकी रहेको ।

६. अदालत समक्ष मुद्दा दायर भएका विवरण :

१. राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालय काठमाडौंबाट कर्जा प्रवाह भएका ऋणी न्यू शिवभक्त इन्टरनेशनलका प्रो.शिवप्रसाद भट्टराईसंग सम्बन्धित ऋणका सम्बन्धमा बैंकका कर्मचारीको मिलीभतोमा गोदाममा रहेको थिती समेत हिनामिना गरी भ्रष्टाचार गरे भन्ने उजुरी निवेदन उपर अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान तहकिकात गरिंदा न्यू शिवभक्त इन्टरनेशनलका प्रो.शिवप्रसाद भट्टराईलाई रा.वा.बैंक मुख्य शाखा कार्यालय, काठमाडौंबाट मिति २०४३।६।२३ मा ऋण नं.२२।६६ अन्तर्गत रु.५०,०००।- र मिति २०४३।७।२४ मा ऋण नं.कपडा २२।६४ बाट रु.१,५०,०००।- गरी जम्मा रु.२,००,०००।- (दुई लाख) कपडा थितो राखी कर्जा प्रवाह भएको पाइयो । अनुसन्धान तहकिकातको सिलसिलामा छानविन गरिंदा निज ऋणीले कर्जा लिंदा थितो राखेका कपडा गोदाम रहेको भनिएको स्थानमा सरकारी प्रतिनिधि समेतको रोहवरमा गई हेरिंदा सामानहरु नभेटाइएको भन्ने बैंकको प्रतिवेदन रहेको देखियो । कर्जा प्रवाह गर्दा ऋणीको नाममा बैंकको केन्द्रीय कार्यालयबाट दुई लाख रुपैयाको सीमा स्वीकृति दिएको र सो स्वीकृति दिंदा नै कर्जा सुरक्षित हुने गरी बैंकको पक्षमा अचल सम्पत्ति पास गराई मात्र कारोबार गराउनु हुनेछ भनी शाखा कार्यालयलाई निर्देशन भएकोमा ऋणीबाट रु.२६,७१८।७५ मूल्यांकन भएको जग्गासम्म मात्र बैंकको नाममा दृष्टिबन्धक पारित गराई लिएको पाइयो ।

प्रस्तुत विवादमा ऋणी र तत्काल बैंकका जिम्मेवार तहमा रहेका कर्मचारीहरुले एक आपसमा मिलीभतो गरी वाणिज्य बैंकलाई हानी र आफूहरुलाई गैर कानूनी लाभ पु-याउने बदनियतले नेपाल कानून जानी जानी पालना नगरी कर्जा प्रवाह गर्दाको थिती समेत हिनामिना गरी केन्द्रीय कार्यालयबाट बैंकको पक्षमा अचल सम्पत्ति पास गराई मात्र कारोबार गर्ने निर्देशन विपरित कार्य गरी बैंकलाई हानी पु-याएको तथ्यबाट देखियो । यस गैर कानूनी कार्यबाट बैंकलाई के कति हानी नोक्सानी पुग्न गएको हो भन्ने सम्बन्धमा तत्काल अख्तियार दुरुपयोग निवारण आयोगमा उजुरी परी अनुसन्धान तहकिकातको सिलसिलामा बैंकबाट उपलब्ध २०४५ पौष मसान्तसम्मको कर्जा नं.२२।६६ तर्फ रु.८१,१३५।५१ एवं कर्जा नं.२२।६४ तर्फको रु.२,३५,०७१।७६ गरी हुने जम्मा साँवा ब्याज रु.३,१६,२०७।२७ र प्रस्तुत मुद्दा पर्नसक्ने भै कार्यान्वयन अवस्थासम्मको ब्याज समेतलाई

बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम सो कार्यमा संलग्न निम्न लिखित व्यक्तिहरूलाई निम्नानुसारको कैद तथा सजाय गरी बिगो समेत असुल उपर गरि दिने माग दावी लिई पुनरावेदन अदालत, ललितपुर समक्ष मुद्दा दायर गरिएको छ ।

क) प्रस्तुत विवादमा न्यू शिवभट्ट इन्टरनेशनलको नामबाट आफ्नो नाममा फर्म दर्ता गरी आफैले बैंकबाट ऋण प्राप्त गर्न दरखास्त दिने, ऋणको तमसुक तथा प्रमिसरी नोट लगायतका कागजातमा स्वयं दस्तखत गरी कर्जा लिने ऋणी शिवप्रसाद भट्टराई ले आर्थिक प्रलोभनमा परी बैंकका कर्मचारीसंगको मिलोमतोमा आफू र मिलोमतो का व्यक्तिहरूलाई गैर कानूनी लाभ र श्री ५ को सरकारको स्वामित्व भएको बैंक लाई हानी नोक्सानी पु-याउने कार्य गरेको प्रमाणित हुन आएकोले निज उपर भ्र.नि.ऐन, २०१७ को दफा २९(१) बमोजिम बिगो असुल गरि दिई सोही ऐन को दफा २९(२) बमोजिमको जरिवाना र दफा ८ बमोजिम हदैसम्मको कैद सजाय समेतको माग दावी गरिएको छ ।

ख) उल्लेखित ऋण प्रवाह र असुली सम्बन्धी कार्यमा जिम्मेवार तहमा कार्य गर्ने तत्कालिन प्रबन्धक बुद्धिसागर उपाध्याय, तत्कालिन एकाउन्टेण्ट (विवादास्पद कर्जा प्रवाहमा मेनेजरको रूपमा सही गर्ने) नरेन्द्र बहादुर प्रधान एवं कर्जा इन्चार्ज रामबाबु काफ्लेले ऋणीसंगको मिलोमतो र आर्थिक प्रलोभनमा परी आफू र ऋणीलाई गैर कानूनी लाभ र वाणिज्य बैंकलाई हानी पु-याउने बदनियतले नेपाल कानून जानी जानी पालना नगरी बैंकको लगानी सुरक्षित हुने गरी वाणिज्य बैंक ऐन, नियम केन्द्रीय कार्यालयको निर्देशन एवं मौजूदा बैंकिंग कार्यविधि अनुसार मात्र कर्जा प्रवाह गर्नु पर्नेमा सो विपरित कार्य गरी गराई बैंकलाई हानी पु-याए-को तथ्यबाट देखियो । अतः निजहरू उपर भ्र.नि.ऐन, २०१७ को दफा ७(२) बमोजिम हदैसम्मको कैद र दफा २९(२) बमोजिम जरिवानाको माग दावी लिई ऋणीबाट माग दावी लिएको बिगो रकम ऋणीबाट असुल उपर हुन नसकेमा बैंक लाई हानी नोक्सानी भएको उक्त रकम कर्जा प्रवाहमा सम्पूर्ण जिम्मेवारी वहन गर्नु पर्ने निज बुद्धिसागर उपाध्यायबाट कर्जा नं.२२।६९ तर्फको बिगो एवं निज नरेन्द्र बहादुर प्रधानसंग कर्जा नं.२२।९४ तर्फको बिगो भ्र.नि.ऐन, २०१७ को दफा १३ बमोजिम असुल गरी दिने माग गरी सोही ऐनको दफा २९(२) बमो-

जिम्मको जरिवाना र दफा ७(२) बमोजिम कैद सजाय समेतको माग दावी लिइएको ।

ग) उल्लेखित कर्जा प्रवाहमा संलग्न देखिएका गोदाम रक्षक बद्रिप्रसाद पुन्याल पनि सो गैर कानूनी कार्यमा सहभागी रहेको देखिए । तथापि निजले यस कार्यबाट के कति आर्थिक लाभ लिएको थिए वा कति बिगो लिन बाँकु गरे भनी अंक खुलन नआएको र बैंकलाई हानी नोक्सानी भएको रकम कुनै एवं तत्कालिन प्रबन्धकबाट माग दावी लिएको हुंदा निज उपर भ्र.नि.ऐन बमोजिम कैद सजाय एवं जरिवानाको माग दावी लिन पर्ने हो तर हाल निजको मृत्यु भै भएकेको भन्ने जानकारी भएकोले खुने दावी लिइरहन पर्ने देखिएन ।

घ) अभियोग लगाई मुद्दा चलाइएका बहालवाला कर्मचारीहरु उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ९७ बमोजिम स्वत: निलम्बन हुने हुंदा सो बमोजिम गर्ने अख्तियारवाला समक्ष लेखि पठाइएको ।

२. तत्कालिन वन तथा भू संरक्षण मन्त्री श्री हेमबहादुर मल्लले हन्थन संस्थानको दाउरा सो संस्थानको संचालक समितिले निर्धारण गरेको परिमाण भन्दा बढी परिमाणमा विभिन्न व्यक्तिहरु समेतलाई उपलब्ध गराउन मौका आदेश गरी दिएको र सो अनुसार बढी परिमाणमा दाउरा उपलब्ध गराउंदा श्री ५ को सरकारको स्वामित्वमा रहेको हन्थन संस्थानको सम्पत्तिको दुरुपयोग हुन गई संस्थानलाई आर्थिक हानी हुने र अन्य व्यक्तिहरुलाई अनुचित लाभ पुऱ्याउने गरी अख्तियार दुरुपयोग गरेको भन्ने सम्बन्धमा तत्कालिन अ.दु.नि.आयोग समक्ष परेको उजुरी उपर छानविन अधिकृत तोकिई निजबाट छानविन कारवाई प्रारम्भ गरेकोमा सांविक आयोग विघटन भै यस आयोगमा सरी आएको मिसिलमा अनुसन्धान अधिकृत नियुक्त गरी अनुसन्धान तहकिकात गरिएकोमा तत्कालिन वन तथा भू संरक्षण मन्त्री हेमबहादुर मल्लले वि.सं. २०४३ र २०४४ सालमा विभिन्न उद्योगको लागि जर्ना (दाउरा) पाउं भनी निवेदन दिने व्यक्ति एवं उद्योगपतिलाई दाउरा उपलब्ध गराई दिन सरकारी स्वामित्वमा रहेको हन्थन संस्थानमा मौका आदेश दिएको रहेछ ।

हन्थन संस्थान, संस्थान ऐन बमोजिम स्थापित संस्थान भएको, संस्थानले श्री ५ को सरकारबाट वन क्षेत्र कटान मै बिक्री वितरण गर्ने पाएको दाउरा संचालक समितिले २०४३।७।१० मा निर्णय गरी विभिन्न उद्योगहरुलाई उद्योगको क्षमता र आवश्यकताको

आधारमा निश्चित परिमाणमा दाउरा उपलब्ध गराउने नीति निर्धारण गरेको देखिन्छ । तर संस्थानका तत्कालिन महाप्रबन्धक सेमन्त प्रसाद रेग्मीले मिति २०४३।७।१६ मा मन्त्रीलाई सम्बोधन गरी यस संस्थानको संचालक समितिबाट मिति २०४३।७।१० मा भएको निर्णय अनुसार उपभोगलाई दाउरा उपलब्ध गराउँदा तौकिएको परिमाणबाट उपभोग संचालनार्थ न्यून भएको कारण दर्शाई उपभोगतिहरुले बढी परिमाणमा दाउरा दिलाई दिनको निम्ति वन तथा भू संरक्षण मन्त्री ज्यू समक्ष निवेदन पेश गरी सोही बमोजिम ने संचालक समितिले निर्णय गरी तौकि दिएको परिमाण भन्दा बढी तौक आदेश आउने संभावनालाई दृष्टिगत गर्दै त्यस प्रकारको बढी परिमाणको दाउरा उपलब्ध गराउन व्यवस्थापनको अधिकार क्षेत्र भित्र नभएको हुँदा बढी परिमाणमा उपलब्ध गराउनका तौक आदेश भै आएमा व्यवस्थापनले उक्त तौक आदेश बमोजिमको दाउरा उपलब्ध गराउने सम्बन्धमा निर्णय हुन माननीय वन तथा भू संरक्षण मन्त्रीज्यूबाट सदर स्वीकृतिको लागि यो टिप्पणी पेश गरेको हु भन्ने व्यहोराको टिप्पणी पेश गरी तत्कालिन विभागीय मन्त्री ऐमबहादुर मललबाट मिति २०४३।७।२४ मा यसै अनुरुप निर्णय भएको देखियो । यसबाट तत्कालिन महाप्रबन्धकले यदि उपभोगलाई दाउरा उपलब्ध गराउन संचालक समितिले दिएको निर्णयबाट कमी महशुस गरेको भए आफू समेत रहेको संचालक समितिमा पेश गरि परिमाण बढाउन पर्ने अथवा संचालक समिति भन्दा माथिका पदाधिकारीबाट तौक आदेश भै आएको र त्यसको तौक आदेशबाट संचालक समितिले तोकेको परिमाण भन्दा बढी दाउरा दिनु पर्ने भएमा पुनः संचालक समितिमा पेश गरी निर्णय लिनु पर्ने र भएको निर्णय बमोजिम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी पनि निज महाप्रबन्धकको भएकोमा निजले आफूसंग भएको अख्तियारी नाघी विभागीय मन्त्रीमा पेश हुने टिप्पणी आफू भन्दा माथिल्लो निकायको रुपमा रहेको विभाग, मन्त्रालय मार्फत लानु पर्ने प्रक्रिया समेतको विपरित संचालक समितिले संस्थानको दाउरा बिक्री वितरण गर्ने निश्चित प्रक्रिया अपनाई सोही बमोजिम कार्यान्वयनमा रहेको छलफलाई संचालक समितिले निर्णय गरी तौकि दिएको परिमाण भन्दा बढी परिमाण मा मन्त्रीबाट तौक आदेश भै आउने संभावनाको आधार बनाई दाउरा वितरण गर्ने आफूले अख्तियारी प्राप्त गर्ने सीम्म जस्तो कार्यबाट यसमा निजको बदनियतपूर्ण मनसाय थियो भन्ने छलफलमा विवाद देखिएन । अतः निकले प्रचलित नेपाल कानून जानी जानी पालना नगरी श्री ५ को सरकारको स्वामित्व भएको हत्यन संस्थानको सम्पत्ति (दाउरा)

को गैर कानून हानी मु-व्याउने बदनियतले आफ्नो अधिकारको दुरुपयोग समेत गरेको हुंदा निज उपर भ्र.नि.ऐन, २०९७ को दफा ७(२) एवं दफा १४ क.बमोजिम हदैसम्म को कैद सजायको साथै २९(२) बमोजिम हदैसम्मको जरिवाना समेतको दावी लिई पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको छ ।

मन्त्री हेमबहादुर मल्लले आफू समक्ष इन्धन संस्थानको दाउरा पाउन दिएका निवेदनमा तोक आदेश गर्दा आफूलाई प्राप्त अख्तियारीको प्रयोगमा दुरुपयोग हुन नदिने र राष्ट्रिय वन जंगलको सदुपयोग एवं सुरक्षा तर्फ समेत विचार गर्नु पर्नेमा हचुवा एवं निर्देशनात्मक किसिमको आदेश दिने कार्य गरेको पाइयो । यसरी निजले दाउरा वितरणमा स्थापित प्रकृया प्रतिकूल कार्य गरी आफ्नो अख्तियारको दुरुपयोग गरी अनुचित कार्य गरेको देखियो । अख्तियारको यस दुरुपयोग गरी अनुचित कार्य गर्ने उपर सचेत गराउने वा विभागीय कारवाई गर्ने अख्तियारवाला समक्ष लेखी पठाउनु पर्ने कानूनी एवं संवैधानिक व्यवस्था रहेको छ । तर निज हेमबहादुर मल्ल हाल पदमा बहाल नरहेको हुंदा निज उपर सो कारवाई गरिरहनु पर्ने देखिएन ।

बयान गराइएका अन्य व्यक्ति एवं उपभोगपतिहरुको हकमा निजहरुले विभागीय मन्त्री समक्ष दाउरा पाउन निवेदन दिई मन्त्रीको तोक आदेशबाट इन्धन संस्थानको नियमानुसार लाग्ने रोयल्टी बुझाई दाउरा लगेको देखिएको र अन्य प्रमाणको अभाव मा निजहरुको उक्त कार्य बदनियत एवं भ्रष्टाचारपूर्ण भनि प्रमाणित हुन नसकेको हुंदा निजहरु उपर केही दावी लिइरहन नपर्ने ।

३. मालपोत कार्यालय मकवानपुरका कार्यालय प्रमुख र कर्मचारीहरु समेत मिली पारित हुन आएको लिखतहरुको राजश्व आम्दानी नबांधी हिनामिना र भ्रष्टाचार गरे भन्ने समेत विषयमा अनुसन्धान अधिकृत निरीक्षक गरी अनुसन्धान तहकिकात गरिंदा तत्कालिन ना.सु.टोप बहादुर पंचमियाले कर्मचारीसंग मिली पारित हुन आएको लिखतको राजश्व रकम रु.१४,६५०।- (चौध हजार नौसय पचास) आम्दानी नबांधी हिनामिना गरेकोले भ्रष्टाचार निवारण ऐन, २०९७ को परिच्छेद २ को दफा १३ अनुसारको कसूर गरेको देखिन आएको । त्यस्तै तत्कालिन ना.सु. देवनाथ प्रसाद चौधरीले कर्मचारीसंग मिली पारित हुन आएको लिखतको राजश्व रकम रु.७,२५६।-(सात हजार दुई सय उनान्चास) आम्दानी नबांधी हिनामिना गरेकोले भ्रष्टाचार निवारण ऐन, २०९७ को परिच्छेद

२ दफा ११ अनुसारको कसूर गरेको देखिन आएको र तत्कालिन सरिदार कृष्णहरि अर्यालले पारित हुन आएको लिखतको राजश्व रकम रु. १,८५,८०१।६० (एक लाख पन्चा-न्यब्बे हजार आठ सय एक रुपैया र पैसा नब्बे मात्र) आम्दानी बाँधी हिनामिना गरेकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को परिच्छेद २ को दफा ११ अनुसारको कसूर गरेको देखिन आएकोले निजहरु उपर पुनरावेदन अदालत, ललितपुरमा विगो, कैद तथा सजायको माग दावी लिई मुद्दा दायर गरिएको छ । तत्कालिन मालपोत अधिकृत पुण्यप्रसाद न्यौपाने उक्त मालपोत कार्यालयमा रहँदा कार्यालय प्रमुखको हैसियतले कार्यालयबाट सम्पादन हुने दैनिक कार्यहरु मध्येको पारित लिखतको प्राप्त हुने राजश्व रकम बैंक दाखिला गर नगरको र हेरफेरमा जनाए नजनाएको सम्बन्धमा रेखदेख र नियन्त्रण पु-याएको नदेखिएकोले सो कार्यको नैतिक दायित्व निज माथी नै रहने हुँदा निज पुण्यप्रसाद न्यौपाने हाल स्थानीय विकास मन्त्रालय अन्तर्गत स्थानीय विकास अधिकृत पदमा कार्यरत रहेको भन्ने बेहोराबाट देखिन आएकोले निज उपर विभागीय कारवाई गर्न स्थानीय विकास मन्त्रालयमा लेखि पठाइएको छ ।

४. जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रहरी अधिकृत तथा जवानहरुको २०४८ साल माघ देखि २०४९ पौष मसान्तसम्मको लागि राशन ठेक्का पट्टा गर्दा श्री ५ को सरकारलाई हानी नोक्सानी पारेको सम्बन्धमा कारवाईको लागि विशेष प्रहरी विभागबाट यस आयोगमा प्राप्त हुन आएको फाइल सम्बन्धमा अनुसन्धान अधिकृत निशुक गरि अनुसंधान तहकिकात गरिंदा राशन ठेक्का पट्टाको फाइल सामिल रहेको टेण्डर फारामको अध्ययनबाट टेण्डरदाता मध्ये विजय कुमार हिरावनले पेश गरेको टेण्डरमा प्रहरी अधिकृत तथा जवान गरी ५८ जवान तर्फ रु. १६,८१,७३४।- र प्रहरी अधिकृतहरु र जवान गरी ८३ जवान तर्फ रु. २०,१८,६४२।७५ उल्लेख गरी सोको अनुसूचमा सयकडा २.५० प्र.श.ले धरौटी दिनको देखिएको सो अंक केरमेट गरी ५८ जवान तर्फ रु. २०,६२,८३४।- र जवान ८३ को लागि रु. २५,५०,६२०।- बनाई घटी कबुल गरेको अंकलाई कैरी वकिल बहादुर के.सी.को मन्दा बढी देखाई काटछाट पूर्व विजय कुमारको अंक मन्दा घटी कबुल गरेका विजय कुमारको मन्दा पनि घटी अर्थात् ५८ जवान तर्फ रु. १६,८५,७८२।५० र ८३ जवान तर्फ रु. २४,८८,७५०।५० देखिने गराई अंक कायम गराएको देखिए पनि थप केरमेट गरिएको विजय कुमार हिरावनको टेण्डरमा अनुसूचीमा पुराने अंक यथावत

रासी सोही झुक अंक अञ्जारको धरौट राखेको साथै केर थमा टेण्डरदाताको सही पनि नभएको देखिन आएकोले उल्लेख भए अञ्जारको कार्य विजय कुमार हिराचन, वकिल बहादुर के.सी.र राशन बोर्डका अध्यक्ष का.मु.प्र.जि.अ.लक्ष्मण कुमार हमाल, सदस्य सचिव प्र.ना.उ.रामबहादुर खत्री, मालपोत कार्यालयका का.मु. हाकिम दिपजंग हमाल, निमित्त कोष्ठा नियन्त्रक (लेखापाल) ध्रुव प्रसाद लम्साल समेतको मिलोमतोबाट श्री ५ की सरकारलाई रु.७,७३,८९८।२५ (सात लाख त्रिहत्तर हजार आठसय अठार र पैसा पच्चीस) नोक्सानी पु-याई व्यक्तिलाई फाइदा हुने गरी बदनियत पूर्वकको कार्य गरेको देखिन आएकोले उल्लेखित व्यक्ति मध्ये राष्ट्र सेवक का.मु.प्र.जि.अ.लक्ष्मण कुमार हमाल, प्र. ना.उ.रामबहादुर खत्री, माल कार्यालयका का.मु.हाकिम दिपजंग हमाल, निमित्त कोष्ठा नियन्त्रक (लेखापाल) ध्रुव प्रसाद लम्सालले भ्रष्टाचार निवारण ऐन, २०४७ को परिच्छेद २ को दफा ७(१) अञ्जार र ठेक्का टेण्डर दिने विजय कुमार हिराचन र टेण्डर अञ्जार ठेक्का पाउने वकिल बहादुर के.सी.ले ऐ.को दफा ८ बमोजिमको कसूर गरेको स्पष्ट हुन आएकोले निजहरुलाई सोही ऐनको दफा ७ र ८ बमोजिम सजाय हुन र दफा २९ को उपदफा (१) र (२) अनुसार विगो भराई विगो बमोजिम जरिवाना हुनको लागि पुनरावेदन अदालत, सुर्खेतमा मुद्दा दायर गरिएको छ ।

५. बागमती सिंचाई आयोजनाका तत्कालिन योजना प्रमुख चन्दकमल तामेट समेतले योजना लाई खरीद गरेको सिमेन्ट पर्सा र वीरगन्जबाट खरीद गरी राजविराजको बिल बनाई भ्रष्टाचार गरे भन्ने समेतको उजुरीमा अनुसन्धान अधिकृत निम्नुक्त मार्फ अनुसन्धान तहकिकात गरिंदा निम्न बमोजिम देखिएकोले निम्नानुसार गरिएकोछ ।

क) बागमती सिंचाई आयोजना, कैयां (सलहीं) लाई आयोजनाको कार्यमा सिमेन्ट खरीद गर्दा आयोजनाबाट सिमेन्ट खरीद सम्बन्धी पठाइल बिल भरपाई समेत भिकाई हुकमी हेर्दा आयोजनाले साझा संघ राजविराजबाट निम्न मितिमा निम्न परिमाणमा सिमेन्ट निम्न दरमा खरीद गरेको देखियो ।

मिति	परिमाण	दर
०४८।१।२०	७,१५०	२३०।-
०४८।१।२७	७,८४०	२३०।-

०४८।३।२	११,०२९	२२८।-
०४८।२।२६	८,९६०	२२८।-
	३४,९८९	

सो सिमेन्ट साझा संघ राजविराजले कोटेशन माग गरी नारायण अटोमोबाइल एण्ड जनरल सप्लायर्सबाट पहिलो र दोस्रो प्रति व्याग रु.२२८।- र तेस्रो र चौथो रु. २२६।- मा आयोजनामा नै दिने शर्त कबुल गराई लिए लिएको देखिन आएको र निज सप्लायरले उक्त सिमेन्ट बीरगन्जकै व्यापारी गिरिजा ट्रेडर्सबाट प्रति व्याग रु. १९८।- देखि २००।- सम्ममा र हार्डवेयर हाउस बीरगन्जबाट प्रति व्याग १९९।५० देखि २०१।५० सम्ममा खरीद गरेको बिलहरूबाट देखिन आएको ।

ख) यसरी पर्सा बीरगन्जबाट प्राप्त गरेको र प्राप्त हुने सिमेन्टलाई नेपाल राजपत्र भाग ३ मिति ०४७।९।३ को आपूर्ति मन्त्रालयको सूचना नं.३ बमोजिम जिल्ला प्रशासन कार्यालय पर्साले भारतीय सिमेन्ट प्रति व्याग रु.२००।- मिति ०४७।१२।२७ मा मूल्य निर्धारण गरेकोमा आयोजनाले नै निर्धारण गरेको ढुवानी लोड अनलोड समेतको दर रु.७।६० गरी रु.२०७।६० मा प्राप्त हुने सिमेन्टलाई रु.२३०।- प्रति व्याग साझा संघ राजविराजबाट लिएको प्रष्ट हुन आएको ।

ग) साझा संघबाट सोझै सिमेन्ट माग गर्ने र संघले तोकेको मूल्यमा सिमेन्ट खरीद गर्न सकिने हो होइन ? आर्थिक प्रशासन सम्बन्धी नियम २०४२ को नियम १९ ले खरीद गर्ने व्यवस्था उल्लेख गरेको र सोको नियम १९(१)(ख) ले रु.२,५००।- देखि माथी रु. ५०,०००।- सम्मको निर्माण सामग्रीको कोटेशनद्वारा र सो भन्दा माथी नियम १(ग) ले बोलपत्र वा घटाघटद्वारा खरीद गर्ने तर नियम २ को (क)(ख)(ग) र (घ) ले कंपनी वा फर्मका उत्पादित माल सामान सो कम्पनी वा फर्मद्वारा निर्धारित बिक्री मोल मा खरीद गर्दा दर भाउ पत्र आवश्यक नहुने अवस्था उल्लेख गरेको र नियम (ड०) मा प्रचलित कानून बमोजिम दर्ता भएको साझा सहकारी संस्था वा सो संस्थाको शाखा उप-शाखाहरूबाट निर्धारित बिक्री मूल्यमा सामान खरीद गर्दाको अवस्थामा त्यस्तो माल संस्थाको निर्धारित बिक्री मूल्यमा नभई बजारमा निर्धारित बिक्री मूल्यमा खरीद गर्ने मात्र टेण्डर वा कोटेशनको आवश्यकता नपर्ने प्रष्ट हुंदा हुँदै पर्सामा रु.२००।- प्रति व्याग दर निर्धारण भएकोमा राजविराज साझा संघ मार्फत प्रति व्याग (ढुवानी

सहित) रु. २३०।- मा खरीद गर्ने उक्त निर्णयले मिल्ने देखिन आएन ।

अतः उक्त आयोजनाका तत्कालिन योजना प्रमुख चन्दनमल तातेडले रु. ८०,०७, ५९२।- मूल्यको सिमेन्ट खरीद गर्दा आर्थिक नियमले बोलपत्रबाट खरीद गर्नु पर्नेमा अधिकारको दुरुपयोग गरी बजारको निर्धारित मूल्य रु. २००।- प्रति व्यागमा प्राप्त हुने सिमेन्टलाई रु. २३०।- र २३८।- दरमा खरीद गरी लोड अनलोड ७।६० कटाउँदा हुने रु. ७,४३,७७५।६० मी ५ को सरकारलाई हानी नोक्सानी र आपूर्तिलाई फाइदा पु-याएको हुंदा भ्र.नि.ऐन, २०४३ को दफा ७(१) बमोजिम हदैसम्म सजाय गरी दफा २९(१) बमोजिम बिगो असुल गर्ने माग दावी लिई पुनरावेदन अदालत, जनकपुरमा मुद्दा दायर गरिएको छ ।

६. का.नं.पा.वा.नं.२(क) को कि.नं.३९ क्षेत्रफल ७-३-० रोपनी जगन्नाथ गुठीको जग्गा दर्ता सम्बन्धमा सर्वोच्च अदालतको निर्णय विपरित गुठी संस्थानले फैसला कार्यान्वयन गर्दा धांधली गरी भ्रष्टाचार गरे भन्ने उजुरी उपर अनुसन्धान अधिकृत निमुक्त गरी छानविन हुंदा गुठी संस्थान केन्द्रीय कार्यालय र आशमान महर्जनको छोरा भैरवमान महर्जन विरुको जोत दर्ता सम्बन्धी मुद्दामा मिति २०४६।८।२५ मा भी सर्वोच्च अदालत को पूर्ण इजलासबाट भएको फैसला अनुसार विवादित काठमाडौं न.पा.वडा नं.२(क) कि.नं.३९ क्षेत्रफल ७-३-० रोपनी जग्गा हुम्चांदार मानसिंह प्रधानले जगन्नाथको मन्दिरमा नित्य पूजा चलाउन राखिको देखिन्छ । गुठी संस्थानले २०१३ सालमा लगत राखेके भरमा मात्र राजगुठीको जग्गा भनि दावी लिएको पाइन्छ । गुठी जांचबाट मिति २०२१।१२।६।६ मा आएको जवापत्रमा लगतमा दर्ता नभएको भन्ने उल्लेख गरिएको मिसिल संलग्न देखिन्छ जांचबाट लगतमा दर्ता नभएको गुठीलाई राजगुठी मान्न मिल्ने अवस्था देखिदैन भन्ने उल्लेख गर्दै गुठी संस्थान ऐन, २०३३ को दफा ३७ बमोजिम उक्त जग्गा र जग्गामा भएको घर समेतमा वादीका बाबुको नामबाट जोताहा हक नामसारी हुने ठहर्छ भन्ने निर्णय भएकोमा वादी भैरवमान महर्जनका वारिस पूर्णमान महर्जनले उक्त फैसलाको प्रतिलिपी संलग्न राखी मोहीका नाममा उक्त जग्गा रैतानी नम्बरी परिणत गराई पाउन तत्कालिन माननीय भूमिसुधार तथा व्यवस्था मन्त्रीज्यूमा दिएको निवेदनमा "अदालतको निर्णयानुसार प्राप्त जोतको निस्सा बमोजिम कानून बमोजिम रैतानी गर्न बाधा अड्काउ भए १५ दिन भित्र पेश गर्नु" भन्ने तोक आदेश समेतको निवेदन गुठी

संस्थान केन्द्रीय कार्यालयमा प्राप्त हुन आएको रहेछ । सो सम्बन्धमा तत्कालिन गुठी प्रशासक केशवनाथ पौडेलले उक्त जग्गालाई कहिले राजगुठी र कहिले अधिनस्थ गुठी जग्गा भएको हुँदा रैतानी नम्बरी परिणत गरी जाहेर गर्न मालपत गुठी लगत तथा तहविल कार्यालय भद्रकालीलाई आदेश दिएको र उक्त कार्यालयले सर्वोच्च अदालतको फैसला अनुसार उक्त जग्गा राजगुठी तथा अधिनस्थ गुठी समेत नभएकोले रैतानी नम्बरी परिणत गर्न नमिलने व्यहोरा उल्लेख गरी निर्देशन माग गरी जाहेर गर्दा पुनः गुठी संस्थानका प्रशासकले रैतानी नम्बरी परिणत गर्न दबाव सहित आदेश दिएबाट रैतानी नम्बरी परिणत गरिएको पाइयो । यसरी रैतानी नम्बरी परिणत गर्ने क्रममा सर्वोच्च अदालत को फैसला आदेशले मोही भैरवमान महर्जनको नाममा मात्र जोताहा हक नामसारी भएको मा सो जग्गासंग असम्बन्धित व्यक्तिहरु सुरेश कुमार पौडेल, रामप्रसाद उपाध्याय र पूर्णमान महर्जन समेतका नाममा ०५८।१२।२ मा मोहियानी हकको सर्मोलनामा रजिष्ट्रेशन पारित गरी सोही दिन उल्लेखित चारै जना मोहीहरुले रैतानी नम्बरी परिणत गराई पाउन गुठी समेत तथा तहविल कार्यालय भद्रकालीमा दिएको निवेदनमा सोही दिन नै रैतानी नम्बरी गर्ने निर्णय सदर गरी सोही दिन नै रैतानी नम्बरी परिणत गरिएको जानकारी मालपोत कार्यालय काठमाडौंमा उपलब्ध गराई उल्लेखित सुरेश कुमार पौडेल, रामप्रसाद उपाध्याय, पूर्णमान महर्जन र भैरवमान महर्जन समेत चार जनाको नाममा जग्गा धनी प्रमाण पूर्जा (उक्त कि.नं. ३९ हाल कि.नं. २१ र ७६ को) उपलब्ध गराइएको देखियो ।

यसरी सम्माननित सर्वोच्च अदालतको पूर्ण इजलासको फैसला समेतबाट राजगुठी कायमको जग्गालाई राजगुठी र अधिनस्थ गुठी भनि तत्कालिन गुठी प्रशासक केशवनाथ पौडेलले अधिकार विना नै बदनियतपूर्वक आदेश एवं दबाव दिई असम्बन्धित व्यक्तिहरुलाई समेत मिलोमतोबाट मोही बनाई जग्गा रैतानी नम्बरी गरी दिने भ्रष्टाचारपूर्ण कार्य गरेको हुँदा निज तत्कालिन गुठी प्रशासक केशवनाथ पौडेल उपर भ्रष्टाचार निवारण ऐन, २०४३ को दफा ७(२) बमोजिम तथा बदनियतपूर्वक मिलोमतो गरी जग्गा हात पारी मुद्दामा उठाउनेमा संलग्न सुरेश कुमार पौडेल, रामप्रसाद उपाध्याय, पूर्णमान महर्जन तथा भैरवमान महर्जन उपर सोही ऐनको दफा ८ बमोजिम हदैसम्मको कैद तथा दफा २९(२) बमोजिम जरिवानाको माग दावी लिई पुनरावेदन अदालत ललितपुरमा मुद्दा दायर

गरिएको छ । साथै उक्त जग्गाको मोहियानी सगोलनामा पारित गर्ने कार्यमा वास्तविकता तर्फ ध्यानै नदिई अस्वाभाविक रूपले रजिष्ट्रेशन पारित गर्ने समेत कार्यमा संलग्न मालपोत कार्यालय, काठमाडौंका प्रमुख मालपोत अधिकृत, मालपोत अधिकृत तथा अन्य कर्मचारीहरू उपर विभागीय कारवाई गरी कसूर मुताबिक सजाय समेत गरी २ महिना भित्र यस आयोगमा जानकारी दिन समेत सम्बन्धित विभागमा लेखी पठाई आयोगबाटै जग्गा रोक्का समेत राखिएको छ ।

७. नेपाल विद्युत प्राधिकरण अन्तर्गत छैठौं ग्रामीण विद्युतिकरण आयोजनाको लागि एशियाली विकास बैंकबाट प्राप्त ऋण सहयोगको रकमबाट आयोजना संचालन गर्न हुण्डाई इन्जिनियरिंग कम्पनी प्रा.लि.लाई कन्सल्टेण्ट नियुक्त गरी काम गर्दा नक्सा तयार गर्न हवाई फोटोग्राफ लिनका लागि यू.एस.डलर १,५८,००० छुट्याइएकोमा हवाई फोटोग्राफ नै नलिई उक्त रकम भुक्तानी दिएको भन्ने निवेदन उपर अनुसन्धान अधिकृत नियुक्त गरी छानविन गर्दा निम्न काम कारवाईहरू भए गरेको पुष्टि हुन आएकोले निम्न बमोजिम गरिएको छ ।

१. निवेदन व्यहोरामा हुण्डाई इन्जिनियरिंग कं.प्रा.लि.लाई संझौता अनुसार आवश्यक स्थानहरूको हवाई फोटोहरू उपलब्ध गराउन यू.एस.डलर १,५८,११५ छुट्याइएकोमा सो काम परामर्शदाता आफैले सम्पन्न गरी गराई मात्र भुक्तानीको लागि विड्यल एप्लिकेशन एशियाली विकास बैंकमा पठाउन पर्नेमा आयोजना प्रमुखले आयोजनाको लागि आवश्यक परेको भनि माग गरी एक सरकारी कार्यालयबाट सहुलियत दरमा केही नयां तथा केही अन्य संस्थाको लागि लिइएको नयां र केही पुरानो समेत हवाई फोटो उपलब्ध गराई काम सम्पन्न गरेको देखिन्छ भने सो काम वापत वास्तविक रु.४,९१,६१९।३८ मात्र खुद खर्च आयोजना मार्फत भएकोमा संझौतामा उल्लेख भए अनुसार काम सम्पन्न भएको भनि संझौतानुसारको यू.एस.डलर १,५८,११५ अर्थात् प्रचलित दर अनुसार रु.३४,३१,०९५।५० पैसा भुक्तानीको लागि विड्यल एप्लिकेशन भएको पाइयो ।

२. छैठौं विद्युत आयोजनाका प्रमुख इन्जिनियर राजकुमार बज्राचार्यले आयोजनाको लागि आवश्यक हुने २५०० वर्ग कि.मि.को हवाई फोटो लिई ३५७ वर्ग कि.मि.को नक्सा तयार पार्न परामर्शदाता संस्थाले यू.एस.डलर १६,७१,१७८ लाग्नेमा मात्र यू.एस.डलर २,५०,००० मा काम सम्पन्न गराई देशको लागि ठूलो बचत

गराएको भन्ने बयानमा लेखाई दिएको भएता पनि उक्त छुराहरूको छुनै लिखित दस्तावेज प्रमाणको रूपमा नभई प्रमाणित आधारको रूपमा लिन सकिने परामर्श-दाता संस्थासंग २२ सेप्टेम्बर १९८६ मा गरेको संझौतालाई लिन पर्ने हुन्छ । उक्त संझौतामा माथी प्रकरणहरूमा उल्लेख भए बमोजिम नयाँ हवाई फोटोहरू परामर्शदाताले नै उपलब्ध गरी नक्सा तयार गर्न पर्ने र सो वापत यू.एस.डलर १,५८,११५ हवाई फोटोको लागि र यू.एस.डलर ९१,८८५ विभिन्न स्केलमा नक्साहरूको लागि छुट्याइएकोमा हवाई फोटो सरकारी स्तरबाट रु.४,९१,६१९।३८ मा उपलब्ध गराई दिई छुट्याइएको सबै रकम भुक्तानी दिन लगाई श्री ५ को सरकारलाई हानी र परामर्शदाता संस्थालाई लाभ पु-याएको स्पष्ट देखिन आयो ।

उपर्युक्त विवरण अनुसार छैठौं विद्युत आयोजनाका आयोजना प्रमुख राजकुमार बज्राचार्यले सरकारी काम कारवाईको सिलसिलामा नगरे नभएको कामलाई भए गरेको भन्ने अर्थात् काम गरे वापतको भुक्तानी दिई सकेपछि नगरेको काम वापत हुण्डाई इन्जिनियरिंगलाई रकम भुक्तानी दिन एशियाली विकास बैंकलाई लेखि दिने कार्य गर्दा आफूलाई गैह्र कानूनी फाइदा र सरकारलाई रु.२९,३९,४७९।१२ पैसा घाटा पु-याएको ले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ अनुसारको कसूर गरेको देखिन आयो । तसर्थ निज बज्राचार्यले भ्र.नि.ऐनको दफा ७ अनुसारको कसूर गरेको देखिन आएकोले निज उपर भ्र.नि.ऐन बमोजिम विगो, विगो बमोजिमको जरिवाना र हदैसम्मको कैद सजाय को दावी लिई पुनरावेदन अदालत, ललितपुर समक्ष मुद्दा दायर गरिएको छ ।

रा.

१०. प्रचलित कानूनमा सुधार गर्ने र अन्य विषयमा दिइएका सुझावहरू :

१. नेपाल टेलिफिमलले अति आवश्यक मनेर करोडौंको उपकरण कोटेशनमा किन्ने प्रयास गरेको भन्ने सम्बन्धमा पत्र पत्रिकामा प्रकाशित समाचारलाई यस आयोगलाट जरूरी निवेदन सरह दर्ता गरी प्रारम्भिक अनुसन्धान गरिरहेकोमा नेपाल टेलिफिमले जापान सरकारबाट Debt Relief Fund को रूपमा जी ५ को सरकारलाई प्राप्त हुने अनुदान सहयोग अन्तर्गत जापानको सोनी कर्पोरेशन, टोकियोबाट यू.एस. डलर ६,९७,५७७ बराबर मा उपकरण खरीद गर्ने अर्थ मन्त्रालयबाट प्राप्त पत्र सोली दिइएकोमा तत्सम्बन्धी भएका काम कारवाई अध्ययन गरिंदा दातृ निकायसंग भएको संझौताको राम्ररी अध्ययन नगरिएको, उपकरण खरीद प्रकृया पूर्व निश्चित नगरी वास्तविक सप्लायर को हुने हो भन्ने यकिन नै नभएको अवस्थामा र विभिन्न सप्लायर बीच प्रतिस्पर्धा हुन सकने स्थिति हुंदा हुंदै पनि प्रतिस्पर्धा नगराई खरीद गर्ने निर्णय गरी एक पटक एल.सी. खोली सके-पछि पूर्व खरीदको निर्णय संशोधन गरी उत्पादक कम्पनीले निर्धारण गरेको बिक्री मूल्यमा सिधै उत्पादकबाट उपकरण खरीद गर्न पुनः एल.सी. खोलेको पाइयो । अनुसंधान तहकिकातबाट यसमा भ्रष्टाचारपूर्ण कार्य भएको देखिएता पनि खरीद प्रकृयामा केही सतर्कता अपनाउन पर्ने देखिएकोले आयन्दा यस्ता खरीदमा दातृ निकायसंग भएका संझौता एवं कागजातको राम्ररी अध्ययन गरी खरीद प्रकृया पूर्व निश्चित गरेर प्रोप्राइटरी माल-सामान बाहेक अन्य सामानको हकमा स्वस्थ प्रतिस्पर्धा समेत गराई खरीद गर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम सूचना तथा संचार मन्त्रालय एवं नेपाल टेलिफिमलमा सुझाव दिइएको ।

२. जनकपुर धुरोट कारखानाको क्षेत्रीय कार्यालय काठमाडौंबाट बोलपत्र गर्नु पर्नेमा नगरी कोटेशनबाट प्रचार सामग्री खरीद गर्दा अनियमित गरेको भन्ने विषयमा परेको उजूरी उपर प्रारम्भिक अनुसन्धान गरिंदा उल्लेखित खरीदमा नियमको प्रकृयासम्म मिलाएको भएता पनि कारखानाको मितव्ययिता हुने गरी स्वस्थ प्रतिस्पर्धात्मक खरीद प्रकृया अपनाएको नदेखिएकाले आयन्दा यस्तो प्रचार सामग्री वा ठूलो परिमाणमा आवश्यक पर्ने सामान खरीद गर्दा खरीद गर्नु पूर्व भौतिक योजना (Material Plan) बनाई पटक पटक खरीद नगरी एकै पटक कारखानाको प्रचलित नियमानुसार खरीद गर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८(ग) बमोजिम कारखानाको व्यव-

स्थापनाको सुझाव दिइएको ।

३. जनकपुर छुरोट कारखाना लिमिटेडको तत्कालिन व्यवस्थापनले अन्तर्गत किसिमले आर्थिक सहायता, चन्दा, पुरस्कार वितरण गरेको भन्ने उजुरी उपर अनुसन्धान गरिएकोमा निम्न बमोजिम पूर्ण सतर्कता आयोग काम गर्ने सुझाव सो कारखानालाई दिई श्री ५ को सरकार उद्योग मन्त्रालयलाई जानकारी गराइएको छ ।

१. आफ्नो वार्षिक बजेटमा समावेश भएको आर्थिक सहायता चन्दा पुरस्कारको रकम विविध पेशा, वर्गका व्यक्ति एवं निकायलाई निश्चित प्रकृया अपनाई र कारखानाको संक्षिप्त उद्देश्य हासिल गर्ने प्रयोजनको लागि चन्दा कारखानासंग सम्बन्धित व्यक्ति वा संस्थाको हित गर्ने उद्देश्यले वितरण गर्ने गरेको देखिएको ले अब आयन्दा यस शीर्षक अन्तर्गत खर्च गर्दा उपीगको प्रवर्द्धन गर्ने प्रयोजनार्थ खर्च गरिनु पर्ने र त्यसरी खर्च गर्दा एउटा निश्चित मापदण्ड तयार गरी सोही मापदण्ड भित्र अधिकारको सदुपयोग हुन नपाउने गरी खर्च गर्ने उचित र मनासिब व्यवस्था गर्नु पर्ने ।

२. कारखानाले आर्जित मुनाफाबाट कर्मचारीहरुलाई यस पुरस्कार वितरण गरेको उजुरी सम्बन्धमा हुने वर्ष लदा चन्दा दिने प्रगति हासिल गरी मुनाफा आर्जन गरेमा के कतरी कर्मचारीलाई प्रोत्साहित गर्ने वा कति बोनस वा पुरस्कार दिने हो नीतिगत निर्णय गरी प्रचलित ऐन नियमको प्रावधान अनुकुल हुने गरी पूर्व व्यवस्था मिलाएर मात्र गर्नु पर्ने ।

४. स्वास्थ्य मन्त्रालय स्वास्थ्य सेवा विभागले आ.व.०५०।५१ को लागि औलो तथा कालाज्वर नियन्त्रण गर्ने किटनाशक विषादि खरीद गर्ने पेश भएको टिप्पणीमा जापानको एउटा कम्पनीबाट निर्मित मैलाथोन नामक विषादि खरीद गर्ने निर्णय गर्दा बाध्यात्मक रुपमा पालना गर्नु पर्ने कार्यविधि पालना नगरेको र आवश्यक पर्ने कागजात पूर्ण रुपमा नहेरी निर्णय गर्ने पुगेको भन्ने छुरा स्वयं मन्त्रालयले यस आयोगबाट तत्सम्बन्धी विषय मा छानविन शुरु भएपछि प्राविधिक समिति गठन गरी खरीद गर्ने कार्य स्थगित गरेको कारणबाट पुष्टि हुन आयो । अतः यस सम्बन्धमा किटनाशक विषादि खरीद गरी देशका विभिन्न भागमा छर्किने कार्य गर्दा त्यसबाट वातावरण एवं मानिस, पशुपंक्षी लगायत कस, किरवा, बालीनाली आदिमा पर्न सक्ने असर र त्यसबाट उत्पन्न हुने विकृति एवं प्रदुषण बारे पूर्व मूल्यांकन गरी औलो नियन्त्रण पनि गर्ने यता वातावरण

प्रदूषण हुन पनि नदिने कार्य गर्ने के कस्ता ठाउंहरूमा के कति मात्रामा सो विषादि छर्कनु वान्छनीय हुन्छ त्यसवारे सम्बन्धित विषयका विशेषज्ञहरू बीच छलफल गरी नीतिगत रूपमा नै निर्णय लिनु वर्तमान सन्दर्भमा उपयुक्त भएकोले सो अनुसार नीति निर्देशन दिन श्री ५ को सरकारबाट निर्णय लिन मन्त्रिपरिषद् सचिवालयमा सुझाव लेखी पठाइएको ।

५. एन.सि.सि.एन.का तत्कालिन महाप्रबन्धक रत्नलाल श्रेष्ठ समेतले निर्माण कार्य नीजि ठेकेदारलाई सुम्पी करोडौं घाटा गराए भन्ने सम्बन्धको उजूरी उपर प्रारम्भिक अनुसंधान गरिएकोमा एन.सि.सि.एन.को विद्यमान आर्थिक प्रशासन सम्बन्धी नियममा निम्न हुंदाहरूको व्यवस्था गर्न श्री ५ को सरकारलाई सुझाव पठाइएको छ ।

१. अत्याधिक कार्य भारको कारणले एन.सि.सि.एन.आफैले हुने निर्माण कार्य सम्पन्न गर्न नसकिने अवस्था भए त्यस्तो अवस्था छ भन्ने प्रमाणित गरी मात्र त्यस कम्पनीको संचालक समितिको सिफारिशमा सो निर्माण कार्य उप-ठेक्कामा दिन सकिने ।

२. यसरी हुने निर्माण कार्य उप-ठेक्कामा दिनु भन्दा अगाडि नै उप-ठेक्का प्राप्त गर्ने ठेकेदारको आर्थिक तथा प्राविधिक क्षमता हैसियत तथा पूर्वानुभव समेतको विस्तृत अध्ययन गरि गराई निर्माण गराउने संस्थाको पूर्व स्वीकृति प्राप्त गर्नु अनिवार्य हुने ।

६. महेन्द्र राजमार्ग गाईघाट सडक योजना, लाहानका योजना प्रमुख समेतले मिलोमतो गरी २९.९९९९८ प्रतिशत दर कबोल गर्ने टेण्डर स्वीकृत नगरी ३० ।. घटी भएको ठेकेदारको बोलपत्र स्वीकृत गरि भ्रष्टाचार गरेको भन्ने उजूरी उपर अनुसन्धान हुंदा प्रचलित आर्थिक प्रशासन नियमावली, २०४२ मा रु. ३० लाखसम्मको लगत इष्टिमेट अंक टेण्डर सूचनामै प्रकाशित गर्न पर्ने तथा ३० ।. वा सो भन्दा बढी घट्नेको टेण्डर स्वीकृत गरिने छैन भन्ने व्यवस्था भएकोले धेरै जसो ठेकेदारहरूले ल.इ.को ३० ।. घटेर सोमा १ पैसा थपी बोलपत्र पेश गर्ने गरेको पाइएको र यसबाट धेरै कम्पनीको एउटै कबोल अंक हुंदा कसलाई काम दिने र कसलाई नदिने भन्ने विवाद उत्पन्न हुने भएकोले विद्यमान आर्थिक प्रशासन नियमावलीमा अनुसूची ४ मा उल्लेख भएको प्रतावित मूल्यांकन तालिका अनुसारको थप व्यवस्था गर्न श्री ५ को सरकारलाई सुझाव दिइएको ।

११. आयोगबाट अनुसन्धान गर्ने अख्तियारवाला समक्ष र अन्य निकायबाटै कारवाई हुन लेखी पठाइएको विवरण :

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान तहकिकात गरेको विषयमा संविधान को धारा ९८ को उपधारा (२) बमोजिम अख्तियारवाला समक्ष लेखी पठाउने क्रममा आयोग ले प्रारम्भिक र अनुसन्धान अधिकृत नियुक्त गरी सो छानविन प्रतिवेदन र संकलित प्रमाण समेत को आधारमा के कस्तो कारवाई हुने हो सो गर्न लेखी पठाउने गरेको छ भने अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को (पहिलो संशोधन) दफा २(घ) बमोजिम सार्वजनिक पद धारण गरेका व्यक्ति भन्नाले ऐनको दफा ४ को उपदफा (१) मा उल्लेखित व्यक्ति भनिएका वाहेकका अन्य व्यक्ति उपर परेका उजुरी सम्बन्धमा उजुरीको प्रकृति त्यस उपर कारवाई गर्ने सक्षम निकाय, मन्त्रालय, विभाग, कार्यालय एवं संस्थान आदि समेत विचार गरी आयोग ले तत्सम्बन्धी उजुरी निवेदनहरु प्रारम्भिक कारवाई के सिलसिलामा अन्य निकायमा पठाउने गरेको छ ।

(क) माथि उल्लेख भए अनुसार आयोगद्वारा छानविन अनुसन्धान तहकिकात मै आयोगको निर्णय अनुसार सतर्क तथा सचेत गराइएका र विभागीय कारवाई गर्न लेखी पठाइएका पदाधिकारीहरु :-

१. विभागीय कारवाई गर्न लेखि पठाइएका --

१)	रा.वा.बैंक, काठमाडौं शाखाका तत्कालिन प्रवन्धक	सुविज्ञागर उपाध्याय
२)	रा.वा.बैंक, काठमाडौं शाखाका तत्कालिन एल.सी.शाखाका इन्चार्ज	प्रकाशचन्द्र श्रेष्ठ
३)	,, ,, ,,	सुरेन्द्रराज राजभण्डारी
४)	रा.वा.बैंक, काठमाडौं शाखाका तत्कालिन एकाउन्टेण्ट	नरेन्द्र बहादुर प्रधान
५)	रा.वा.बैंक, काठमाडौं शाखाका तत्कालिन गोदाम इन्चार्ज	पुरुषोत्तम बहादुर खत्री
६)	रा.वा.बैंक, काठमाडौं शाखाका तत्कालिन गोदाम इन्चार्ज	पारशप्रकाश पाण्डे

७)	रा.वा.बैंक, काठमाडौं शाखाका तत्कालिन कर्जा इन्चार्ज	रामबाबु कापले
८)	रा.वा.बैंक, काठमाडौं शाखाका तत्कालिन एकाउन्टेण्ट	रामप्रसाद पाण्डरी
९)	स्वास्थ्य मन्त्रालयका सचिव	जगदीश्वर उपाध्याय
१०)	,, ,, सह-सचिव	डा.कोकिला बैद्य
११)	,, ,, उप-सचिव	गोविन्द प्रसाद ढुङ्गेल
१२)	स्वास्थ्य सेवा विभागका महानिर्देशक	डा.रामनन्दन सिन्हा
१३)	जलशोत मन्त्रालयका सह-सचिव	विजयशंकर श्रेष्ठ
१४)	जिल्ला विकास समिति, मनांगका तत्कालिन का.सु.तथा.वि.अधिकारी	रुद्र प्रसाद पौडेल
१५)	मालपोत कार्यालय, काठमाडौंका तत्कालिन प्रमुख मालपोत अधिकृत	कलाधर ढकाल
१६)	मालपोत कार्यालय, काठमाडौंका तत्कालिन मालपोत अधिकृत	शान्त बहादुर श्रेष्ठ
१७)	मालपोत कार्यालय, काठमाडौंका तत्कालिन ना.सु.	पुरुषोत्तम प्रसाद भट्टराई
१८)	,, ,, ,, ,, सरिदार	कृष्णराम कटुवाल
१९)	,, ,, ,, ,, सरिदार	तोर्णराज श्रेष्ठ
२०)	वीर अस्पतालका तत्कालिन रेडियोलोजि विभागका प्रमुख	डा.केशबहादुर अमात्य
२१)	त्रि.वि.शिक्षण अस्पतालका रेडियोलोजि विभागका प्रमुख	डा.टेकबहादुर छेत्राथोकी
२२)	वीर अस्पतालका मर्मत संभार शाखाका इन्चार्ज	गंगालाल श्रेष्ठ
२३)	तत्कालिन चिकित्सा महाशाखाका प्रमुख	डा.हरिनाथ आचार्य
२४)	कृषि विकास बैंकका उप-महाप्रबन्धक	प्रभुप्रसाद पराजुली

२५) जिल्ला विकाससमिति, सोलुखुम्बुका का.मु.
स्था.वि.अ. — यज्ञ बहादुर खत्री

२. सतर्क तथा सचेत गराउन लेखिएको --

१) बिक्रीकर तथा अन्त:शुल्क विभागका
महानिर्देशक — जैनेन्द्र जीवन शर्मा

२) कृषि औजार कारखानाका महाप्रबन्धक — राधेश्याम बराल

३) ,, ,, ,,का तत्कालिन
महाप्रबन्धक — रमेश नेपाल

४) जिल्ला विकास समिति, रोल्पाका
स्था.वि.अ. — उमाकान्त अधिकारी

५) कृषि औजार कारखाना लि.संचालक समिति
का सदस्य (कृषि विकास बैंकका प्रतिनिधि) — शेखर बहादुर प्रधान

६) कृषि औजार कारखानाका तत्कालिन खरीद
अधिकृत — जयराम अर्याल

३. निलम्बनको लागि पठाएको --

१) रा.वा.बैंक, काठमाडौं शाखाका तत्कालिन
प्रबन्धक — बुद्धिसागर उपाध्याय

२) ,, ,, ,, ,, का एकाउन्टेण्ट — नरेन्द्र बहादुर प्रधान

३) रा.वा.बैंक, काठमाडौं शाखाका कर्जा
इन्चार्ज — रामबाबु काफ्ले

४) जिल्ला प्रशासन कार्यालय, डोल्पाका
तत्कालिन प्र.जि.अ.हाल जिल्ला प्रशासन
कार्यालय, रौतहटका प्रशासकिय अधिकृत — लक्ष्मण कुमार हमाल

५) जि.प्रहरी कार्यालय, डोल्पामा दरबन्दी रही
हाल जि.प्र.का.दाँगमा काजमा रहेका प्र.ना.उ.राम बहादुर खत्री

६)	को.ले.नि.का. डोल्पाका तत्कालिन नि. निमन्त्रक हाल भन्सार कार्यालय, नेपालगन्जका लेखापाल	ध्रुव प्रसाद लम्साल
७)	मालपोत कार्यालय, डोल्पाका तत्कालिन का.इ.हाकिम	दिपक जंग हमाल
८)	नेपाल विद्युत प्राधिकरणका निर्देशक	राजकुमार भट्टाचार्य

(ख) माथि वर्णित प्रकृया अनुसार यस आयोगमा दर्ता हुन आएका विभिन्न विषयका निवेदन उजुरीहरु मध्ये निम्न लिखित विषयगत संख्याका उजुरीहरु निम्नलिखित कार्यालयमा आवश्यक कारवाहीको लागि पठाइएको छ ।

सि.नं.	विभिन्न निकायहरु	उजुरी संख्या
१.	विशेष्ा प्रहरी विभाग	६८
२.	न्याय परिषद्	११
३.	जिल्ला प्रशासन कार्यालयहरु	८७
४.	नेपाल विद्युत प्राधिकरण	२
५.	खानी विभाग	१
६.	वन तथा भू संरक्षण मन्त्रालय	१
७.	गृह मन्त्रालय	१६
८.	दुरुम्बासी समस्या समाधान आयोग	६
९.	स्थानीय विकास मन्त्रालय	१४
१०.	लोकसेवा आयोग	२
११.	अर्थ मन्त्रालय	१
१२.	मालपोत कार्यालय	१
१३.	मापी विभाग	१
१४.	कृषि मन्त्रालय	२
१५.	रक्षामन्त्रालय	४
१६.	राष्ट्रिय वाणिज्य बैंक	४
१७.	हुलाक सेवा विभाग	१

१८.	प्रहरी प्रधान कार्यालय	२
१९.	राजस्व अनुसन्धान विभाग	३
२०.	जलस्रोत मन्त्रालय	१
२१.	खानेपानी विभाग	१
२२.	आपूर्ति मन्त्रालय	३
२३.	वाणिज्य मन्त्रालय	२
२४.	रक्षा मन्त्रालय	१
२५.	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	६
२६.	गुठी संस्थान	१
२७.	निर्वाचन आयोग	१
२८.	राष्ट्रिय अनुसन्धान विभाग	४
२९.	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	२
३०.	सूचना तथा संचार मन्त्रालय	१
३१.	कर विभाग	२
३२.	भन्सार विभाग	२
३३.	सहकारी विकास बोर्ड	३
३४.	निर्माण तथा यातायात मन्त्रालय	१
३५.	सडक विभाग	१
३६.	भूतपूर्व सैनिक सिंचाई निर्देशनालय	१
	जम्मा :	२५७

१२. अनुसन्धान अधिकृत नियुक्त भई दिएको प्रतिवेदनबाट फर्छ्यौट :

१. राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालय, काठमाडौंबाट विभिन्न फर्म उद्योगहरू लाई कर्जा प्रवाह भएकोमा बढी मूल्यांकन भएको, गोदाम नभेटिएको, गोदाममा सामान नपुग भएको कारणबाट बैंकलाई गैर कानूनी हानी र पार्टीलाई अनुचित लाभ पुग्न गएको भन्ने विषयमा रा.वा.बैंक काठमाडौं शाखाका तत्कालिन प्रबन्धक नरेन्द्र बहादुर प्रधानले मिति २०४६।३।४ मा साविक अ.दु.नि.आ.मा पेश गरेका विवरण यस आयोग मा सरी सो उपर अनुसन्धान तहकिकात गर्न अनुसन्धान अधिकृत तोकिएकोमा निजबाट आयोग समक्ष पेश भएको प्रतिवेदनमा कतिपय ऋणहरू पुरै चुक्ता भै सकेका पाइए भने बांकी कर्जा मध्ये पनि केही कर्जाको धितोमा रहेका गोदाममा फेला परेका सामानहरू नियमानुसार बिक्री गरिएको भन्ने समेतको जानकारी सम्बन्धित बैंक शाखाबाट प्रष्ट हुन आएको र सो विषयका कुनै केशमा आयोगको तर्फबाट छुट्टै निवेदनबाट अनुसन्धान तहकिकात गरी अन्तिम टुंगो लागि सकेको समेत पाइयो ।

अत: प्रथमत: बैंक व्यवस्थापनले नै यस तर्फ आवश्यक कारवाई चलाई यथासमयमा बक्यौता फर्छ्यौटको कार्य सम्पन्न गर्न अ.दु.अ.आ.ऐन बमोजिम आयोगका तर्फबाट सुझाव दिन र प्रचलित वाणिज्य बैंक ऐन, नियम, निर्णय तथा विद्यमान बैंकिंग प्रकृया एवं ऋणीसंगको सर्त, संझौता बमोजिम सबै कार्य पूरा गरी अन्त्यमा कुनै केशमा नेपाल कानून जानी जानी पालना नगरी वाणिज्य बैंकलाई हानी पु-याउने नियतले काम कारवाई भएको देखिएमा बैंकको तर्फबाट आयोग समक्ष अनुरोध गर्न सकिने नै हुंदा आवश्यक कारवाईको लागि बैंकमा लेखि पठाइएको ।

२. राष्ट्रिय वाणिज्य बैंक, काठमाडौं शाखाका प्रबन्धक बुद्धिसागर उपाध्यायले केन्द्रीय कार्यालयको स्वीकृति बिना र केन्द्रबाट जारी भएको परिपत्र विपरित आयात प्रतित पत्र तथा निर्यात प्रतित पत्र खोल्न दिएको, बैंकले लिनु पर्ने मार्जिन रकम रितपूर्वक नलिई बैंकलाई अनावश्यक दायित्व बढाएको, धितो नै नराख्ने पार्टीलाई पनि कर्जा दिई पार्टीहरूसंग मिलोमतो गरी बैंकलाई डुबाउने अवस्थामा पु-याए भन्ने समेत विषयमा तत्कालिन अख्तियार दुरुपयोग निवारण आयोगमा परेको उजुरी निवेदन उपर तत्कालिन आयोगबाट अनुसन्धान तहकिकात भएको मिसिल साविक आयोग विघटन हुन गई यस

आयोग समक्ष सरी आएकोमा यस आयोगबाट छानविन हुन बाँकी कुराहरूमा अनुसंधान तहकिकात गर्न समेत अनुसन्धान अधिकृत नियुक्त गरी निजले दिएको प्रतिवेदन पेश हुंदा निम्न बमोजिम भएको ।

१. प्रस्तुत विवादका सम्बन्धमा यस आयोगबाट बैंकको केन्द्रीय कार्यालय, सम्बन्धित शाखा कार्यालय एवं भन्सार विभाग समेत बुझ्ने कार्य गरिंदा नेपाल उडस्टक प्रा.लि.को तर्फबाट खोलिएको प्रतित पत्रका डकुमेन्ट उक्त कम्पनीले नछुटाएकोले ताकेता भै रहेको भन्ने बैंकबाट जानकारी गराइएको पाइयो । यसै गरी भन्सार विभागबाट विराटनगर भन्सार कार्यालयको हाता भित्र रहेको मेशीन पार्टीले छुटाई नलगेकोले भन्सार ऐन, २०१९ को दफा २२(१) बमोजिम लिलाम बिक्री गर्न मिति २०४८।२।२ को गोरखापत्रमा सूचना प्रकाशित गरेकोमा पार्टीको तर्फबाट श्री सर्वोच्च अदालतमा रिट दिएकोमा सोको टुंगो लागिसकेको जानकारी प्राप्त नभएको र मेशीन त्यहिं रहिरहेको भन्ने समेत जानकारी प्राप्त भएको पाइयो ।

साथै विवादास्पद मेशीनका सम्बन्धमा बैंकका कर्मचारीहरू तथा पार्टीबाट मिलोमतो गरी अधिक विजकीकरण भए नभएको भन्ने बारे अनुसन्धान गरिंदा यस सम्बन्धमा तत्काल राजश्व अनुसन्धान महाशाखाले पनि छानविन गरेकोमा अधिक विजकीकरण गरेको देखिन नआएको भनि कारवाई टुंग्याइएको देखियो ।

माथि उल्लेखित अनुसन्धान विवरणबाट नेपाल उडस्टक कंपनीका प्रो. खेमचन्द्र चौरडियाले एल.सि.खोली झिकाएको मेशीनको सम्बन्धमा बैंकको तर्फबाट निजको अचल सम्पत्ति रौजका राखेको, निजले झिकाएको मेशीन भन्सारको हाता भित्र रहेको र यस सम्बन्धमा सर्वोच्च अदालतमा परेको रिट विचाराधिन अवस्थामा रहेको र उक्त मेशीन आयात गर्दा अधिक विजकीकरण गरेको भन्ने समेत नदेखिएको हुंदा एल.सी.को माध्यमबाट झिकाइएको मेशीन बैंकमा रकम भुक्तानी गरी डकुमेन्ट छुटाई नलगेको र बैंक पार्टी बीच विवादको विषयलाई भ्रष्टाचार गरेको भनी आरोपित गर्न मिल्ने देखिएन । अतः यसमा बैंकले प्रचलित रा.वा.बैंक, ऐन नियम तथा बैंक र पार्टी बीचको संझौता शर्त अनुसार जो जे गर्नु पर्ने हो गरी आफ्नो सांवा ब्याज समेत असुल उपर गर्न बैंकमा लेखि पठाएको ।

२. शुक्रकामना गार्मेन्ट्स एवं मित्र गार्मेन्ट्सलाई एक.वि.एन. अन्तर्गत भुक्तानी दिएको सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा बैंकको तर्फबाट दिएको मुद्दामा भएको फैसला उपर पुनरावेदन अदालतमा पुनरावेदन गरी हाल विचाराधिन अवस्थामा रहेको भन्ने बैंकबाट जानकारी हुन आयो । यद्यपि पुनरावेदन अदालत मा मुद्दा विचाराधिन अवस्थामा रहेको र यसमा भ्रष्टाचार पूर्ण कार्य भए गरेको नदेखिए तापनि बैंकको जिम्मेवार तहमा कार्य गर्ने रा.वा.बैंक, काठमाडौं शाखा का तत्कालिन प्रबन्धक हरिप्रसाद उपाध्याय, एल.सि.शाखाका तत्कालिन इन्चार्ज हरि प्रकाशचन्द्र श्रेष्ठ एवं सुरेन्द्रराज राजभण्डारीले माथि उल्लेख भए अनुसार लापरवाहीका साथ आफ्नो जिम्मेवारी अनुसारको पदिय दायित्वको निर्वाह नगरेको कारणले बैंकको लगानी असुल उपर हुन नसकेको पाइयो । अतः यी कर्मचारीहरु उपर बैंकको नियमानुसार विभागीय कारवाई गर्नका साथै बैंकले आफ्नो लगानीको साँवा ब्याज प्रचलित वाणिज्य बैंक ऐन, नियम बमोजिम जो जे कारवाई गर्न पर्ने हो गरी असुल उपर गर्ने बैंकलाई लेखि पठाउने समेत निर्णय भई सोही बमोजिम निर्णय कार्यान्वयन गर्न राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयलाई लेखि पठाइएको छ ।

३. जनकपुर छुरोट कारखाना लिमिटेडको तत्कालिन व्यवस्थापनले अनियमित किसिमले आर्थिक सहायता चन्दा, पुरस्कार वितरण गरेको, भारतीय मुर्ति खरीदमा अनियमितता गरी अख्तियार दुरुपयोग गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान अधिकृत निशुल्क भई छानविन गरिंदा निम्न बमोजिम गर्ने निर्णय भएको ।

१. जनकपुर छुरोट कारखानाले आफ्नो वार्षिक बजेटमा समावेश भएको आर्थिक सहायता चन्दा पुरस्कारको रकम विविध पेशा, वर्गका व्यक्ति एवं निकायलाई निश्चित प्रकृया नअपनाई वितरण गर्ने गरेको देखिएको र सो शिर्षकबाट वितरण भएको रकमको विवरण हेर्दा कारखानाको लक्षित उद्देश्य हासिल गर्ने प्रयोजनको लागि भन्दा कारखानासंग असम्बन्धित व्यक्ति संस्थाको हित गर्ने उद्देश्यले रकम वितरण गरेको देखियो । वार्षिक बजेटमा रकम विनियोजन गरी सो विनियोजीत रकम मध्येबाट सो शीर्षकमा रकम खर्च भएको भएता पनि भएको खर्चको विवरण हेर्दा प्राप्त अख्तियारीको प्रयोगमा विवेकको मात्रा र कारखाना को हित संवर्द्धन गर्ने पक्षमा कमि भएको पाइयो । यसरी अख्तियारीको प्रयोग गर्ने

पदाधिकारी उपर अ.ड.अ.आयोग ऐन नियम एवं सेवा शर्त सम्बन्धी नियमानुसार विभागीय कारवाईसम्म हुन सक्ने हो तर रकम खर्च गर्ने पदाधिकारी हाल बहाल वा नरहेकोले विभागीय कारवाई गरिरहन परेन । तर अब आइन्दा कारखाना-बाट यस शीर्षक अन्तर्गत खर्च गर्दा उपोगको प्रवर्द्धन गर्ने प्रयोजनार्थ खर्च गरिनु पर्ने र त्यसरी खर्च गर्दा यकटा निश्चित मापदण्ड तयार गरी सोही मापदण्ड भित्र रही अख्तियारको सदुपयोग हुन नसाक्ने गरी खर्च गर्ने उचित र मनासिब व्यवस्था गर्नु पर्ने ।

२. कारखानाले आर्जित सुनाफाबाट कर्मचारीहरूलाई थप पुरस्कार वितरण गरेको सम्बन्धमा हुने वर्ष लदा मन्दा निकै प्रगति हासिल गरी सुनाफा आर्जन गरेमा के यसरी कर्मचारीहरूलाई प्रोत्साहित गर्ने वा कति बोनस वा पुरस्कार दिने हो नीतिगत निर्णय गरी प्रचलित ऐन नियमको प्रावधान अनुकूल हुने गरी पूर्व व्यव-स्था मिलाएर मात्र गर्नु पर्ने ।

३. माथि सि.नं.१ र २ बमोजिम पूर्ण सतर्कता अपनाई काम गर्ने सुझाव समेत कारखानालाई दिई सोको जानकारी श्री ५ को सरकार उद्योग मन्त्रालयलाई समेत दिइसकेको छ ।

४. भारतीय सूर्ति खरीद सम्बन्धमा अनुसन्धान गरिंदा कारखानालाई जुरोट उत्पा-दनको लागि चाहिने ९९८७ बाली वर्षको विभिन्न ११ ग्रेडका भारतीय सूर्ति आपूर्ति गर्ने संचालक समितिको निर्णयानुसार ९९८७।४।२३ र २८ को द राइजिंग नेपालमा टेण्डर आव्हान गरिएकोमा विभिन्न ५ वटा भारतीय बोलपत्रदाताहरू ले बोलपत्र प्रस्तुत गरेका रहेछन् । यसै बीच भारतको स्टेट ट्रेडिंग कर्पोरेशन अफ इण्डिया लिमिटेडका चिफ मार्केटिंग मेनेजरले कारखानाको सूर्ति खरीद सम्बन्धमा काठमाडौंको भ्रमण गरेको र सो कर्पोरेशनलाई सूर्तिको पर्याप्त मौज्दात रहेको कुरा उल्लेख गर्दै एस.टि.सि.लाई सो खरीदमा समावेश गरि दिने मन्त्रालयले भारतीय राजदूतावास काठमाडौंले ६ जुन ९९८७ मा उपोग मन्त्रालयमा एक पत्र पठाएको रहेछ । यस अनुसार स्टेट ट्रेडिंग कर्पोरेशन अफ इण्डिया लिमिटेडबाट कारखानाले आ.व.०४४।४५ मा हुई पटक गरी जम्मा भा.रु.४७,०५,६६०।- बराबरको सूर्ति खरीद गरेको देखियो । प्रस्तुत खरीद सम्बन्धी कारवाईको व्यहोरा, संचालक समितिको निर्णय एवं तत्सम्बन्धी कागजातको अध्ययन गरिंदा कारखानाले खरीद गर्ने भारतीय सूर्तिको लागि बोलपत्र आव्हान गर्ने गरेको ।

भारतको स्टेट ट्रेडिंग कर्पोरेशनलाई पनि सो बोलपत्रमा भाग लिन कारखानाले पत्राचार गर्ने गरेको तर सो कर्पोरेशनले बोलपत्रमा भाग नलिई खरीद गर्ने तथा रहेको कुल सूर्ति मध्ये केही ग्रेड र परिमाणमा सप्लाई गर्ने इच्छा जनाई पत्राचार गर्ने गरेको । कारखानाले पनि सो कर्पोरेशनलाई भारत सरकारको स्वामित्वको संस्था भएको र सरकारी संस्थासंग व्यापारिक कारोवारलाई बढावा दिने गरी संभौता गरी सूर्ति खरीद गर्ने गरेको पाइयो । यस सम्बन्धमा सम्बन्धित पदाधिकारीको बयानमा स्टेट ट्रेडिंग कर्पोरेशन भारत सरकारको पूर्ण स्वामित्व रहेको कर्पोरेशन हो । सो कर्पोरेशनले काठमाडौं स्थित भारतीय राजदूतावास मार्फत्त यस कारखानालाई बिक्री गर्ने मन्जायले पत्राचार गर्दा दूतावासले श्री ५ को सरकार उद्योग मन्त्रालयलाई खरीद गर्ने विषयमा पत्र पठाएको र उद्योग मन्त्रालयले ज.उ.का.लि.संग प्रतिक्रिया माग्दा कारखानाका तर्फबाट सिधै कारखानाले सो छुरा गर्ने नभनेर मन्जाय व्यक्त गर्दै तत्सम्बन्धमा भए गरेका सम्पूर्ण काम कारवाईको विवरण संचालक समितिमा पेश हुंदा सो उपर व्यापक छलफल भै हुई सरकारको मातहतमा रहेका सरकारी संस्थानहरु बीचको खरीद सम्बन्धी विषय भएको र ज.उ.का.लि.को आर्थिक प्रशासन नियम, २०४३ को परिच्छेद ५ को नियम १८ को उप-नियम ३ को खण्ड (क) अनुसार विदेशी सरकार मार्फत्त खरीद र ढुवानी हुने मालसामानको हकमा वार्ताद्वारा निर्धारित खरीद ढुवानी गर्न सकिने प्रावधान पनि नियमावलीमा उल्लेख भएको हुंदा र उक्त कर्पोरेशनले सूर्ति बिक्री गर्न मन्जुर गरेको पत्रमा दर भाउ उल्लेख नगरेको भएता पनि संचालक समितिले निर्णय गर्दा समान स्तर र गुणको सूर्तिको मूल्यमा दिन चाहिमा मात्र खरीद गर्ने निर्णय भएको हुंदा सो अनुसार खरीद भएको हो । उक्त खरीदबाट कारखानाको हितमा प्रतिकूल असर परेको देखन पनि उल्लेख गरिएको छ ।

उल्लेखित बयान व्यहोरा तथा तत्सम्बन्धी कागजात तथा कारखानाको आर्थिक प्रशासन नियमहरु, २०४३ को आधारमा हेरिंदा सो खरीदबाट कारखाना को हितमा प्रतिकूल असर परेको देखिंदैन । तथापि बोलपत्रको सूचना बमोजिम बोलपत्रमा नियमानुसार भाग नलिने तर केही ग्रेडको आंशिक परिमाण बिक्री

गर्न मने मन्जुर गरी कारखानाले खरीद गर्ने गरेको प्रकृया मने उचित मान्न सकिदैन । तथापि प्रस्तुत खरीदका सम्बन्धमा कुनै भ्रष्टाचार एवं बदनियतपूर्ण कार्य भए नभएको मन्त्री तर्फ विचार गरिंदा कुई सरकारी स्वामित्वमा रहेका संस्थान बीचको खरीद भएको, स्टेट ट्रेडिंग कर्पोरेशनले आफ्नो बिक्री मूल्य बोलपत्रदाताको बिक्री मूल्य समान कायम गर्न सरकारी स्तरबाट मूल्य निर्धारण गराई घटाएको देखिएको मने खरीद प्रकृया कारखानाको प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियम प्रतिकूल पनि देखिन आएन । यस हदसम्म यो खरीदमा भ्रष्टाचार वा बदनियतपूर्ण कार्य भएको भनि विश्वास गर्न सकिने नदेखिएको ।

४. शाही नेपाल चलचित्र संस्थानको तत्कालिन व्यवस्थापनले ध्वनि तथा रंगीन प्रयोगशाला स्थापनार्थ उपकरण खरीद गर्दा ग्लोबल टेण्डर गरी यू.एस.डलर ८,०१,५६३ मा अमेरिकन पार्टी पलयंगलांग संफ्रीता भएकोमा संफ्रीता बमोजिमको सामान प्राप्त नभई मुकानी दिई संस्थानलाई हानी नोक्सानी पु-याए भन्ने विषयमा अनुसन्धान अधिकृत नियुक्त गरी छानविन गरिंदा उल्लेखित विवादमा संलग्न सार्वजनिक पद धारण गरेका व्यक्तिको काम कारवाई बदनियतपूर्ण रहे भएको स्थिति र अवस्था नभई कुई पक्ष बीच भएको करार कुनै एक पक्षले भंग गरेमा त्यसबाट उत्पन्न दायित्वको पालना भए नभएको कुरा महत्वपूर्ण भएकोले सो अनुसार संस्थानका तर्फबाट कारवाई भयो भएन सो भै हेर्नु पर्ने देखियो । ग्लोबल टेण्डर आव्हान देखि संफ्रीता गर्दासम्मको अवस्थामा भएका कारवाई संस्थानको आर्थिक नियमानुसार भै सम्पन्न भएका र संफ्रीतामा उल्लेखित शर्त अनुसार मुकानीको व्यवस्था गरिएको रहेछ । तर सप्लायर पार्टीले संफ्रीताको शर्त उल्लंघन गरेकोले संस्थानको तत्कालिन व्यवस्थापनले आफ्नो तर्फबाट संस्थानको हित प्रवर्द्धनका लागि कुल अंकको २० प्रतिशत रकम जफत गरी कानूनी कारवाई शुरु गरेको देखियो । अतः यो विवादास्पद कार्य बदनियत र भ्रष्टाचारपूर्ण भनाय्बाट गरेको भन्न सकिने अवस्था भएन । विवादको मूल कारण सप्लायरले करार बमोजिमको कार्य नगर्नु तथा संस्थानका विशेषज्ञ प्राविधिकको सर्वथा अभाव रहेको पाइयो । हाल सो संस्थान कम्पनी ऐन, २०२१ बमोजिम पुनर्गठित भई निगमीकरण को प्रकृयामा रहेको र संस्थान र सप्लायर कम्पनी बीचको विवादका बारेमा पर्मानेन्ट कोर्ट अफ आर्बिट्रेशन मा कारवाई चलिरहेको समेत देखिन आएको हुंदा संस्थानले लिनु पर्ने क्षतिपूर्ति सम्बन्धी

अन्तिम टुंगो समयमै लगाउन प्राप्त भिसिल कागजात संस्थाका पिन्तर पठाइएको ।

५. राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालय काठमाडौंबाट विभिन्न मितिमा कोदन इन्टरप्राइजेज र भेका ट्रेडर्सले धितो राखी कृषा लिएकोमा गोदाममा रहेको धितो सामानहरू लिलाम गर्ने जाँदा उक्त गोदाममा कुनै पनि सामान नभएकोले कोदन इन्टर-प्राइजेजको नाउंमा लिएको सांवा र ब्याज उक्त फर्मका प्रो.भरतकुमार श्रेष्ठ र त्रिकोण ट्रेडर्सका संचालकहरूबाट र भेका ट्रेडर्सका नाउंबाट लिएको कृषाको सांवा र ब्याज उक्त फर्मका प्रो.राजेन्द्र बहादुर श्रेष्ठ र जमानत बस्ने त्रिकोण ट्रेडर्सका डाइरेक्टर शरद बहादुर श्रेष्ठबाट दिलाई, भराई गोदाममा रहेको उक्त फर्महरूको धितोको सामानहरू यस शाखाका कर्मचारीहरू समेतले मिलोमतो गरी हिनामिना गरी भ्रष्टाचारजन्य कार्य गरेको भन्ने सम्बन्धित बैंकको उजूरी निवेदनका सम्बन्धमा अनुसन्धान अधिकृत नियुक्त गरी छानविन गरिंदा उल्लेखित कुनै फर्मका प्रोप्राइटरलाई विश्वासमा पारी त्रिकोण ट्रेडर्सका संचालकहरूले आफूनो सामानहरू धितोमा राखी कुनै फर्मका नाउंबाट लिएको कृषा पार्ट पेमेन्ट गरी प्रो.हरूको मन्जुरीनामा बेगर सामानहरू झिकेको र यी कुनै फर्म का कृषाहरू हामीले चलाएको भन्ने बयानमा समेत स्वीकार गरेको र केन्द्रीय कार्यालय-बाट भएको निरीक्षण रिपोर्टमा यि फर्महरू त्रिकोण ट्रेडर्ससंग सम्बन्धित भएको देखिए-कोले धितोमा रहेको सामानहरू त्रिकोणका संचालकहरू र शाखाका गोदाम रक्षक बद्रि प्रसाद पुन्यालले मिलोमतो गरी हिनामिना गरेको देखिन आएकोले कुनै फर्मका कृषा त्रिकोण ट्रेडर्सका संचालकहरूबाट असुल उपर गर्नु पर्ने देखिन आयो ।

तर मुख्य शाखा कार्यालय काठमाडौंको ०५९।८।१२ को पत्रमा तिर्नु पर्ने रकम २०५० साल आषाढ मसान्तसम्म बुझाएमा पैनाल ब्याज, पुंजिकरण ब्याज र प्रचलित ब्याज समेत नियमानुसार सहुलियत पाउने लेखिएको र त्यही अनुरुप कुनै फर्मका सांवा रकमहरू बैंकको खातामा जम्मा भएको र नियमानुसार लाग्ने ब्याजमा सहुलियत पाउने सम्बन्धमा निवेदन दिई अनुरोध गरिरहेकोमा तत्सम्बन्धी कारवाई चलिरहेके अवस्थामा हुंदा जो जस्तो कारवाई गर्नु पर्ने हो प्रचलित बैंक ऐन नियम बमोजिम गर्ने सम्बन्धित बैंकलाई लेखि पठाई यसमा संलग्न कर्मचारीहरूले कृषा प्रवाह गर्दा लापरवाही, हेलचक्राई र आफूनो जिम्माको काम तदारुकतासाथ गरेको नदेखिएको हुंदा मुख्य अधिकृत नरेन्द्र बहादुर प्रधान, बुद्धिसागर उपाध्याय, रामबाबु शर्मा, रामप्रसाद भण्डारी, पुरुषोत्तम

बहादुर खत्री र गोदाम इन्चार्ज पारसप्रकाश पाण्डेले फर्मका प्रोप्राइटरको मन्जुरीनामा बेगर पार्ट पेमेन्ट गरी सामानहरू त्रिकोणका संचालकहरूलाई दिएकोले अ.दु.अ.आयोग ऐन, २०४८ को दफा १२ बमोजिम विभागीय कारवाईका लागि राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयलाई लेखी पठाइएको । गोदाम रक्षक बद्रिप्रसाद पुर्यालको हकमा निजको मिति ०४७।८।४ मा मृत्यु भई सकेको देखिएकोले निजको विषयमा केही गरिरहन नपर्ने ।

६. पर्यटन विभागबाट त्रिभुवन राजमार्ग स्थित दामन सानिमानी योजना सम्पन्न गर्ने सम्बन्धमा टेण्डर माग गर्दा योजनासंग संलग्न कर्मचारीहरूले ठेकेदारसंग मिली गैर कानूनी ढंगबाट ठेक्का दिई सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान अधिकृत नियुक्त भई छानविन गरिंदा योजनाको लागि टेण्डर आव्हान भएकोमा दर्ता भएको ३ वटा टेण्डर मध्ये सबैभन्दा कम रकम हुने विन्नीराज रञ्जितकारको बोलपत्र स्वीकृति भई ठेकेदार र विभाग बीच ११ सूत्रिय शर्तनामा भएको रहेछ । विन्नीराज रंजितकारको नाममा बोलपत्र स्वीकृत भएको भएता पनि राष्ट्रिय सुद्रा संग्रहालयका तत्कालिन प्रमुख वारकृष्ण श्रेष्ठलाई निजको जमानतमा सम्पूर्ण रकम पेश्की दिएको पनि देखियो । पर्यटन विभागबाट विभिन्न मितिमा पेश्की फछ्यौंट गर्न निज ठेकेदार र जमानी बस्नेलाई तगतकेता गर्दा पनि सो पेश्की फछ्यौंट गरेको पाइएन । सो पछि वि.प्र.वि.बाट मिसिल झिकाई कारवाई शुरु गरी निज वारकृष्ण श्रेष्ठबाट जमानी वापत जग्गा र घर धरौट राखेकोमा पछि अधिकार क्षेत्रको कारणले यस आयोगमा कारवाई फर्कायल प्राप्त भएपछि वारकृष्ण श्रेष्ठले पेश्की फछ्यौंटको लागि भनी रु. ७५,०००।- यस आयोगमा दाखिला समेत गरेको व्यहोरा समेत पेश हुँदा यसमा सरकारी रकम ठेक्का बन्दोवस्त ऐन, २०२० को दफा २१ बमोजिम झुठो व्यक्ति खडा गरी ठेक्का लिन्न र चलाउन हुँदैन भन्ने र दफा २७ बमोजिम कबुलियत बमोजिम काम नगरी ठेक्का तोडेमा त्यसबाट श्री ५ को सरकारलाई भएको नोक्सानी र श्री ५ को सरकारले ठेकेदारसंग लिन पर्ने बाँकी ९०'।. ब्याज समेत ठेकेदारले राखेको धरौटीबाट असुल गर्न निज र निजले राखेको धनकमानी हुने व्यक्तिबाट असुल गरिने छ । तर आफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो काम गर्न नसकेको रहेछ भनी श्री ५ को सरकारले सो बमोजिम असुल गर्नु पर्ने अंकमा मनासिब संझे जति अंक मिनाहा दिन सकनेछ भन्ने

उल्लेख भएकोले सो बमोजिम गर्न पर्यटन विभागलाई लेखि पठाई निज वारकृष्ण श्रेष्ठले यस आयोगमा राखेको धरौटी समेत पर्यटन विभागमा पठाई दिने र निजले राखेको जेथाजमानी निजले पर्यटन विभागमा झिकाउन पर्ने रकम झिकाएको जानकारी आएमा फुकुवा गर्ने निर्णय भएको ।

७. कृषि सचिव समेतले रासायनिक मलको टेण्डर सम्बन्धमा पाँचौं पटक मिति विभिन्न पत्र पत्रिकामा समेत उल्लेखित समाचारलाई उद्धृत निवेदन सरह दर्ता गरी सो उपर आयोगले अनुसन्धान अधिकृत खिलुक गढी ज्ञानविन गरिंदा, कृषि मन्त्रालय कृषि सामग्री संस्थानले आ.व.०४८।४९ मा २८ हजार मे.टन युरिया टोपकर इन्टरनेशनलसंग खरीद गर्ने गरी इण्डोनेशियाबाट मल ल्याउने संझौता भएकोमा इण्डोनेशियाबाट मल निर्यात गर्ने केही समय प्रतिबन्ध लागेकोले बंगलादेशबाट मल निर्यात गर्ने निज सप्लायरले स्वीकृति माग गर्दा टेण्डरमा कबुल गरेको अन्य देश साउदी अरब वा इजिप्टबाटै मल ल्याउनु पर्ने, सो अनुसार ल्याउन नसक्ने भई बंगलादेश बाटै ल्याउन परेमा एल.सी. खोलेको ३० दिन भित्र कलकत्ता बन्दरगाहमा ल्याई सक्नु पर्ने र नल्याइएमा ढिला जरिवाना शुल्कको थप ५० प्रतिशत जरिवाना लाग्ने भनी कृषि सामग्री संस्थानको संचालक समितिको बैठकको निर्णय सप्लायरलाई दिइकोमा विलम्ब शुल्क जरिवानामा विचार गरिनु पर्ने भनी सप्लायरले अनुरोध गर्दा संस्थानले पहिलेकै शर्त बमोजिम हुने जानकारी गराइकोमा निजले पहिलेकै शर्त स्वीकार गरेको र मलको कन्ट्री अफ ओरिजन परिवर्तन गर्ने संस्थानले स्वीकृति प्रदान गरेकोमा कृषि मन्त्रालयले मन्त्रिपरिषद् आर्थिक समितिबाट युरिया मल २८ हजार मे.टन सप्लाई गर्ने टेण्डरदाता ले कन्ट्री अफ ओरिजन परिवर्तन गरी बंगलादेश राखिएको मलि गरेको अनुरोधलाई संस्थान को संचालक समितिको मिति २०४९।२।४ मा गरेको निर्णयलाई टेण्डरदाताले स्वीकार नगरेकोले अस्वीकृत गर्ने निर्णय लिइकोले अस्वीकृतको लागि कारवाई गर्ने निर्देशन संस्थान लाई दिइको देखिंदा यसमा टोपकर इन्टरनेशनल र कृषि सामग्री संस्थान बीच मल सप्लाई गर्ने विषयमा कन्ट्री अफ ओरिजन परिवर्तन गर्ने कुरामा संझौता भएको विषयलाई स्वीकारे तापनि त्यसलाई मन्त्रिपरिषद्को २०४९।३।१८ को निर्णय र मन्त्रिपरिषद् आर्थिक समितिको २०४९।३।१९ को निर्णयले टोपकर इन्टरनेशनलसंगको संझौता अस्वीकृत गर्ने आदेश भएको हुंदा फी ५ को सरकार मन्त्रिपरिषद्को मिति २०४९।४।५ को सरकारी कैतरमा वार्ताद्वारा मल खरीद गर्ने निर्णय भएबाट टोपकर

इन्टरनेशनलसंगको संझौता बमोजिम लिंदाको मूल्य र सरकारी स्तरमा वार्ता गरी खरीद गरिएको मूल्य र नेपालसम्मको ढुवानी भाडा जोड्दा प्रति मे.टन १८४.१६ अन्तर हुने अर्थात् प्रति मे.टन सो रकम बढी तिर्नु परेकोले श्री ५ को सरकारलाई पुग्न गएको हानी सम्बन्धमा मन्त्रिपरिषद्लाई जानकारी गराउने निर्णय भई सोही बमोजिम जानकारी गराइएको ।

८. स्वास्थ्य मन्त्रालय अन्तर्गतको स्वास्थ्य सेवा विभागले आर्थिक वर्ष ०५०।५१ को लागि औलो तथा कालाज्वर नियन्त्रण गर्न बृटेनको एउटा कम्पनीबाट निर्मित आइकोन नामक किटनाशक विषादि खरीद गर्न टिप्पणी पेश गरेकोमा विश्व स्वास्थ्य संघको स्पेशिफिकेशन नै प्राप्त नभएको जापानको एउटा कम्पनीद्वारा निर्मित मेक्ट्रोन नामक किटनाशक विषादि सोझै जापानी कम्पनीसंग सम्पर्कमा आई मन्त्रालयले खरीद गर्ने निर्णय गरेको हुंदा बदनियत राख्ने कर्मचारी उपर कारवाई गरी औषधी बजारमा आउन नदिने व्यवस्था समेत गरी पाउं भनि यस आयोग समक्ष परेको उजूरी सम्बन्धमा अनुसन्धान अधिकृत नियुक्त भई छानविन गरिंदा निम्न बमोजिम भए गरेको देखिएकोले निम्न बमोजिम गर्ने निर्णय भएको ।

फायल साथ संलग्न तथ्यले स्वास्थ्य मन्त्रालयबाट आइकोन नामक किटनाशक विषादि खरीद गर्न पेश भएको टिप्पणीमा जापानको एउटा कम्पनीद्वारा निर्मित मेक्ट्रोन खरीद गर्ने निर्णय गर्दा निर्णय गर्ने अधिकारीले वाध्यात्मक रूपमा पालना गर्नु पर्ने कार्यविधि पालना नगरेको मात्र नभई मन्त्रालय स्तरबाट खरीद गर्ने कार्य गर्दा सो को निमित्त आवश्यक पर्ने कागजात समेत पूर्ण रूपमा नहेरी निर्णय गर्न पुगेको देखियो । योजना महाशाखाबाट पेश भएको डाटाहरूलाई पुष्टि गर्ने प्रमाणको श्रोत विना नै निर्णय गरेको थियो भन्ने कुराको पुष्टि स्वयं मन्त्रालयले आयोगबाट छानविन शुरू भएपछि प्राविधिक समिति गठन गरी खरीद गर्ने कार्य स्थगित गरेको कारणबाट पुष्टि भएको छ । अतः प्रस्तुत सन्दर्भमा भ्र.नि.ऐन बमोजिम सो कार्य गर्नमा संलग्न कर्मचारी उपर मुद्दा दायर गर्न हाललाई खरीद गर्ने कार्य भई नसकेको, तर सो कार्यका लागि एल.सी.खोल्न अर्थ मन्त्रालयलाई अनुरोध गर्नेसम्मको काम भए गरेको देखिंदा निम्नलिखित पदाधिकारी एवं कर्मचारीलाई निम्नानुसार कार्यवाही गर्ने र सो सम्बन्धमा श्री ५ को सरकारलाई किटनाशक विषादि छर्कने वारे निम्न सुझाव दिने ।

क) आर्थिक वर्ष ०५०।५१ को लागि किटनाशक विषादि खरीद गर्ने सम्बन्धमा स्वास्थ्य सेवा विभाग एवं मन्त्रालयबाट पेश भएको टिप्पणीमा आइकोन भन्दा भेक्टोन सुरक्षित, कम खर्चिलो बढी असरदार भन्नुको साथै भेक्टोन बारे पूर्व गरिएको ट्रायल सम्बन्धी कुनै विवरण नदेखाई टिप्पणी पेश भएकोमा नीतिगत रूपमा सो औषधी खरीद गर्ने निर्णय विभागीय मन्त्रीबाट भएकोसम्म देखियो । तर खरीद प्रकृया, त्यसको अपनाउनु पर्ने कार्यविधि त्यसमा पर्न आउने खर्च आदि को पूर्ण विवरण तयार गर्ने कार्य सचिव मातहतका अधिकृत एवं कर्मचारीले हेर्ने विषय हुँदा यस सम्बन्धमा अन्यथा भन्नु पर्ने अवस्था देखिएन ।

ख) औलो तथा कालाज्वर नियन्त्रण गर्ने प्रयोजनका लागि श्री ५ को सरकारबाट विनियोजित रकम खर्च गर्ने कार्य गर्दा त्यसको औचित्य एवं खर्च गरिने कार्यविधि सम्बन्धमा ऐन, नियमले गरेको प्रावधानहरूको समुचित रूपमा पालना गराउनु पर्ने एक अनिवार्य शर्त हो । यस बारे स्वास्थ्य मन्त्रालयबाट भएको कारवाई एवं कोटेशन प्राप्त गर्ने पद्धति हेर्दा तद्नुरूप भएको भन्न मिल्ने अवस्था नरहेकाले हाल लाई खरीद गर्ने कार्य स्थगित गरिएको भएता पनि आइन्दा तत्सम्बन्धी काम कारवाईहरू गर्दा प्रचलित कानूनको परिधि भित्र रही कार्य गर्न स्वास्थ्य मन्त्रालय लाई सचेत गराउने ।

ग) किटनाशक विषादि खरीद गरी देशका विभिन्न भागमा छर्कने कार्य गर्दा त्यसबाट वातावरण एवं मानिस, पशुपंक्षी लगायत रूख बिरूवा, बालीनाली आदिमा पर्न सक्ने असर र त्यसबाट उत्पन्न हुने विकृति एवं प्रदूषण बारे पूर्व मूल्यांकन गरी औलो नियन्त्रण पनि गर्ने यता वातावरण प्रदूषण हुन पनि नदिने कार्य गर्ने के कस्ता ठाउँहरूमा के कति मात्रामा सो विषादि छर्कनु वान्छनीय हुन्छ त्यस बारे सम्बन्धित विषयका विशेषज्ञहरू बीच छलफल गरी नीतिगत रूपमा ने निर्णय लिनु वर्तमान सन्दर्भमा उपयुक्त भएकाले सो अनुसार नीति निर्देशन हुन श्री ५ को सरकारबाट निर्णय लिनु उपयुक्त देखि मन्त्रपरिषद्मा सो कुराको सुझाव लेखि पठाउने ।

घ) स्वास्थ्य सचिव श्री जगदीश्वर उपाध्यायले पदीय कर्तव्य पालनको सिलसिलामा गरेको कारवाई हेर्दा आर्थिक वर्ष ०५०।५१ को किटनाशक विषादिहरूमा विगत

वर्षमा भर्ने आइकोन खरीद गर्ने गरी स्वा.से.विभागबाट टिप्पणी पेश भएकोमा निज सचिवले मन्त्रालय अन्तर्गतको योजना महाशाखाबाट राय माग गरेको देखियो जहांसम्म योजना महाशाखाले गर्नु पर्ने काम भन्ने विषय छ त्यसलाई यथावत राखी विचार गर्दा सो महाशाखाबाट पेश भएको रायमा आइकोन भन्दा मेकट्रोन व्यवस्थापकिय, आर्थिक एवं सुरक्षाको दृष्टिकोणले उपयुक्त हुंदा मेकट्रोन खरीद गर्ने प्रस्तावित भएको छुरालाई यथावत रुपमा स्वीकार गरी प्रस्तावित खरीद गरिने औषधि बारे पुष्टि गर्ने अधिकारीक आधार नहेरी विभागीय मन्त्री समक्ष पेश गरी निर्णय गराएको, एकमटक मन्त्रालयबाट निर्णय भई सकेको छुरामा ०५०।१२। ११ मा आफूले अध्यक्षतामा ५ जना डाक्टरहरुको निर्णय गराई आफूनो पूर्व निर्णय ठिक छ भनि समर्थन गराएको, यसै गरी यस आयोगमा मिति ०५०।१२।२३ मा प्राविधिक समितिको प्रतिवेदन अनुसार सो खरीद गर्ने कार्य स्थगित गरिएको जानकारी आयोगलाई प्राप्त भएबाट सचिवस्तरबाट छुने विषयमा निर्णय लिंदा औचित्य भित्र प्रवेश गरी तथ्यको आधारमा लिनु पर्ने विषयलाई गम्भीरतापूर्वक नहेरिएको भन्नु पर्ने हुन्छ । साथै विभागबाट सो औषधी खरीद गर्ने सम्बन्धमा फर्वायल पेश गर्दा ८ डिसेम्बर १९९३ मा कोटेशन माग गरी १६ डिसेम्बरमा आइकोनको कोटेशन प्राप्त भएको देखिन्छ भने उता ६ डिसेम्बर १९९३ मा नै अर्थात् खरीद गरिने टिप्पणी विभागबाट पेश गरिनु पूर्व नै निज सचिवको नामबाट सम्बोधन गरी जापानको साथि उल्लेखित कम्पनीबाट कोटेशन प्राप्त भइसकेको देखियो । यता स्वास्थ्य सेवा विभागका महानिर्देशक श्री रामनन्दन सिन्हाले सो औषधी खरीद गर्ने सम्बन्धमा पहिला विभागबाट पेश भएको टिप्पणीमा सहमति जनाई पेश गरेको र पछि मन्त्रालयको योजना महाशाखाले पेश गरेको टिप्पणीमा सचिवले राय माग गर्दा योजना महाशाखाको राय नै मनासिव छ भन्नुका साथै यस आयोग समक्ष बयान दिंदा विभागबाट टिप्पणी पेश गर्दा सचिवमा खरीद भई आएको, तर पूर्व ट्रायल सम्बन्धी जानकारी नभएको भनी बयान दिएकाले निज सिन्हाले पदीय कर्तव्य पालनको सिलसिलामा गरेको कारवाहीलाई उत्तरदायित्वपूर्ण भन्न सकिने अवस्था देखिएन । अतः निजहरु हुने जना विभागीय प्रमुख (सचिव र महानिर्देशक) लाई आफूनो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने

पदीय कर्तव्य पालन नगरेको हुंदा सम्बन्धित सेवाको ऐन, नियम बमोजिम विभागीय कारवाई गर्ने अख्तियारवाला समक्ष लेखि पठाउने ।

ङ०) स्वास्थ्य मन्त्रालय, योजना महाशाखाका सह-सचिव डा.कोकिला वैद्य एवं उप-सचिव गोविन्द प्रसाद कुसुमको हकमा अनुसन्धान तहकिकातबाट देखिए अनुसार सचिवले राय माग गरेको उक्त विषादि खरीद गर्ने बारे पेश भएको टिप्पणीमा मेक्ट्रोन र आइकोनको तुलनात्मक चार्ट विवरणको आधिकारीक स्रोत उल्लेख नगरी आइकोन भन्दा मेक्ट्रोन खरीद गर्नु उपयुक्त छ भनि राय उल्लेख गरेको, मेक्ट्रोन बारे नेपालमा पूर्व ट्रायल भएको व्यहोरालाई आफ्नो टिप्पणीमा समावेश नगरेको, गलत डाटाहरू प्रस्तुत गरी टिप्पणी पेश गरेको सो सम्बन्धमा आयोग समक्ष बयान गर्दा उप-सचिवले सह-सचिवको निर्देशानुसार टिप्पणी पेश गरेको हुं भनेता पनि त्यसलाई विश्वास गर्ने आधार नभएको यता सह-सचिवले मेक्ट्रोन खरीद गर्ने सम्बन्धमा विभिन्न विशेषज्ञहरूको राय प्राप्त गरेर पनि टिप्पणीमा सो छुरालाई आफ्नो अनुकूल अर्थ गरी पेश गरेको देखिंदा निजहरू डुबेजनाले पद अनुसार कर्तव्य पालन गरेको भन्न मिलेन तर प्रस्तुत विवादमा हानी नोक्सानी भइसकेको भन्न नमिल्ने हुंदा निजहरू डुबेजनालाई सेवा शर्त बमोजिम विभागीय कारवाई हुन अख्तियारवाला समक्ष लेखि पठाउने ।

च) स्वास्थ्य मन्त्रालयबाट खरीद गरिने किटनाशक विषादि छुन खरीद गर्नु पर्छ वा पर्दैन, खरीद गरिनु पर्ने भए के कति परिमाणमा कति असर रहन सक्ने किटनाशक विषादि कहांबाट खरीद गरिनु पर्ने हो ? खरीद गरिने औषधीको लागि विनियोजित बजेट, देशको आवश्यक औषधीबाट पर्न सक्ने असर आदि सम्पूर्ण छुरामा ध्यान पुऱ्याई कानून बमोजिम निर्णय गर्ने कार्य स्वास्थ्य मन्त्रालयकै भएकाले सो सम्बन्धमा आयोगबाट निर्णय गरिनु सान्दर्भिक नभएकोले यस सम्बन्धमा कानून बमोजिम मन्त्रालयबाटै कारवाई गरी कारवाईको जानकारी आयोगलाई दिन समेत लेखि पठाइएको ।

६. कुकुम कारागार भवन निर्माण गर्न मन्त्रालयबाट पठाएको बजेट प्र.जि.अ.सानुबाबु खत्रीले टेण्डर आव्हान गरी ठेकेदारहरूबाट निर्माण गराउनु पर्नेमा अनुचित फायदा उठाउनको लागि अमानतमा बनाउन लगाई निम्नस्तरको निर्माण सामग्री प्रयोग गरी कीर्ते बिल

भरपाई बनाई लाखौं रुपैया हिनामिना गरी भ्रष्टाचार गरे भन्ने विषयको निवेदन वि.प्र.वि.मार्फत यस आयोगमा प्राप्त भई अनुसन्धान अधिकृत तोकिई अनुसन्धान गरिंदा उल्लेखित कारागार भवन निर्माण सम्बन्धमा समावेश कागजात र प्राविधिकले पेश गरेको प्रतिवेदन समेतबाट निकासा भएको बजेट रकमबाट इष्टिमेट अनुसार प्राविधिक को सक्रिय सुपरीभिजनमा उक्त कारागार भवन निर्माण भएको भन्न सकिने अवस्था नरहेको, कारागार भवन बनाउन बजेट निकासा दिई निर्माण गराउन निर्देशन गर्ने सम्बन्धित मन्त्रालयले निकासा भएको रकमबाट तयार हुने योजना ल.ई.बमोजिम तयार भयो भएन, तयार भएको भए योजनामा निकासा भएको रकमबाट के कति खर्च भयो त्यस बारेको जानकारी लिई लेखा परीक्षण गराई भेरुता राख्न लगाउनु पर्नेमा हाल सम्म जाँचपास भएको नदेखिंदा जाँचपास तफर्ं कारवाई गरी ल.ई.बमोजिम काम नभएको देखिएमा नभएको कामको रकम ठेकेदार वा खर्च गर्ने अधिकारीबाट असुल उपर गर्नु पर्ने हो । आर्थिक नियम बमोजिम गराउनु पर्ने दायित्व सम्बन्धित मन्त्रालयको नै भएको हुंदा कारवाईबारे भ्रष्टाचार देखिन आएमा यस आयोगमा पठाउने गरी उक्त आयोजना को जाँचपास गराई आर्थिक नियम अनुसार कारवाई गर्न गृह मन्त्रालयमा पठाइएको ।

१०. कैलाली जिल्लाका स्थानीय विकास अधिकारी गिरीधारी रेग्मीले विभिन्न किसिमको अनियमितता तथा भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान अधिकृत नियुक्त गरी अनुसन्धान तहकिकात गरिंदा मालसेती हेल्थपोष्ट भवनको छाना मर्मत गर्दा ल.ई. बमोजिमको २४ गेजको जस्तापाता बजारमा नपाउंदा २६ गेजको जस्तापाता प्रयोग गरेको र बिलबाट २६ गेज जस्तापाताको रकम भुक्तानी भएको २४ गेजको रकम भुक्तान भएको देखियो । २४ गेजको जस्तापाता बजारमा नपाउंदा २६ गेजको लगाउने निर्णय हुनु पर्नेमा सो भएको लिखित प्रमाण देखिएन । यसमा प्रकृयागत त्रुटि भई ठेकेदारलाई बढी रकम भुक्तानी हुन गएको देखिएकोले उक्त मालसेती हेल्थपोष्ट भवनको छाना मर्मत गर्दा २६ गेज जस्तापाताको रकम भुक्तानी गर्नु पर्नेमा २४ गेज जस्तापाताको भुक्तानी हुन गएकोले बढी भुक्तानी हुन गएको रकम कानून बमोजिम कारवाई गरी सम्बन्धितबाट असुल उपर गर्ने कारवाईको लागि स्थानीय विकास मन्त्रालयमा पठाइएको ।

११. नेपाल टेलिकम संस्थानका माथिल्लो तहका हाकिमहरुले सार्वजनिक टेलिफोनबाट रु. १० लाख भन्दा बढी रकम दुरुपयोग गरेको, खाली टेलिफोन लाईनबाट रु. २६ लाख भन्दा

बढी विलिंग भएको, नेपालगन्जको क्षेत्रीय गोदाम घर र छाउनीमा -याक निर्माण गर्दा भ्रष्टाचार भएको र विभिन्न निर्माण कार्य गर्दा नन्डु साह पथिकले अनुचित आर्थिक लाभ उठाएको भन्ने समेत विषयहरुमा अनुसन्धान अधिकृत निम्नुक्त भई अनुसंधान तहकिकात गरिदा निम्न बमोजिम गर्ने निर्णय भएको ।

क) सर्भिस टेलिफोन सुविधा बापत अधिकृत कर्मचारीहरुको निवासमा जडिएको टेलिफोन लाईनबाट २०४७ साल आषाढ सम्म रु. ४०,००,०००।-(बयालिस) मन्दा बढीको बिलिंग भएको भन्ने उजुरी सम्बन्धमा लेखा परीक्षण प्रतिवेदन बाट सो अवधिको रु. ४० लाख ६४ हजार असुल हुन बाँकी बेरुजु रहेको देखियो । यो रकममा थप तथा असुल हुदै आ.व. ०४७।४८ सम्म रु. ६,०७,००७।६२ असुल हुन बाँकी रहेको, आ.व. ०४८।४९ सम्ममा उक्त रकममा थप तथाअसुल हुदै रु. ४,६८,६८२।५२ बाँकी रहेकोमा ०४९।५० आ.व. सम्ममा यो रकममा थप तथा असुली भई रु. १४,३७,८६२।८१ पुग्न गएको र आ.व. ०५०।५१ को पौष मसान्त सम्म रु. १,१३,६६१।६८ असुल भएको छ । अतः टेलिफोन सुविधाको रकम साल साली थपिने र असुल पनि हुने गरेको देखिएकोले भ्रष्टाचारजन्य काम भएको भन्न मिलेन तर लगत मन्दा असुलीको काम सन्तोषजनक भन्न नसकिने हुँदा असुल पनर्मूल्यांकन तर्फ संस्थाको ध्यान आकृष्ट गराइएको छ ।

ख) संस्थाले वितरण नगरेका खाली टेलिफोन लाईनमा २०४७ आषाढ सम्ममा रु. २६ लाख मन्दा बढी बिलिंग भएको भन्ने उजुरी सम्बन्धमा आ.ले.प.प्रतिवेदनबाट सो अवधिको रु ४२ लाख ५८ हजार बेरुजु रकम देखिन आयो । सो रकम मध्ये आ.व. ०४७।४८ मा ग्राहक पाएपछि जडितको ग्राहकको नाममा रु. १३,८७,६३८।८७ ट्रान्सफर भई रु २८,७०,३६१।१३ बाँकी रहेकोमा थपघट हुदै आ.व.०४९।५० सम्मको रु. १,१८,४०१।८४ मात्र बाँकी देखियो । आ.व.०५०।५१ पौष मसान्त हुने रकम असुल भएको देखिदैन । संस्थाले निगरानी दल गठनगरी यो समस्याको समाधान गर्ने प्रयास गरेपछि पनि खाली लाईनमा बिलिंग भएको प्राप्त विवरणबाट देखिन्छ । प्रशासनिक र प्राविधिक त्रुटिका साथै अनाधिकृत प्रयोग बाट यसरी खाली लाईनमा बिलिंग भएको देहतावाट स्पष्ट भए पनि अनाधिकृत प्रयोग गर्ने व्यक्ति र अनधिकृत प्रयोग भएको द्वारा प्रमाणित हुने सबुद प्रमाणको अभावमा कारवाई अगाडी बढाउने स्थिति देखिएन । २०४६ साल माघ, फागुन र चैत महिनामा बढी बिलिंग भएको निगरानी दल गठन भै कार्य भए

पश्चात पनि खाली लाईनमा बिलिंग भएको देखिंदा यस सम्बन्धमा यस्तो कार्य रोक्न कडा कारवाई गरी जानकारी दिन संस्थानको केन्द्रीय कार्यालयलाई लेखी पठाएको छ ।

ग) संस्थानको नेपालगन्ज स्थित क्षेत्रीय गोदाम घर निर्माण गर्दा कार्य ने नभई रु. ३,३१,११७।१५ भुक्तानी दिई रु. २,४९,८९३।७९ हिनामिना भयो भन्ने उजूरी सम्बन्धमा क्षेत्रीय स्टोर भवन कम्प्लेक्स निर्माण गर्ने कंकाली कन्स्ट्रक्शन वारालाई १३ महिना भित्र कार्य सम्पन्न गर्ने गरी रु. २९,८१,२७४।६० मा ठेक्का दिएकोमा बिजुली वाइरिंग र स्टील ब्याकहरु सप्लाई गर्ने काम बाहेक अरु सिभिल कामको निर्माण कार्य सम्पन्न गरी मिति २०४७।१०।२० मा ठेकेदारले कार्य सम्पन्न प्रतिवेदन दिएपछि थप भएको म्याद भित्र सिभिल कार्यको सम्पूर्ण कार्य पूरा गरेकोले सिभिल कार्यको बिलको रकम भुक्तानी गर्ने, फलामे ब्याक र बिजुली वायरिंगको कार्य सोही ठेकेदारबाट नगराई यो कार्यको पुनः मूल्यांकन गरी छुट्टै कंकाली कन्स्ट्रक्शनको ठेक्का पट्टा तोड्ने भन्ने र पूरा गरेको सिभिल कार्यको जांचपास गराई ठेकेदारले पाउने रकम र धरौटी रकम भुक्तानी तथा फिर्ता गरी ठेक्का यसै स्थितिमा टुंग्याउने भन्ने क्रमशः मिति ०४८।४।१४ र मिति ०४८।६।१६ मा संचालक समितिबाट निर्णयहरु भएको सो अनुसार मिति ०४८।८।२६ मा रु. २५,९८,६४८।५९ को जांचपास भई रु. ३९,२९३।०७ भुक्तानी दिन बाँकी भएको देखियो । बिजुली वायरिंग र ब्याकको काम भएको देखिंदैन र सो वापतको रकम भुक्तान भएको समेत नदेखिएकाले उजूरीको व्यहोरा सांचो भन्न मिलेन ।

घ) संस्थानका उच्च पदस्थ हाकिमहरुले व्यापक भ्रष्टाचार गरेको भन्ने विषयमा उजूरीमा व्यक्ति तथा कार्य नखुलेको र तथ्ययुक्त आधार नभएकोले यस विषयमा केही गरिरहनु परेन ।

ङ०) आयोजना कार्यान्वयन विभागका तत्कालिन आयोजना प्रबन्धक नन्दु साहु पथिक ले वीरगन्ज देखि रक्सौलसम्मको भूमिगत केबुल वर्क निर्माण, छाउनी स्थित एक्स-चेन्ज भवन निर्माण र ग्रामीण दूर संचार आयोजनाको नयां भवनहरु निर्माण गर्दा अनुचित आर्थिक लाभ उठाई घर बनाएको भन्ने तर्फ विचार गर्दा वीरगन्ज

रा.

देखि रक्सौलसम्मको केवल वर्क निर्माण सम्बन्धमा उजुरीमा उल्लेख भएको प्रमाण नभएको, बक्सचेन्ज भवन निर्माणमा भ्रष्टाचार गरेको भन्न सकिने अवस्था नभएको भनि यसै आयोगको मिति ०५०।३।२९।२ को बैठकबाट निर्णय भइसकेको र ग्रामीण दूर संचार आयोजनाका नयाँ भवनहरू टेलिफोन ट्रान्समिशन आयोजना बाट निर्माण भई निजको संलग्नता नदेखिएको हुंदा सबुद प्रमाणको अभावमा सो निर्माण कार्यहरूबाटै अनुचित आर्थिक लाभ उठाई निजले घर बनाएको भन्न सकिने अवस्था नदेखिंदा यस विषयमा केही गरिरहनु परेन ।

च) संस्थानको छाउनी स्थित केन्द्रीय स्टोरमा स्टोरिंग सिष्टमका लागि -याकहरू निर्माण गर्दा रु.९५,६००।- हिनामिना भयो भन्ने उजुरी दावी सम्बन्धमा हिनामिना भए नभए तर्फ हेर्दा स्टोरिंग सिष्टमका लागि फलामको -याक र सेफहरू सप्लाई तथा जडान गर्न काम्रे आइरन फर्निचर उद्योग, लगनखेल ल.पु. लाई ६ महिनाभित्र कार्य सम्पन्न गर्ने गरी मिति ०४६।३।२७ मा रु.१२,२६,१००।- मा ठेक्का दिएको, सो काम सम्पन्न भएपछि मिति ०४७।१।१८ मा रु.१२,३१,४००।- को जाँचपास भई रकम भुक्तानी भएको र इक्वीपमेण्ट कम्पोनेन्ट सेल्फमा एक इकाई थपी रु.५,३००।- ठेक अंक भन्दा बढी भुक्तानी दिएको देखिन्छ । ०४७।२।२७ को आ.ले.प.प्रतिवेदन अनुसार यो निर्माण कार्य मध्ये ६८ थान -याकको २७२ खुट्टा मध्ये २६४ नबनाएको, -याकहरू एक अर्कोलाई नजोडेको र -याकको पछाडी ४०८ ठाउंमा फिक्स नगरेकोले सोको हुने अनुमानीत रकम रु.९५,६००।- सि.ई. नरेन्द्रराज भट्टराई र आयोजना प्रबन्धक नन्दु साहु पथिकको नाममा बेरुजु कायम भएको । यस सम्बन्धमा जांची प्रतिवेदन गर्न संस्थान ले खटाएका जांचबुझ गर्ने अधिकृतहरूले जांची दिएको प्रतिवेदनमा रु.२,९८,६६४।०९ को काम नभएको भनेको उक्त प्रतिवेदनमा उल्लेखित कतिपय कुराहरूमा सि.ई. नरेन्द्रराज भट्टराई र ठेकेदार नरेन्द्रराज गिरीको बयानमा फरक पर्न गएकोले यो कार्यको जांचबुझ गर्ने अधिकृतहरू र यस केशमा तारेखमा रहेका व्यक्तिहरू सबैको रोहवरमा यस आयोगको प्राविधिक टोलीले स्थलगत निरीक्षण गरी दिएको प्रतिवेदनबाट रु.१,६७,७४१।८१ नभएको कामको बढी भुक्तानी हुन गएको देखिन्छ । ठेक अंक भन्दा रु.५,३००।- को एक इकाई सेल्फ लिएको र नभएको कामको बढी

रा.

भुक्तानी दिएको तर्फ विचार गर्दा तोकिएको युनिट भन्दा १०% घटी वा बढी युनिट लिन सकिने छ भन्ने टेण्डरमा उल्लेख भएको देखिंदा यस तर्फ विचार गरिरहनु परेन । डूईड० डिजाइन अनुसार दिवाल र भुईमा -याकहरू फिक्स नगर्दा एफिसियन्सी र फ्लेक्सीबिलिटी बढ्न जाने हुंदा नगराएको भन्ने कुरा सम्बन्धित प्राविधिकले केन्द्रीय कार्यालयमा लेखेको बयानमा समेत सोही कुरा उल्लेख गरेको र यसरी निर्माण भएका -याकहरूबाट कार्य संचालन समेत भइरहेको देखिएता पनि यो निर्माण कार्यको डिजाइन र स्पेसिफिकेशन अनुसार केही काम नभएको । यो कामको विस्तृत ल.ई. नभई प्रति इकाईको ल.ई. कायम गरी बोलपत्र आव्हान गरेकोले शुरूमा संस्थानले यस तर्फ ध्यान नपुऱ्याएको र पछि बिलको भुक्तानी दिने क्रममा नभएको कामको हुन सक्ने रकम इष्टमेट गरी कटाएर मात्र दिनु पर्नेमा सो नगरी नभएको कामको रकम कटाउन टेण्डरमा ने दर रेट नभएको कारणलाई आधार मानी रनिंग बिलहरूमा प्रति इकाईके दरले रकम भरी भुक्तानी दिएको । यसरी भुक्तानी दिंदा संस्थानलाई हानी भएको । यसै विषयमा संस्थानलाई हानी हुन गएको रकम असुल गरी सम्बन्धित कर्मचारीहरूलाई विभागीय कारवाई गर्न संस्थानले शुरू गरी मिति २०५०।१।४ मा बसेको संचालक समितिको निर्णय अनुसार आयोगको निष्कर्ष बुझी कारवाई गर्ने वा संस्थानको विनियमावली अनुसार विभागीय कारवाई गर्ने भन्ने बारे संस्थानबाट निर्देशन माग भई आएको देखिएको र यो काममा शुरू देखिने प्रशासनिक र प्राविधिक हुवै किसिमका सामान्य त्रुटिहरू भई यी त्रुटिहरूका बावजुद निर्माण कार्य सम्पन्न गरी कार्य संचालन समेत भइरहेको देखिंदा संस्थानको नियम अनुसार यस सम्बन्धमा विभागीय कारवाई गर्न नेपाल दूर संचार संस्थान केन्द्रीय कार्यालयमा लेखि पठाई भएको कारवाईको जानकारी आयोगमा पेश गर्न समेत निर्देशन दिइएको छ ।

१२. नेपाल खाद्य संस्थानले भारतबाट खरीद गरी ल्याएको मील संस्थानले आम्दानी ने नबांधी भुक्तानी दिई भ्रष्टाचार गरे भन्ने विषयमा परेको उजुरी उपर अनुसन्धान अधिकृत नियुक्त भई छानबिन हुंदा तत्कालिन राष्ट्रिय चामल कारखाना हाल नेपाल खाद्य संस्थानले केही वर्ष अघि भारतको मद्रासको बिन्नी कम्पनीबाट खरीद गरी ल्याएको करीब रु.६ लाखको हाल हेटौंडा गोदाममा राखिएको पुरानो कामे नलाग्ने अवस्था

को मील संस्थानमा आम्दानी समेत नजनाई भुक्तानी दिने नहुनेमा अनियमित तरिकाले भुक्तानी दिएको सम्बन्धमा तत्कालिन राष्ट्रिय चामल कारखानाका व्यवस्थापक श्रीमती शान्ता शर्मा तथा हेटौंडाका मील मैनेजर सानुरत्न स्थापितले आफ्नो पदीय मर्यादा र कर्तव्य विपरित पूर्णतः लापरवाही गरी तोकिएको रकमको ९० ।.पहिले नै भुक्तानी दिएको र बेसाबुद देखिएपछि सम्बन्धित कम्पनीसंग लेखापढी गरी साबुदगराई संचालन गराउनु पर्नेमा त्यसो नगरी मैशीनरी सामान त्यसै बेकम्मा हुन गई खरीद रकम नोक्सान हुन गएको देखिएकोले भ्रष्टाचारको सबुद पुग्न नआए पनि लापरवाहीको कारणबाट नोक्सानी हुन गएको देखिंदा निम्न बमोजिम गर्ने गरी सम्बन्धित मन्त्रालयमा लेखि पठाएको ।

क) विन्नी लिमिटेड मद्रासबाट प्राप्त भई हेटौंडामा रहेको मीलका सम्बन्धमा चांडो टुंगो लगाउन आपूर्ति मन्त्रालयका सचिवलाई निर्देशन दिइएको ।

ख) यससंग सम्बन्धित पदाधिकारीहरूलाई विभागीय कारवाई गर्ने सम्बन्धमा ने.खा.सं.मा भएको काम कारवाई सम्बन्धमा छानविन आयोगले पेश गरेको प्रतिवेदनमा स्पष्ट उल्लेख भई सकेकोले सो कार्यान्वयन गर्न गराउन र सोको जानकारी दिन सम्बन्धित मन्त्रालयमा लेखी पठाएको ।

१३. नेपाल खाद्य संस्थान अन्तर्गत हुम्ला जिल्लामा भेडापाठाबाट ढुवानी भई आएको चामल खरीदमा भ्रष्टाचार भएको भन्ने उजुरी उपर अनुसन्धान अधिकृत नियुक्त गरी अनुसन्धान गरिंदा खाद्य संस्थानले यस सम्बन्धमा जांचबुझ गर्न पठाएकोमा जांचबुझ भई पेश भएको प्रतिवेदनबाट खरीद सम्बन्धमा शंका देखिएको र तत्कालिन महाप्रबन्धकले विभागीय कारवाई तथा अतुल उपर सम्बन्धी अन्य कारवाई चलाउने गरी दिएका आदेश बमोजिम तत्कालिन उपशाखा प्रमुख भरत बहादुर सिं, बेत बहादुर स्वार उपर कारवाईका लागि स्पष्टिकरण माग गरेको प्रमाणमा आएको फाइलबाट देखिएकोले सो बमोजिमको कारवाई पुरा गरी दोषि देखिएका व्यक्तिलाई विभागीय सजाय गर्न र कारवाईबाट भ्रष्टाचार भएको देखिएमा तत्सम्बन्धी कारवाई गर्ने निकायमा पठाउन लेखिएको ।

१४. हुम्ला जस्तो धानको अभाव भएको जिल्लामा आ.व.०४५।४६ मा उसिना मोटो चामल खरीद गरी ने.खा.सं.ले भ्रष्टाचार गरेको कुरा विभिन्न आधारमा यस संघमा प्राप्त हुन आएकोले सो सम्बन्धमा छानविन गर्न यस संघको अनुरोधमा व्यवस्थापन पक्षले छानविन टोली गठन गरेको । सो टोलीका प्रमुख गोपालराज पौड्यालले दिएको प्रतिवेदनमा

पनि भ्रष्टाचार भएको स्पष्ट उल्लेख भएकोमा सोलाई ढाकछोप गरी कारवाई नगरेकोले व्यवस्थापनको समेत संलग्नता भएको अनुमान गरी कर्मचारी संघको बैठकले त्यस आयोग मार्फत कारवाई गर्ने निर्णय भएकोले विवरणहरू झिकाई दोषी उपर कारवाई हुन अनुरोध छ भन्ने समेत व्यहोराको ने.सा.सं.कर्मचारी संघ केन्द्रीय तदर्थ समितिको नाम-बाट दिएको उजूरी कारवाईको क्रममा रहेकोमा यसै विषय सम्बन्धी नेपाल साथ संस्थानले आ.व.०४३।४४ मा १०,००० मे.टन चामल बर्मा सरकारबाट राम्रो गुणस्तर को भनि सोही अनुसार रकम तिरी कम गुणस्तरको चामल खरीद गरी उक्त चामल खपत गराउन नसकि अत्यधिक मूल्य कम गराई बिक्री गरी १ करोड ५० लाख जति घाटा पारी स्वेत रूपमा भ्रष्टाचार गरेको र सो चामल अझै विभिन्न कार्यालयमा मौज्दात छ भन्ने समेत व्यहोराको उजूरी निवेदनको सम्बन्धमा अनुसन्धान अधिकृत नियुक्त भई छानविन हुंदा श्री ५ को सरकारद्वारा तत्कालिन रा.पं.स.कृतुवर्ण तुम्बाहाम्फेको अध्यक्षतामा गठित ५ सदस्यीय जांचबुझ समितिले बर्माबाट खरीद भएको चामल सम्बन्ध मा मात्र जांचबुझ गरेको देखिन्छ भने भू.पू. अ.न्या. नन्द प्रसाद पोडेलको अध्यक्षतामा गठित ३ सदस्यीय आयोगले बर्माबाट खरीद गरी ल्याएको चामल लगायत नेपाल साथ संस्थानको सम्पूर्ण काम कारवाईको जांचबुझ गरेको पाइयो । हुवै आयोगको छानविन प्रतिवेदन र अन्य सबुद प्रमाणहरू समेतको आधारमा नेपाल साथ संस्थानले बर्माबाट चामल खरीद गर्ने सम्बन्धमा कारवाई गर्दा राम्रो सतर्कता नअपनाई लापरवाही गरेको स्पष्ट देखिन्छ तापनि आफूलाई फाइदा हुने गरी भ्रष्टाचारजन्य कसूर गरेको आरोप प्रमाणित गर्न सकिने हुने प्रमाण भने देखिएन । शुरूमा गठित जांचबुझ आयोगको प्रतिवेदन अनुसार व्यवस्थापन पक्षलाई सचेत गराई सकिएको हुंदा महाप्रबन्धक लगायत संस्थानका कर्मचारीहरूलाई यस सम्बन्धमा अब केही गरिरहनु परेन । यस किसिमको लापरवाही दोहोरिन नपाउने व्यवस्था मिलाई नयुग चामल अतुल उपर गर्ने तर्फ कार-वाई गर्न आपूर्ति मन्त्रालयका सचिवलाई लेखिएको ।

१५. कृषि औजार कारखानाका महाप्रबन्धक रमेश प्रसाद नेपाल समेतले वियरिंग खरीद गर्ने सम्बन्धमा टाम चाइनिज वियरिंग पटेल सप्लायर्ससंग भएको संझौता बमोजिम खरीद नगरी निजको धरौटी एवं परफर्मेन्स बण्ड फुकुवा गरी अन्यत्रबाट वियरिंग खरीद गर्दा कारखानालाई घाटा पुऱ्याएको भन्ने विषयमा अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान तहकिकात गरिंदा संझौता बमोजिम खरीद नगरी अन्यत्रबाट लिएको देखिन आएकोमा

संकलीता गरिएका व्यक्तिले सप्लाई गरेको क्यारिंग कारखानाको लागि उपयुक्त नभएको ले अन्यत्रबाट लिनु पर्ने बाध्यता रहेको देखिएको हुंदा त्यस तर्फ कारवाई गरिरहनु पर्ने देखिएन ।

साथै दुग्ध विकास संस्थान काठमाडौंको लागि आवश्यक रोड मिल्क टैंकर सप्लाई गर्दा भ्रष्टाचार गरे भन्ने सम्बन्धमा सो संस्थानबाट प्रकाशित टेण्डर अनुसार मारुतको हिमान्चु इन्जिनियरिंगबाट संस्थानले सोझै सो सामान खरीद गर्ने निर्णय गरेको मा प्रति टैंकर रु. १२,१६,०९९।- मा पाउनेमा सो इन्जिनियरिंगबाट लिये नलिई कृषि औजार कारखाना मार्फत सोही हिमान्चुको टैंकर लिने निर्णय गर्दा प्रति टैंकर १२, २१,२००।- तिर्नु पर्ने भएको थियो । मुद्दाका मिछे सो प्रविधि हस्तान्तरण गर्ने नाउंमा सो बढी तिर्ने गरी निर्णय गरिएको भनिता पनि पछि कृषि औजार कारखाना र दुग्ध विकास संस्थानका महाप्रबन्धकले स्थलगत निरीक्षण गरी सो पूर्व निर्णय गरिए-को हिमान्चुबाट सो सामान खरीद नगरी अन्य कम्पनीबाट खरीद गर्दा प्रति टैंकर रु. १४,११,४१५।- मा लिने निर्णय गरी आठ थान टैंकर खरीद गर्दा हाल पर्ने आएको मूल्यमा हुनको (हिमान्चुले टेण्डरमा उल्लेख गरेको) मूल्य घटाउंदा प्रति टैंकर १,९५, ३१६।- घटाउन गई आठ थान टैंकरको १५,६२,५२४।- बढी तिर्नु परेको देखियो ।

यसबारे छानविन गरी सम्बन्धित व्यक्ति झिकाई बयान गराउंदा र कागजात निरीक्षण गर्दा कृषि औजार कारखाना मार्फत उक्त टैंकर खरीद गरिनुको मुख्य कारक तत्व प्रविधि हस्तान्तरण रहेको कुरा बयान आदिबाट देखियो । मारुतको टैंकर निर्माण गर्ने कम्पनीहरुसंग संकलीता गरी पार्टपूर्जा उक्त कम्पनीबाट ल्याई फिल्टिंग लगायतको अन्य कुराहरु कृषि औजार कारखानाबाटै तयार गर्ने र क्रमशः तालीम आदि उपलब्ध गराउने उद्देश्य निहित रहेको भन्ने पनि कागजात एवं बयानबाट देखिन्छ । यसै सिलसिलामा आयोगबाट प्रविधि हस्तान्तरण गर्ने कार्यमा काम गर्न नभएको भन्ने बारे प्राविधिक पठाई प्रतिवेदन लिइदा सप्लाई गर्ने पर्ने रोड मिल्क टैंकरहरु मध्ये दुइटा रोड मिल्क टैंकर कृषि औजार कारखानाबाटै फिल्टिंग सम्बन्धी सम्पूर्ण कार्य भएको र त्यसको कामता लगायतका कुरामा पूर्व स्पेशिफिकेशन अनुसार नै भएको भन्ने प्रतिवेदन दिएको देखियो भने यता कारखानाका पदाधिकारीहरुको बयानबाट आफ्नै देशमा तत्सम्बन्धी शीपको विकास गर्ने प्रयोजनार्थ सो कार्य कृषि औजार कारखाना मार्फत

गराएको हुँदा बढी मुख्य पर्न गएको भन्ने जिकिर पनि देखिन्छ ।

दुग्ध विकास संस्थान र कृषि औजार कारखानाबाट प्राप्त कागजात एवं खरीद सम्बन्धी लेखा हेर्दा सो रकम भुक्तानी गरी सामान समेत लिएको देखिंदा बदनियतपूर्ण तरिकाले भ्रष्टाचार गरी मासिएको भन्नसम्म सकिने अवस्था नभएता पनि खरीद कार्य पद्धति हेर्दा अनियमित एवं दुग्ध विकास संस्थान र कृषि औजार कारखानालाई हानी पुग्ने किसिमबाट काम भएकोले दुग्ध विकास संस्थान र कृषि औजार कारखानाको कार्य पूर्ण नियमित भन्न मिलेन । तर यसबारे भएका कामहरु सम्बन्धमा दुग्ध विकास संस्थान एवं कृषि औजार कारखानाका संचालक समितिहरुले पटक पटकका निर्णयहरुबाट समर्थन समेत गरेको देखियो । अतः यसबारे मन्त्रालयबाट व्यापक निगरानी पुऱ्याई आयन्दा अनियमित काम हुन नपाउने व्यवस्था मिलाउने र सम्बन्धित कर्मचारीलाई नियमित काम गर्ने तर्फ सचेत गराउने निर्देशन सम्बन्धित मन्त्रालयलाई दिइएको ।

१६. प्राथमिक शिक्षा परियोजनाका प्रमुख शिवभक्त शर्माले फर्निचर, कम्प्यूटर आदि खरीद गरी संचालन गर्दा भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान अधिकृत नियुक्त गरी अनुसंधान तहकिकात गरिएकोमा फर्निचर खरीदका सम्बन्धमा स्पेसिफिकेशन विपरित निम्न स्तरको फर्निचर सप्लाई गरेको भन्ने बुरामा स्पेशिफिकेशन तयार गर्ने कन्सल्टेण्ट इन्जिनियरिंग अध्ययन संस्थानलाई ने जांच गर्न पठाउंदा र पोलिपप्लीन तथा पेक्सी ग्लास समेतको विषयमा बुझिंदा स्पेशिफिकेशन अनुसारको फर्निचर सप्लाई गरेको देखिन आएको र पेक्सी ग्लासको सम्बन्धमा घटाघट गराउंदा ने उपयुक्त ठहऱ्याई निर्णय भएको देखिन आयो । पोखरा तथा तनहुंको फर्निचर सानो ठिमीमा दिएको भन्ने सम्बन्धमा पोखरा र तनहुले पहिले पाइसकेको रिकर्डबाट देखिंदा नपाउने परीक्षा नियन्त्रक कार्यालय, सानोठिमीलाई दिएको उचित ने देखिन आयो । कम्पाउण्ड वाल सम्बन्धमा नियमानुसार भए गरेको देखिन आयो । कम्प्यूटर खरीदका सम्बन्धमा परीक्षा नियन्त्रक कार्यालयको प्रयोजनको लागि राष्ट्रिय कम्प्यूटर केन्द्रमा रहने गरी डाटा जनरलबाट मिनीफ्रेम कम्प्यूटर निज निर्देशक हुनु भन्दा अगाडि ने खरीद सम्पन्न भएको र निजले सो सम्बन्धी पार्टिलाई हुने पनि भुक्तानी नगरेको भनी मिति ०४९।४।८ को आधारभूत प्राथमिक शिक्षा परियोजनाको पत्रमा उल्लेख भई आएको । उक्त कम्प्यूटर खरीद गरी स्थापना गर्दा समेत भ्रष्टाचार भएको छ कि भनि हेरिंदा प्राथमिक शिक्षा परियोजनाले उक्त कम्प्यूटर खरीद गरिंका कम्प्यूटर केन्द्रमा स्थापना गराउने र संचालन गराउने

सम्बन्धमा भएका शर्त संझौता अनुसारको कार्य पूरा भए गरेको छुरा देखिन आउंदा भ्रष्टाचार भए गरेको देखिन आएन । उजूरी दावीमा उल्लेख भएका सबै छुराहरूको सबुद प्रमाण तथ्यको अभाव देखिन आएकाले कसैमाथि पनि भ्र.नि.ऐन, २०१७ अनुसार कारवाई गरी मुद्दा चलाउन सकिने अवस्था नदेखिएको ।

१७. कृषि विकास बैंकका उप-महाप्रबन्धक हाल कृ.वि.बैंक, सुपरीवेक्षण तथा नियन्त्रण कार्यालय विराटनगरमा कार्यरत बैंकको विशिष्ट श्रेणीका प्रभु प्रसाद पराजुलीले साना किसान आयोजनाको लागि प्राप्त सहयोगका सामान हिनामिना गरेको र मोटर खरीद गर्दा अनुचित लाभ तथा कमिशन खाए भन्ने उजूरी उपर अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान तहकिकात हुंदा दातृ संस्थाले सहयोग स्वरूप दिने सामान आफै बांड्ने र सो को रेखदेख केन्द्रबाट समेत हुने भनी निजले आफ्नो बयानमा उल्लेख गरेको हुंदा सो छुरा लाई समेत विचार गरिंदा प्रत्यक्ष रूपमा निज पराजुलीले सिमेन्ट, धुलो दूध, पिठो लगे भन्नलाई वितरण प्रणालीबाट देखिन आएन । तालिम केन्द्र निर्माणको इटा लगी आफ्नो घरमा प्रयोग गरे भन्ने सम्बन्धमा कन्सल्टेन्सी नियुक्त गरि ठेकेदारद्वारा निर्माण भएको कार्यमा निज पराजुलीले इटा लगे भन्न सकिने स्थित पनि देखिएन । मोटर खरीद गर्दा अनियमित गरि भ्रष्टाचार गरे भन्ने सम्बन्धमा कृषि विकास बैंकको आर्थिक नियमावली अनुसार बैंकबाट टेण्डर आव्हान गरि परेका टेण्डरहरूको प्राविधिक मूल्यांकन समेत गराई स्पेशिफिकेशनमा उल्लेख भए बमोजिम तथा सप्लायर्सले कबुल गरेको ४ के इन्जिन समावेश भएको १२९० सी.सी.को सुवारू कार सप्लाई गरेको, प्राविधिकको जांचबाट पनि झुने खास दोष देखाउन नसकेको कारणले सप्लायर्सले कमिशनको लालच दिई बेकम्मा सामान बैंकलाई भिडाइएको भन्नलाई कबुल शर्त बमोजिम सामान सप्लाई गरेको देखिंदा दावी लिन पर्ने झुने कानूनी आधार देखिन आएन । अब निज पराजुलीले के कस्ता अनियमित कार्य गरी भ्रष्टाचार गरेका रहेछन भनि विचार गर्दा मोटर खरीद गर्न माग गरेको टेण्डर मूल्यांकन गरी नियमानुसार सबभन्दा कम दर रेट कोड गर्नेको मोटर खरीद गर्न पेश भएको टिप्पणीमा हरिभक्त उपाध्याय र प्रभु प्रसाद पराजुलीको रायलाई अध्यक्ष तथा महाप्रबन्धक श्रीकृष्ण उपाध्यायले सदर गरेकोमा पछि मौखिक आधार मै सुवारू कारको मोल रु. १५,०००।- घटाएको देखिन आयो । चारमेन्ट कार सप्लाई गर्ने हिम इन्टरनेशनलले यसमा लाग्ने ठेक्का कर आदि बैंकले नै बुझाउने शर्तमा र एशिया केमिकल एण्ड इन्जिनियरिंग इन्टरनेशनलले लाग्ने कर आफैले तिर्ने कबुल गरे

अनुसार बैंकको तर्फबाट विचार पुऱ्याउन पर्ने तत्कालिन विभागीय प्रमुख हरिभक्त उपाध्याय र उप-महाप्रबन्धक निज प्रभु प्रसाद पराजुलीले लापरवाहीपूर्ण तरिकाले बैंक तर्फबाट बुझाउनु पर्ने चारमेन्ट कारको मूल्य रु.५,७९,५००।- को ५% ले रु.२८,९७५।- र सुवाक कारको सप्लायर्सको तर्फबाट कटाई बुझाउनु पर्ने मूल्य रु.२,८५,०००।- को ५% ले रु.१४,२५०।- समेत जम्मा रु.४३,२२५।- ठेक्का कर २०४४ साल देखि बुझाएको देखिन आएन तर सुवाक कारलाई भने आयोगबाट अनुसन्धान भइरहेको अवस्थामा मिति २०५०।७।१६ मा कृषि विकास बैंक केन्द्रीय कार्यालयले रु.१४,२५०।- बुझाउन पत्र लेखि सप्लायर्सले बुझाएको देखिन आएको छ । चारमेन्ट कारको रु.२८,९७५।- राजस्व अहिले सम्म बैंकले बुझाएको देखिदैन । तसर्थ उक्त कर रकम तुरुन्त बुझाउन लेख्ने र कानून बमोजिम गर्नु पर्ने कार्य तथा आफूले पालना गर्नु पर्ने कर्तव्य पालना नगरी भुक्तानीको लागि टिप्पणीमा राय व्यक्त गरी अध्यक्ष तथा महाप्रबन्धकबाट टिप्पणी सदर गराई भुक्तानी दिएको देखिंदा उजुरी दावीमा उल्लेख भएका विषयहरु समेतमा प्रभु प्रसाद पराजुलीले अनुचित फाइदा लिएका छन छैनन भन्न नसकिएता पनि निज प्रभु प्रसाद पराजुली उपर विभागीय कारवाई गर्नु पर्ने देखिएकोले यथोचित कारवाई गर्न सम्बन्धित मन्त्रालय, संचालक समितिमा लेखि पठाइएको र त्यस्तै तत्कालिन विभागीय प्रमुख हरिभक्त उपाध्यायले अवकाश पाई सकेको देखिंदा विभागीय कारवाई सम्बन्धमा केही गर्न नपर्ने ।

१८. उद्योग विभागले स्वस्तिक आयल इण्डष्ट्रीज प्रा.लि.लाई ऐनमा व्यवस्था नभएको प्रकृया अपनाई म्याद थप गरी अन्तःशुल्क छुट दिन सिफारिश गर्दा र अन्तःशुल्क विभागले राजस्वमा दाखेला भई सकेको अन्तःशुल्क अछुली रकम फिर्ता गरी ऐन कानून विपरित कार्य गरी भ्रष्टाचार समेत गरे भन्ने सम्बन्धमा अनुसन्धान अधिकृत नियुक्त भई अनुसंधान तहकिकात गरिंदा स्वस्तिक आयल इण्डष्ट्रीजलाई इजाजत लिंदाको अवस्थामा तोकेको म्याद भित्र उद्योग संचालन नगरेकोमा म्याद थप गरि दिएको र यसरी म्याद थप भएका उद्योगलाई शुरु इजाजत लिंदाको अवस्थामा प्रचलनमा रहेको कानूनले प्रदान गरेका सुविधा दिने निर्णय अनुसार सुविधाको लागि सिफारिश गरेको देखिंदा सो म्याद थप गर्ने र सुविधा प्रदान गर्ने कार्यमा संलग्न अधिकारीले बदनियत राखी वा लिनु खानु गरी म्याद थप वा सुविधाको सिफारिश गरेको भन्न मिल्ने अवस्था नदेखिनुका साथै त्यस्तो तथ्य

प्रमाणबाट पनि पुष्टि नभएकोले यस सम्बन्धी अन्य केही गर्नु नपर्ने देखियो । स्वस्तिक आयल इण्डष्ट्रीजले कानून बमोजिम अन्तःशुल्क छुट पाउनु पर्ने सो छुट नदिएको हुंदा छुट पाउं भनि सम्मानित सर्वोच्च अदालत समक्ष अन्तःशुल्क विभागलाई पनि प्रत्यवादी बनाई रिट निवेदन दिई कारवाई भइरहेको अवस्थामा पछि उक्त उद्योगले उद्योग विभाग बाट छुट सुविधाको सिफारिश लिई अन्तःशुल्क विभागमा छुट पाउं भनि निवेदन गर्दा अन्तःशुल्क विभागले आफ्नो पूर्व कारवाई र सर्वोच्च अदालतमा प्रतिवाद गरेको विषय तर्फ विचार नपुऱ्याई तीन वर्षको कानून बमोजिम पाउने छुट सुविधा प्रदान गर्ने निर्णय गरी अमुल भएको अन्तःशुल्क फिर्ता दिने निर्णय भएको पाइयो । कानून बमोजिम स्थापना भएको उद्योगले स्थापना हुंदाको अवस्थामा कायम रहेको ऐनले अन्तःशुल्क छुट सुविधा प्रदान गर्ने प्रावधान राखेकोमा त्यस्ता उद्योगले अन्तःशुल्क छुट पाउन सक्ने कानूनी स्थिति भएको तर अन्तःशुल्क विभागका महानिर्देशक श्री जैनेन्द्र जीवनले अन्तःशुल्क छुट दिने निर्णय गर्दा सोही विभागबाट पूर्वका काम कारवाई र अदालत समक्ष विचाराधिन रहेको विवाद तर्फ ध्यान नपुऱ्याई छुट दिने ठहर निर्णय गरी अन्तःशुल्क फिर्ता दिएकोले सो काम बदनियतपूर्ण वा भ्रष्टाचार गरी गरेको भन्न सकिने अवस्था नभएता पनि कारवाईको त्रुटि देखिन आएकोले निज महानिर्देशकलाई अब आइन्दा यस्ता त्रुटि नगरी काम गर्न सचेत गराइएको ।

१९. नेपालगन्ज वन विकास परियोजना बांकेका प्रोजेक्ट मेनेजरले दाउरा चट्टा बिक्री वितरणमा धांधली गरी भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान अधिकृत नियुक्त भई अनुसंधान हुंदा तत्कालिन मेरी अंचलाधीश कार्यालयका अस्थायी विशेष प्रहरी अधिकृतले दाउरा चट्टा निरीक्षण गर्दा १७० चट्टा नपुग भएको र काठ तर्फ पहिले जंगलमा बांकी १५,१९२ क्यू.फि. भनि लगत दिएकोमा पछि लगत दिंदा ३,४१० क्यू.फि. मात्र बांकी भनि देखाएकोले पहिले र पछि दिएको लगतमा फरक देखिएको ११,८८१ क्यू.फि. हिनामिना गरेको दावी लिएको देखिएकोमा म.ले.प.ले श्रेस्ता लेखा परीक्षण गर्दा ०४५।४६ मा डिपो बांकी देखिएको १,२६,१९७.२ क्यू.फि. नै टि.सि.एन.ले बुझि लिएको भरपाई बाट देखिएको र दाउरा चट्टा तर्फ पनि साल साले जर्ति कट्टि हुने १० ।.को हिसाब ले १.५ दाउरा चट्टा मात्र नपुग हुन आएकोले १७० चट्टा नपुग भनि दावी लिन नसकिने देखिएको ।

२०. प्रति दिन ४० हजार लिटर फर्नेस आयल बेचेर नेपाल विद्युत प्राधिकरण अन्तर्गत मोरंग जिल्लाको दुहवी बांसवारीमा अवस्थित मल्टिफ्यूल डिजेल पावर प्लान्टका कर्मचारीहरू ले बिन्हुं ३,६०,०००।- रुपैयाको अतिरिक्त मुनाफा कमाई भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान अधिकृत नियुक्त भई प्रतिवेदन पेश हुंदा देहाय बमोजिम भएको पाइयो ।

क) विवादित विषयमा प्रवाह मापकको दैनिक इन्धन खपतको अभिलेखको आधारमा २०४८ पौष देखि २०४९ फाल्गुणसम्मको दैनिक विद्युत शक्ति उत्पादन विवरण को अध्ययन गर्दा कूल इन्धन खपत २२४.६ ग्राम देखि २७४.२ ग्राम प्रति किलोवाट घण्टासम्म भएको देखिन्छ । आंकडालाई स्पेशिफिकेशनमा उल्लेख भएको चोखो इन्धन खपतसंग सिधै दांज्न नमिल्ने भई त्यस प्रयोजनको निमित्त प्लान्ट स्थापना गरिएको स्थानको जलवायु सम्बन्धी सूचक, इन्जिन चलेको अवधि, प्रयुक्त इन्धनको गुणस्तर, यान्त्रिक कुशलता लगायत विभिन्न सूचकहरूको आधारमा इन्जिन निर्माता कम्पनीले तयार गरेको सूत्र अनुसार चोखो इन्धन खपतको गणना गर्न आवश्यक हुन्छ । यस अतिरिक्त प्रवाह मापक (Flow Metre) को आंकडा वास्तविक नभएको तथ्य उक्त मापक (Flow Metre) ले देखाएको खर्चमा २,७२,४५० लिटर इन्धन स्टोरेज टैंकमा नै मौज्दात रहेको।स्थलगत निरीक्षणहरू कै क्रममा तीनवटा १२ हजार लिटर क्षमताको टैंकर जांच्दा औशतमा प्रति टैंकर ५१.५ लिटरसम्म इन्धन न्यून हुने गरेको पाइएको र साथै सो इन्धन बाबलो लेदो पदार्थ हुंदा टैंकरको भित्तामा टांसिने भई पूर्ण रूपमा खाली गर्न नसकिने भएकाले प्रति टैंकर करीब ६० लिटरसम्म इन्धन न्यून हुन सक्ने पाइएको छ । तर यस आयोगबाट अनुसन्धान प्रारम्भ हुनु अघि टैंकरको पूर्ण क्षमता बराबरको इन्धनको आम्दानी जनाउने गरिएको देखिन्छ । यस अतिरिक्त इन्जिनमा प्रयोग हुनु अगाडी इन्धन छानिएर निस्कने कसर जसलाई स्लज भनिन्छ, को परिमाण अनुसन्धानको क्रममा करीब २ प्रतिशतसम्म हुने देखिएको छ । उपरोक्त वस्तुस्थिति तथा विभिन्न सूचकांकहरूको आधारमा सूत्रानुसार चोखो इन्धन खपतको गणना गर्दा विभिन्न अवधिमा चोखो इन्धन खपत परिमाण २०९.४ ग्राम देखि २१३.८ ग्राम प्रति कि. वा.घ.सम्म भएको पाइएको छ । इन्जिन निर्माता कम्पनीले फिनलैण्डको आफ्नै

कारखानामा उक्त इन्धनहरूको परीक्षण गर्दा चौथो इन्धन बापत २१० ग्राम प्रति कि.वा.घ.सँग मेरको र प्लान्ट स्थापना स्थलमा कम्पनीका प्राविधिकहरू समेत को उपस्थितिमा सो इन्धनहरू जहान गरी परीक्षण गर्दा २२१ ग्राम प्रति कि. वा.घ.सम्म चौथो इन्धन बापत मेरको सन्दर्भमा उपरोक्त इन्धन बापतलाई उचित नै मान्नु पर्ने देखियो ।

२०४६ आषाढसम्मको इन्धनको आम्दानी खेरता, टैंकरहरूको प्रवेश संबन्धी गेट रजिष्टरको दैनिक अभिलेख, विद्युत शक्ति उत्पादनको दैनिक विवरण आदि को विस्तृत अध्ययनबाट उक्त अवधि भरिमा कुल ५२,८४,८२२ लिटर इन्धन खरीद गर्ई २,७२,४५० लिटर स्टोरेज टैंकमा नै मौज्दात रहेको तथा सो अवधि भरिमा कुल ३,३३७.१ घण्टा इन्धन बलाई २,०२,०३,१२० कि.वा.घ.विद्युत शक्तिको उत्पादन मेरकोले इन्धन निर्माता कंम्पनीले स्पेसिफिकेशनमा उल्लेख गरेको मूल्यको आधारमा इन्धन बापतको गणना गर्दा चौथो इन्धन बापतको परिमाण २१३.४४ ग्राम ।कि.वा.घ.मेरको देखिन्छ ।

यसप्रकार करीब ६ महिनाको अवधिमा दैनिक उत्पादन विवरणको आधार बाट इन्धनको स्टॉक कुल १३,२३८ लिटर मन्दा बढी हुन सक्ने देखिदैन । इन्धन खरीद गर्दा पनि दैनिक हिसाबमा खरीद गर्ने आवश्यकता अनुसार मात्र खरीद हुने हुंदा ६ महिनामा १३,२३८ लिटरले प्रति दिन केवल ४६ लिटरसम्म मात्र न्यून हुन सक्ने देखिन्छ । तसर्थ दैनिक ५० हजार लिटर इन्धन चोरी बिक्री गरेको भन्ने उजुरी निवेदनको व्यहोरा तथ्य परक पाइएन ।

उपर्युक्त विश्लेषणबाट शुरुमै न्यून भई प्राप्त हुन आएकोले इन्धनको परिमाण तथा पूर्ण रूपमा टैंकर रित्याउन आएकी टैंकरसंग फर्किने इन्धनको कुल परिमाण १३,२३८ लिटरसम्म मेरको र यही नै परिमाणको इन्धन टैंकर चालक-हरूले बाह्य बजारमा लगी बेचेको हुन सक्ने तथा त्यस्तो इन्धन जम्मा गर्दि एकैपटक बिक्री गर्दा ठूलो रकमको लेनदेन मेरको हुन सक्ने हुंदा नै यो विषय यस्तो चर्चा मा आएको हुन सक्ने छुट्टै मात्र संभावना बाँकी रहन्छ । यसको रकम कुल रु. १, १५,८१७।८० पैसासम्म हुन सक्ने देखिन्छ । यस प्रकारको रकम हानी नोक्सानी बापत प्र.नि.ऐन, अन्तर्गत कारवाई चलाउने संभावना तर्फ अध्ययन गर्दा यसप्रकार को प्लान्ट अधिराज्यमा पहिलो मेरकोले पूर्वानुभवको अभावमा प्लान्ट संचालनको

क्रममा मात्र समस्या तथा तिनका समाधान बारेको ज्ञान समानान्तर रूपमा हुँदै गरेको हुंदा क्रमशः समस्याहरूको निराकरण गर्दै जाने परेको सन्दर्भमा यसप्रकार की गल्तीलाई पूर्व नियोजित मान्न सकिदैन । तर यस्ता किसिमका संभावित समस्याहरू बारे तत्कालिन व्यवस्थापनले हुने दूरगामी सोचाई राखेको नपाइएको हुंदा उक्त व्यवस्थापनले लापरवाही गरेको ठहर्नाले उक्त प्लान्टको तत्कालिन व्यवस्थापनसंग सम्बद्ध सबैलाई सचेत गराउन आवश्यक भएकोमा हाल तत्कालिन कार्यकारी निर्देशक कीर्तिचन्द ठाकुर, निर्देशक कृषमान शाक्य तथा उप-प्रबन्धक अवधेश कुमार ठाकुर सबैले नै अवकाश प्राप्त गरिसकेको हुंदा केही गरिरहन परेन ।

ख) इन्जन निर्माता कम्पनीको मूल अड्डार चौडो इन्धन खपतको गणना गर्दा उक्त प्लान्टमा २१३.४४ ग्राम प्रति कि.वा.घ.तम्म इन्धन खपत भइरहेको, तर संभाव्यता अध्ययन प्रतिवेदनमा भने ९९६ ग्रामसम्म मात्र उल्लेख गरेको, कम्पनीको स्पेसिफिकेशनमा पीक लोडको निमित्त यस्तो प्लान्ट उपयुक्त हुने भनिएको हुंदा हुंदै पनि पीक लोडको निमित्त उपयुक्त हुने देखाएको, ध्वनि तथा अन्य वातावरणीय प्रदूषणका संभावित समस्याहरूको निराकरणका उपायहरू बारे हुने अध्ययन नगरिएको लगायतका कारणले उक्त संभाव्यता अध्ययन प्रतिवेदन त्रुटिपूर्ण भएको हुंदा सो प्रतिवेदन तयार गर्ने सिफारिश गर्ने तथा स्वीकृत गर्नेमा जलस्रोत मन्त्रालय का सह-सचिव विष्णुशंकर श्रेष्ठ लगायत सम्बद्ध सबै कर्मचारीहरू उपर विभागीय कारवाई गर्नको निमित्त सम्बन्धित मन्त्रालयलाई लेखिएको ।

ग) इन्जन नं.२ भनिएको जेनेरेटरको उत्पादन दामतको विश्लेषणबाट अन्य इन्जनहरूको दांजोमा उक्त इन्जनले बढी इन्धन खपत गर्ने गरेको देखिन्छ । २०४९ आषाढ तथा श्रावणमा सो इन्जन जडान भएको ड्रष्टर युनिट नं.१ को कुल इन्धन खपत क्रमशः २७९८ र २८२५ ग्राम/कि.वा.घ.भएको र अर्को ड्रष्टरको यसै क्रमशः २४७.५ र २४९.४ ग्राम/कि.वा.घ.भएकोले यस तथ्यको पुष्टि हुनेछ । त्यस्तै २०४८ पौष देखि २०४९ आश्विनसम्म सो इन्जन विभिन्न प्राविधिक कठिनाईका कारण केवल ११७ दिन मात्र चलेको र अन्य इन्जनहरू भने सोही अवधिमा १४८, ९७ र १४८ दिनसम्म चलेको हुंदा सो इन्जन त्रुटिपूर्ण भएको देखिन्छ । यस अतिरिक्त अरू इन्जनहरू ४९८३, ४९८४ र ४९८५ 'ङ' मोडेलको र उक्त इन्जन भने ४७९५ 'डी' मोडेलको भएको हुंदा पुरानो मोडेलको समेत

भएकोले सो इन्जिन निर्माता कम्पनी OY WARTSILA, AB ले फिनलेण्ड सरकारसंग गरेको संझौताको आर्टिकल ७ दफा ९ को उल्लंघन गरेको हुंदा सो कम्पनीलाई उक्त इन्जिन पूर्ण क्षमतामा उत्पादन गर्न सक्ने बनाई दिनको निमित्त आवश्यक कारवाई गर्न फिनलेण्ड सरकारसंग अनुरोध गर्न संबन्धित मन्त्रालयलाई लेखिएको ।

२१. त्रिसुली सोमदाङ० सडक को मेनरोड देखि वोकेझुण्डा सम्मको मोटरबाटो निर्माण कार्य मा भ्रष्टाचार भयो भन्ने सम्बन्धमा अनुसन्धान अधिकृत नियुक्त भै पेश हुन आएको अनुसन्धान प्रतिवेदन अनुसार उक्त बाटोको निर्माण कार्य २०४२ साल तिर भएको र हाल सम्म धेरै पटक भुस्खलन (Soil Erosion) समेत भैसकेकोले जांच पड़तालबाट एकिन गर्न संभव नहुने भएको, त्यस्तै जिल्ला विकास समितिको कार्यालय रसुवाको पत्रानुसार तत्कालिन रा.प.स. लायुल तामाङ०को नाममा रु ६१,८४०।०८ पैसा पेश्कि बांकी रहेको र हाल निजको मृत्यु समेत भएको भन्ने जवाफ प्राप्त भएको हुंदा उक्त बांकी देखिएको रकमका सम्बन्धमा नियम बमोजिम गर्न सम्बन्धीत जिल्ला विकास समितिको कार्यालयमा लेखि पठाइएको ।

२२. चार आली इलाम सडकको प्याकेज नं ७ को निर्माणको काम एन.सी.सी.एन.लाई दिने सिफारिस गरेको सो कामको लागि ५,८६,६२,२१२।- अनुमानित लागत भएको मा सरकारी स्वामित्वको संस्थानलाइ दिंदा कमिसन नपाउने भएकोले उक्त प्याकेज नं ७ को कामलाई ३ भागमा विभाजन गरि लागत बढाएर रु ८,०३,५५,२५३।३४ पु-याएर ठेक्का दिइयो । प्याकेज नं ७ लाई टुक्रा गर्दा पुष्पान्जली कन्सट्रक्सनले पि.क्यू अनुसार लिन पाउने रकम मिलाएर टुक्राएको छ । यसमा करोडोको घोटला भएको छ भन्ने समेतको उजुरीमा अनुसन्धान हुंदा अनुसन्धान अधिकृतले पेश गरेको प्रतिवेदन अनुसार यसमा सरकारी कम्पनी एन.सी.सी.एन.लाई काम दिने भन्ने सम्बन्धमा कुनै निर्णय भएको नदेखिएको र अन्य ठेकेदारबाट निर्माण कार्य गराउन अनियमित भन्न मिल्ने देखिन आएन । तर शुरुमा लगत अनुमान गरिसकेको कामलाई ९ महिना भित्र झण्डै २ करोडको लागत बढाई पटक पटक २ खण्ड र ३ खण्डमा विभाजन गरि लागत अनुमान गराई रकमको व्यवस्था नहुंदै टेण्डर आव्हान गर्ने जस्ता कामहरु भए गरेको देखिएको र त्यसो गर्दा पूर्व योग्यता ठह-याएको पुष्पान्जली निर्माण सेवाको

रा.

प्रिक्वालीफाइड भएको रकमलाई लागत अनुमानको रकम भित्र पर्ने गरि काम टुक्राएको देखिएकोले उक्त कार्य असल नियतले गरेको भन्न सकिदैन । यस्मा नत लागत बढ्न पर्ने कुनै स्पष्ट कारण उल्लेख हुन सकेको छ, न कामलाई टुक्र्याउनु पर्ने कुराको कुनै पुष्ट्याई नै देखिन्छ ।

तर हाल यस्मा रकमको व्यवस्था नभएकोले ठेकेदारको धरौटी समेत फिर्ता गरि बोलपत्र रद्द गरिएको भन्ने आयोजना निर्देशनालय (ए.डि.वि.) को २०५०।९।२६ को पत्र प्राप्त हुन आएकोले रद्द भैसकेको टेण्डरमा अब केहि गर्न पर्ने नदेखिएको ।

२३. नेपाल विद्युत प्राधिकरणका निर्देशक जीवन कुमार प्रधानले केन्द्रीय कार्यालयको गाडी मर्मत गर्ने कार्यमा अनियमित गरी भ्रष्टाचार गरेको भन्ने उजुरी उपर अनुसन्धान अधिकृत नियुक्त भै अनुसन्धान गरिंदा केन्द्रबाट मर्मत गरिनु पर्ने गाडी मातहतका विभिन्न विद्युत केन्द्रका बजेटबाट खर्च गरिएको पाइयो । केन्द्रको गाडीलाई केन्द्रीय बजेटबाट नै खर्च गर्नु पर्ने र आफ्नो बजेटमा रकम नपुग भएमा बजेट निकासा गराई वा रकमान्तर गरी गर्नु पर्नेमा मातहतका विद्युत उत्पादन केन्द्रबाट भुक्तानी गराएको पाइएकोले सो कार्य बजेट सिद्धान्त विपरित देखियो । अनुसन्धान तहकीकातबाट केन्द्रमा बिग्रीएर रहेको गाडी इष्टिमेट गराई एक इन्जिनियरको रेखदेखमा बनाउन लगाएको कुरामा निज जीवन कुमार प्रधानले भ्रष्टाचार गरेको भन्न सकिने प्रमाणबाट देखिएन तथापी खर्च गर्ने प्रकृया भने बजेट सिद्धान्त विपरित भै अनियमित भएको हुंदा नियमित गर्ने तर्फ आवश्यक कारवाई गर्न नेपाल विद्युत प्राधिकरणको संचालक समितिमा लेखि पठाइएको ।

२४. जनकपुर अंचल, धनुषा जिल्लामा आ.व. २०४४।०४५ मा दैवी प्रकोप उद्धार समिति बाट संचालित नदी नियन्त्रण तथा विभिन्न कार्यहरूमा स्थानीय विकास अधिकारी समेतले रकम हिनामिना गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान अधिकृत नियुक्त भई छानबिन अनुसन्धान हुंदा निर्माण भएका योजनाहरू सार्वजनिक निर्माण शाखाका इन्जिनियर र स्था.वि.अ. मात्रको संलग्नताबाट भएको नभई जिल्ला सभापती, प्रमुख जिल्ला अधिकारी विभिन्न संगठनका पदाधिकारी, जिल्लाका कार्यालय प्रमुख समेत रहेको दैवी प्रकोप उद्धार समितिले कार्यको निरीक्षण समेत गरी स्वीकृत गरेको देखिएकोले कारवाई अगाडी बढाई रहनु पर्ने नदेखिएको ।

२५. जिल्ला विकास समिति मनाङ०का तत्कालिन का.मु. स्थानीय विकास अधिकारी रुद्र प्रसाद पौडेलले डोल्पावाट मनाङ० सरुवा भै आउँदा अनियमित रूपमा परिवारको दैनिक भ्रमण भत्ता खाएको भन्ने समेत विषयमा अनुसन्धान अधिकृत नियुक्त भई छान-विन हुँदा नीज स्था.वि.अ.को श्रीमतीको नामवाट रु ५१३९।१२ पैसा अनुचित किसिम ले लिए खाएको हुँदा सो रकम निजवाट असूल उपर गरी गराई विभागीय कार्यवाही गर्न समेत सम्बन्धित मन्त्रालयमा लेखि पठाएको

२६. सगरमाथा एकीकृत ग्रामीण विकास परियोजना अन्तरगत को-अर्डिनेटर कार्यालय तथा विभिन्न कम्पोनेन्टको साथै तत्कालिन जिल्ला पंचायत सचिवालय, उदयपुरवाट संचा-लित खानेपानी योजनासमेतमा धाँधली भयो भन्ने विषयमा अनुसन्धान अधिकृत नियुक्त भइ प्रतिवेदन पेश हुँदा विकास कार्यसित सम्बन्धित यस्ता केशमा विभागीय रेखदेख नपुगेको देखिएकोले आइन्दा रेखदेख कार्यलाई राम्ररी संचालित गर्नु पर्ने कुरामा ध्याना-कृष्ट गरी यस केशमा असूली गर्नु पर्ने भए गर्न सम्बन्धित मन्त्रालयमा फाइलै पठाइएको ।

२७. जिल्ला विकास समितिको कार्यालय रोल्पाका स्थानीय विकास अधिकारी उमाकान्त अधिकारीले राप्ती एकीकृत ग्रामीण विकास परियोजनाको विभिन्न निर्माण कार्यमा भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान अधिकृत नियुक्त भई प्रतिवेदन पेश हुँदा निर्माण सामाग्री खरीद गर्न टेण्डर प्रकृयावाट गर्नु पर्नेमा बजारवाट सीधै खरीद गर्न पेश्की दिए-को सम्बन्धमा चेक सम्म काटेको तर चेकको भुक्तानी भई नसकेकोले सो हद सम्मलाई मुद्दा चलाउन नपर्ने भई नीजलाई सचेत सम्म गराउन स्थानीय विकास मन्त्रालयलाई लेखि पठाइएको ।

२८. जिल्ला विकास समितिको कार्यालय सोलुखुम्बूको सडक कार्यक्रम अन्तर्गत आ.व. ०५०।५१ मा संचालन भएको झोलुङ०गे पुलहरूको लागि ठेक्का पट्टाको टेण्डर आव्हान गर्दा गोर्खापत्रमा प्रकाशित सूचना बमोजिम स्वीकृत नगरी अनियमित र गैह कानूनी तवरले स्वीकृत गरी अख्तियारको दुरुपयोग गरे भन्ने विषयमा अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान तहकिकात हुँदा सूचनामा ३ वटा झोलुंगे पुल निर्माण गरेको अनुभव पत्र पेश गर्नु पर्ने भन्ने शर्त उल्लेख भएकोमा सो नभै टेण्डर लिएको र पछि अनुभव पत्र फायलमा

राख्न कार्यालयबाटि छुट भएको भनि देखाइएको अनुभव पत्र पनि टेण्डर स्वीकृत गर्दा नहेरी कन भै निर्णय गरेको भन्ने स्थानीय विकास अधिकारीको बयान भएबाट का.मु स्थानीय विकास अधिकारी यज्ञ बहादुर खत्री उपर विभागीय कारवाई गरी कानून बमोजिम गर्न स्थानीय विकास मन्त्रालयमा लेखि पठाइएको ।

२९. नेपालगन्ज नगरपालिका कार्यालयको बैंक सातावाट सीरम निर्माण सेवाको नाममा रु ५,८५,७८६।६० अनियमित तवरबाट झिकी साई प्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान अधिकृत नियुक्त भई कारवाई हुंदा प्राप्त कागजातहरुबाट रकम निकालेको चेक को हस्ताक्षर साता संचालक हृय कार्यालय प्रमुख गणेश बहादुर खड्का र लेखापाल भूमति खत्रीको हस्ताक्षर नमिल्ने भन्ने विशेषज्ञको राय देखिएकोले कीर्ते गरी बैंकबाट रुपैया झिकेको देखिन आयो । अतः प्रस्तुत उजुरीको विषय र विवाद कीर्ते कागजको १२ नं अनुसार सजाय हुने देखिएकोले प्रस्तुत हुदा सरकारी हुदा सम्बन्धी ऐन, २०४९ बमोजिम सम्बन्धित प्रहरीले अनुसन्धान तहकिकात गरी जिल्ला सरकारी वकिलले हुदा दायर गर्ने व्यवस्था गरेकोले प्राप्त उजुरी सहितको फायल सम्बन्धित प्रहरी कार्यालयमा पठाउन जिल्ला प्रशासन कार्यालय बाकेमा फिर्ता पठाइएको ।

३०. कृषि आयोजना सेवा केन्द्रका तत्कालिन कार्यकारी निर्देशक डा. जगदीशराज बरालले कृषि आयोजना सेवा केन्द्रमा विभिन्न प्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान अधिकृत नियुक्त भई छानविन हुंदा निम्न बमोजिम गर्ने निर्णय भएको ।

१) कृषि आयोजना सेवा केन्द्र, कम्पनी ऐन, २०२१ अन्तर्गत गठित संस्था भएको र उक्त ऐनको दफा ६६.१ मा कम्पनीको सम्पूर्ण कारोवारको प्रबन्ध अधिकारको प्रयोग र कर्तव्यको पालना संचालक समितिले गर्ने कानूनी व्यवस्था रहेको साथै उजुरीहरुमा उल्लेखित आर्थिक अनियमितता बारे लेखा परीक्षकले आफ्नो प्रतिवेदनमा समेत केफियत जनाएको र सो उपर संचालक समितिले केन्द्रको कार्य प्रकृति र यथार्थता अध्ययन गरी गराई समर्थन र निर्देशन समेत दिएको देखिएकोले यस हदसम्मको हुरामा प्रष्टाचारजन्य कार्य भएको भन्न सकिने अवस्था देखिएन ।

२) निज डा. जगदीशराज बरालकी श्रीमती राधा बरालले एस.एल.सी.को जाली प्रमाण पत्र भारतबाट खरीद गरेको भन्ने सम्बन्धमा हुम्दा निजले ०२९ सालमा नेपाल राष्ट्रिय विद्यापीठबाट संचालन भएको प्रवेशिका परीक्षामा सम्मिलित भै

तृतीय श्रेणीमा उत्तीर्ण भएको रेकर्डबाट देखिएको भन्ने परीक्षा नियन्त्रक कार्यालयबाट लेखि आएकाले भारतबाट जाली प्रमाण पत्र खरीद गरेको भन्ने छुरामा सत्यता देखिन आएन ।

३) डा. दिपराज शर्माले आयोजनाका संचालकहरूसंग मिलोमतो गरी फिल्ड भत्ताको रकम केन्द्रमा नदेखाई, आम्दानी नबांधी केन्द्रलाई हानी पु-याई आफूलाई फायदा पु-याए भन्ने सम्बन्धमा, केन्द्रले नेपाल खाद्य संस्थानको लागि आइडेण्टीफाइड टारजेट ग्रुप फर सप्लीडाइज्ड फुड ग्रेन नामक आयोजनाको अध्ययनको लागि प्राप्त रकम मध्ये रु. १,२६,५००।- केन्द्रमा आम्दानी नदेखाई उक्त आयोजनाका संयोजक भरत बहादुर कार्कीलाई सोझै दिएको, जाइकाको निम्ति जनकपुर अंचल कृषि विकास आयोजनाको अध्ययन आयोजनामा आम्दानी नदेखाई रु. २७,०००।- संयोजक श्री निवास भट्टलाईरू सोझै दिएको, जाइकासंग रु. १,७२,०००।- मा संझौता गरी लुम्बिनी अंचल एकिकृत ग्रामीण विकास आयोजनाको अध्ययन गरेकोमा केन्द्र भित्र प्राप्त भएको रकम आर्थिक नियम विपरित खर्च गरी रु. ५४,०००।- संयोजक कपिल देव मिश्रलाई दिएको, इसिमोडसंग रु. ५,३२,६००।- मा संझौता गरी संयोजक अर्थविज्ञ सुगन्धा श्रेष्ठलाई रु. ७२,६००।- दिएको डेरी विकास आयोजनासंग संझौता गरी प्राप्त गरेको लाइभष्टक आयोजनामा केन्द्रको हित विरुद्ध संझौता गरी संयोजक लक्ष्मण शाहलाई रु. १,५४,०००।- फिल्ड खर्च भनी दिएको रकमहरू मिलोमतो गरी हिनामिना गरेको भन्ने सम्बन्धमा निर्देशक दिपराज शर्माले उल्लेखित आयोजनाहरूमा दैनिक भत्ता भनि लिएको रकम आम्दानी नबांधी सिधै आयोजनाका टिम लिडरलाई दिए लिएको छुरा स्वीकार गर्दै दातृ संस्थाहरूको मौखिक भनाइ अनुसार कहिले काहिं यस किसिमको संझौता गर्नु पर्ने बाध्यता भई काम गरिएको अन्यथा यस किसिमको संझौता गर्ने प्रथा नभएको भनि स्वीकार गर्नु भएको छ । फिल्ड खर्च भनी छुट्टै लिएको रकम अधिकृत स्तरले रु. ३००।-, सहायक स्तरले रु. २००।- र पियन र ड्राइभरले रु. १००।- का दरले दैनिक भ्रमण भत्ता लिएको देखिन्छ । तर संचालक समितिको ९६ औं बैठक मिति ०४४।२।६ मा भएको निर्णय नं. २ मा युरोपियन इकोनोमिक कम्युनिटिको आर्थिक सहयोगमा हाल केन्द्रले संचालन गरिरहेको हिल एण्ड माउण्टेन

क्रप्स डेभलपमेन्ट स्टडी आयोजनाको काममा कर्मचारीहरूले स्थलगत सर्वेक्षणमा जांदा अधिकृत स्तरका लागि रु. ३५०।- र सहायक स्तरका लागि रु. २५०।- दैनिक भत्ता स्वरूप प्रदान गर्न संझौता भएकोमा उक्त रकम केन्द्रले त्यस संस्थासंग सोधभर्ना माग गर्ने तर कर्मचारीहरूलाई स्थलगत सर्वेक्षणमा पठाउंदा केन्द्रको नियमानुसार नै दैनिक भत्ता दिने भन्ने निर्णय भएको ।

यसरी संचालक समितिले निर्धारण गरेको दैनिक भ्रमण भत्ता विपरित दातृ संस्थाहरूसंग छुट्टै फिल्ड खर्च भनी लिने गरि केन्द्रमा आम्दानी नबांधी लेखा परीक्षण समेत नहुने हुंदा आर्थिक अनियमितता गरेको देखिन आएकाले निम्न बमोजिम गर्न सम्बन्धित ठाउंमा लेखि पठाइएको ।

१. केन्द्रलाई प्राप्त हुने सबै प्रकारको रकम अनिवार्य रूपमा आम्दानी बांधी खर्च लेख्नु पर्ने ।

२. कुनै विशेष दक्षता, परिश्रम गर्ने वा यस्तै प्रकारका कार्यमा केन्द्रको मौजुदा व्यवस्था भन्दा केही बढी सुविधा दिनु पर्ने भएमा पूर्व निर्णय लिई निश्चित आधारमा दिने ।

३. केन्द्रबाट भएका कतिपय आम्दानी खर्चको हिसाब नै नराखिएको वा लेखा परीक्षणबाट छुट भइरहेको देखिएकोले आयन्दा केन्द्रलाई प्राप्त हुने सबै रकम सम्बन्धित संझौतामा उल्लेख गरी आम्दानी खर्च जनाई अनिवार्य रूपमा लेखा परीक्षण गराउनु पर्ने ।

४. उपरोक्त आयोजनाहरूमा देखिएका त्रुटि एवं केन्द्रमा आम्दानी खर्चको हिसाब नै नराखी लेखा परीक्षण समेत हुन नसकेको कुराहरूमा कृषि मन्त्रालयले अध्ययन गरी यस्तो बढी सुविधा लिएको रकम अमुल उपर गर्ने वा कार्यको प्रकृतिको आधारमा नियमित गरी दिने वा के कस्तो गर्न उपयुक्त हुन्छ निर्देशन दिई कार्यान्वयन गराउने र भएको कारवाईको नतिजा यस आयोगलाई समेत जानकारी गराउने ।

३१. वन तथा भू संरक्षण मन्त्रालय अन्तर्गत वन पैदावार विकास समिति मार्फत कैलाली जिल्लाको धनगढी अतरियामा स्थापना भएको नेपाल रोजिन एण्ड टर्पेनटाइन कम्पनी निर्माण गर्न तत्कालिन सोभियत रूस सरकारबाट प्राप्त ऋण सहायता अन्तर्गतको मेशीनरी सामान एवं निर्माण सामाग्रीहरू कलकत्ता पोर्टबाट योजनास्थलसम्म ढुवानी

गर्दा ठेकेदारलाई पेश्की माथि पेश्की दिई लाखौं रकम भ्रष्टाचार तथा हिनामिना गरिएको भन्ने उजुरी निवेदनमा अनुसन्धान अधिकृत नियुक्त गरी छानविन गरिंदा वन तथा भू संरक्षण मन्त्रालयबाट वन पैदावार विकास समितिलाई उक्त कामको जिम्मेवारी दिइए अनुसार छानविन गरी ठेकेदार जि.जि.ट्रेडर्सका प्रो.बैकुण्ठ नारायण प्रधानलाई गएको पेश्की रकम रु.७२,३३,०००।- पटक पटक गरी प्रदान गरिएकोमा भा.रु.२८,४९,५१५।७१ अर्थात् नेपाली रुपैया रु.४१,३६,०७२।०५ मात्र खर्च भएको मिनाहा दिन मिल्ने भनि ठहर गरी प्रतिवेदन पेश गरेको जानकारी आयोगमा प्राप्त हुन आएको हुंदा रु. ३०,९६,९२७।९५ पैसा ठेकेदारलाई बढी गएको देखिन आयो । उक्त रकम कुनै अधिकृत कर्मचारीहरूबाट बदनियतपूर्वक हिनामिना गर्ने उद्देश्यले ठेकेदारलाई पेश्की दिएको नदेखिई यथासमयमा काम सम्पन्न गर्न ठेकेदारले माग गरे मुताबिक उपलब्ध गराएको पाइएकाले कर्मचारीहरू उपर कुनै कारवाई गरी रहनु नपर्ने र उल्लेखित बढी पेश्की रहेको रकम रु. ३०,९६,९२७।९५ ठेकेदार जि.जि.ट्रेडर्सबाट सरकारी बाँकी सरह उक्त समितिबाट असुल गराउन वन तथा भू संरक्षण मन्त्रालयलाई लेखिएको ।

३२. ललितपुर न.पा.वडा नं.१ ख.कि.नं.३४१ को बागमती खोला जनिएको जग्गा गुठी संस्थानका उच्च अधिकृत समेतले अवैध रूपमा दर्ता गरेको भन्ने विषयमा अनुसन्धान अधिकृत नियुक्त गरी छानविन गरिंदा बागमती उकास जग्गा गुठीको नाममा दर्ता गरिएको विवादित जग्गा सम्बन्धमा बागमती अंचल अदालतबाट भएको अन्तिम निर्णय अनुसार पुनः निर्णय कानून बमोजिम गर्न गुठी संस्थानलाई आदेश भएकोमा तत्कालिन गुठी प्रशासकबाट हचुवा तवरले निर्णय गरी गुठी तहविल कार्यालय कालमोचन ले गरेको निर्णय नै सदर गरी दिएको आदेश कार्यान्वयन हुन नपाई तत्कालिन राज्यमंत्री ज्यूबाट समेत पुनः कानून बमोजिम निर्णय गर्न गुठी संस्थान केन्द्रीय कार्यालयमा फायल फिर्ता पठाउने निर्णयसम्म भएको सम्पूर्ण कागजात यस आयोगमा प्राप्त हुन आएको । उक्त जग्गाको हालको स्थिति के कस्तो रहेछ भनि आयोगबाट सो स्थानमा गई स्थलगत निरीक्षण गर्दा बागमती नदीले छाडेको सो स्थानमा खेतीपाती भई राखेको र केही मात्रामा घरहरू समेत रहे भएको पाइयो र नापी शाखा ललितपुरबाट उक्त स्थानको साविक नक्सा तथा फिल्ड बुक उतार माग गर्दा प्राप्त हुन आएको जानकारी अनुसार साविक ललितपुर न.पा.वडा नं.१(ख) कि.नं.३४१ क्षेत्रफल २०३-६-० रोपनी जग्गा मध्ये ल.पु.मालपोत कार्यालयको ०३६।९।१३ को आदेश बमोजिम कि.नं.३४१ बदर गरी

कि.नं. ५७९ को क्षेत्रफल १६-०-० रोपनी जग्गा गुठी संस्थान, जग्गा धनी तथा सानुमान महर्जन समेत ४ जना मोही कायम गरिएको र कि.नं. ५८० को क्षेत्रफल १८७-६-० रोपनि जग्गा वागमती नदी भनि प्लट रजिष्टर जनाइएको भन्ने उल्लेख भइ आएको । साथै उक्त स्थानमा सो वाहेक अन्य जग्गा पनि आवाद गर्ने क्रम बढेको हुंदा नगरपालिका तथा नगर विकास समितिले सिमेण्ट लठ्ठा गाडी तार वार लगाउने काम भइरहेको भन्ने जानकारी प्राप्त हुन आएको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ ।

अतः प्रस्तुत विषयमा विचार गर्दा कानूनी रूपमा निर्णय दिने अधिकार अंचल अदालतको फैसला आदेश मुताबिक गुठी संस्थानमा कायम रहेको र तत्कालिन गुठी प्रशासकको निर्णय आदेश कार्यान्वयन भई नसकेको अवस्थामा उक्त १६ रोपनि नन्दी-केशर महादेव गुठी भनिएको जग्गा सम्बन्धमा गुठी संस्थानबाटै पुनः कानूनी रित पु-याई निर्णय दिनु पर्ने भएकोले सम्पूर्ण फायल उपर विस्तृत अध्ययन मनन गरी कानून बमोजिम पुनः निर्णय गर्न र भए गरेको निर्णयको जानकारी यस आयोगमा पठाउने गरी गुठी संस्थानमा लेखि पठाई उकास भएको बांकी जग्गा हुने व्यक्ति विशेषले अवैध रूपमा कब्जा गर्न नपावोस भन्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाइन श्री ५ को सरकार भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाई लेखिएको ।

३३. स्वास्थ्य मन्त्रालय चिकित्सा महाशाखा टेकु वाट बढी क्षमताको एक्सरे मेशिन खरिद गर्ने आदेश भएकोमा बढि क्षमताको मूल्यमा कम क्षमताको एक्सरे मेशिन खरिद गरी भ्रष्टाचार गरेको भन्ने उजुरी उपर अनुसन्धान अधिकृत नियुक्त भै छानविन गर्दा चिकित्सा महाशाखाले विभिन्न अस्पतालहरूमा प्रयोग को लागि २०।३० एम ए. क्षमता को एक्सरे उपलब्ध गराउन विभिन्न कम्पनी तथा फर्महरूलाई दररेट माग गर्दा प्राप्त हुन आएका विभिन्न २५ कम्पनीका बोलपत्रहरू मध्ये जापानको कामिया काइसा चुसान कम्पनीको मोडेल टि.पि. २० तानाका पोर्टेबल एक्सरे युनिट स्पेशिफिकेशन एज फर क्याटलग उल्लेख गरी सि.आइ.एफ.काठमाडौं १० थानको जापानी यान ४६,४५,८८३ मूल्य तोकिएकोलाई सिफारिस उप-समितिमा संलग्न रहनु भएका डा.हरिनाथ आचार्य डा.नेत्र बहादुर अमात्य, डा टेक बहादुर छुढाथोकी तथा वीर अस्पतालका सम्भार अधिकृत गंगालाल श्रेष्ट समेतको टोलीले नेपालमा सरकारी स्तरमा अनुभव नभएको र खरीद पछि मर्मत सम्भारको प्रत्याभूति भएमा कम मूल्य पर्ने भएकोले भन्ने उल्लेख गरी

खरीदको लागि सिफारिश गरिएको । सो सिफारिशको आधारमा सामान खरीद समितिको निर्णय मुताबिक उक्त मोडेल टि.पी. २० तानाका पोर्टेबल एक्सरे मेशीन ११ थान रु. १५,७२,०००।- मा खरीद गरिएको पाइयो । सरकारी स्तरमा अनुभव नभएका भन्ने सिफारिश उप-समितिको राय भएकोमा खरीद भै आएपछि खोली, हेरी जांची मात्र विभिन्न अस्पतालहरूमा पठाउन पर्नेमा जस्तो रूपमा प्राप्त भयो सोही रूपमा वितरण गरिएको र पछि उक्त एक्सरे मेशीन माग मुताबिक २०।३० एम.ए.को नभई टि.पी. २० मोडेल र १० एम.ए.क्षमताको भएको पाइएको र श्री ५ को सरकार स्वास्थ्य मन्त्रालय चिकित्सा महाशाखाको जेठ २७, २०४९ मा प्रकाशित स्वास्थ्य उपकरणहरूको सम्बन्धमा तयार गरिएको आधारभूत सिद्धान्तमा नीजि स्तरका क्लिनिकहरूले सुगम क्षेत्रहरूमा कम्तिमा १०० एम.ए.क्षमताको एक्सरे मेशीन संचालन गर्न पर्ने, दुर्गम स्थानहरूमा कम्तिमा २५ एम.ए.सम्मका लागि श्री ५ को सरकारले स्वीकृति दिन सक्ने र सरकारी स्तरमा पनि १०० एम.ए.क्षमताको एक्सरे संचालन भएका अस्पतालहरूमा कम्तिमा २० एम.ए.क्षमताको एक्सरे मेशीन (मोबाइल प्रयोजनको लागि मात्र) संचालन गर्न सक्ने छ भन्ने उल्लेख गरेको पाइएको र सम्बन्धित व्यक्तिहरू हुम्दा बोलपत्रहरूको तुलनात्मक मूल्यांकन तालिकामा टि.पी. २० मोडेल नं.लाई २० एम.ए.क्षमताको भन्ने संझी समावेश गरिएको कारणले मूल्य कम भएकोले बढी संख्यामा आवश्यकता भएकोले सिफारिश गरिएको क्याटलग इत्यादि हेर्न पर्ने ओभरलुक हुन गएको भन्ने बयान गरी दिएबाट समेत बढी क्षमताको मूल्यमा कम क्षमताको एक्सरे मेशीन खरीद भएको भन्ने प्रमाणित हुन नआएको तर माग अनुरूप आपूर्ति नभई अनियमित खरीद र आफ्नो नीति विपरितको सामान खरीद भएकोले देहाय अनुसार गर्ने गरी आयोगबाट निर्णय भएको ।

१. उजूरीमा उल्लेख भए बमोजिम बढी क्षमताको एक्सरे मेशीनको मूल्यमा कम क्षमताको खरीद गरी भ्रष्टाचार गरे भन्ने हकमा कोही कसैबाट त्यस्तो भए गरेको अनुसन्धान क्रममा खुल्न नआएकाले भ्रष्टाचार तर्फ कोही कसै उपर कारवाई गरी रहन नपर्ने ।

२. सिफारिश उप-समितिका विशेषज्ञहरू डा. नेत्र बहादुर अमात्य डा. ट्रेक बहादुर बुढाथोकी तथा सम्भार अधिकृत गंगालाल श्रेष्ठ एवं तत्कालिन चिकित्सा महा-

शाखाका प्रमुख डा. हरिनाथ आचार्य समेतले आफ्नो उत्तरदायित्व जिम्मेवारी पूर्वक वहन नगरी लापरवाही गरेको हुँदा प्रचलित नेपाल निजामती सेवा ऐन, तथा नियमावली अनुसार विभागीय कारवाही गरी गराई नतिजा आयोगलाई उपलब्ध गराउन लेखि पठाउने ।

३. माग र आपूर्तिमा फरक पर्न गई प्रचलित आर्थिक ऐन तथा विनियम विपरित भएको कारवाहीको हकमा महालेखा परिक्षण गराई बेकुजु कायम हुन आएमा नियमानुसार सम्बन्धितबाट असुल उपर गर्न गराउने कार्य स्वास्थ्य मन्त्रालयबाट अविलम्ब गराई आयोगमा प्रतिवेदन माग गर्ने ।

४. स्वास्थ्य मन्त्रालयबाट निर्धारण गरेको नीति विपरित २० एम.ए को सट्टा १० एम.ए.को एक्सरे मेशिन संचालन गर्न दिने वा नदिने भन्ने बारे पुनः मन्त्रालय ले निर्णय गरी गराई मात्र उक्त एक्सरे संचालन गर्न उपयुक्त हुने हुँदा आवश्यक व्यवस्था स्वास्थ्य मन्त्रालयले गरी जानकारी दिने ।

५. उक्त एक्सरे मेशिनमा रिमोट कन्ट्रोलद्वारा संचालन गरी चालकको सुरक्षा गर्न पर्ने उल्लेख भएको हुँदा स्वास्थ्य कर्मिको पनि सुरक्षाहेरी मात्र संचालन गर्न पनि सम्बन्धित मन्त्रालयलाई लेख्ने ।

३४. विशेष प्रहरी विभागले कृत्रिम पासपोर्ट सम्बन्धी मुद्दाको म्याद गुजारी हुने कारवाह नगरेको भन्ने विषयमा परेको उजुरी उपर प्रारम्भिक छानविन हुँदा तत् सम्बन्धी विषयमा हदम्याद गुज्रेकोले हुने कारवाही गर्न मिलेन, आइन्दा हदम्याद गुज्रन नमा-ओस भनि सबै शाखाका प्रमुख सजग हुने भन्ने विशेष प्रहरी विभागले निर्णय लिइ सो मुद्दा तामेलीमा राखेको देखियो । अतः अनुसन्धान भैरहेका मुद्दाहरु कानूनले तोकेको हदम्याद भित्र अनुसन्धान पूरा गरी मुद्दा दायर गर्न र आयन्दा हदम्याद गुज्रन नदिइ कारवाही गर्न गराउनका लागि विशेष प्रहरी विभागलाइ सतर्क गराउन आयोगको निर्णयानुसार गृह मन्त्रालयमा लेखि पठाइएको ।

३५. निवेदक स्या.टे.शुशील शर्मा, जनस्वास्थ्य कार्यालय झापाले विशेष प्रहरी विभागका प्रमुख समेतले अख्तियार दुरुपयोग गरी निलम्बन राखे भन्ने समेत विषयमा परेको उजुरी उपर प्रारम्भिक छानविन हुँदा सस्पेण्डको पत्र पाएका मितिले नि.से.नि. २०२१ को

नियम १०.७ (३) बमोजिम ३ महिना र २०५०।२।४ गते लागु भएको निजामती सेवा ऐन २०४९ को दफा ६४ को (३) मा उल्लेख भएको अवधिलाई समेत ख्याल नराखी वि. प्र.वि.ले २०४५।४।२७ गते सस्पेण्डको पत्र पाएका उजुरवालालाई हाल सम्म सस्पेण्डने राख्नु लाई कानून अनुसार भएको कारवाइ भन्न नमिल्ने भएकोले प्रचलित ऐन नियम विपरित सस्पेण्डमा रहेका उजुरवाला शुशिल चन्द्रको सस्पेण्ड समाप्त गरी यसरी ऐन र नियम विपरित कार्य हुन नदिन मुख्य वि.प्र.अ.लाई सचेत गराउनको लागि अख्तियारवाला सचिव गृह मन्त्रालयमा आयोगको मिति २०५०।१०।५ को निर्णयानुसार लेखि पठाइएको ।

उपसंहार :

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (६) बमोजिम आयोग ले आफूले गरेको कामको प्रतिवेदन श्री ५ समक्ष प्रस्तुत गर्नु पर्ने संवैधानिक दायित्व भएको हुंदा माथिका विभिन्न प्रकरणहरूमा आयोगद्वारा वर्षौंभरिमा अनुसन्धान तहकिकात गरी निर्णय गरिएका र अनुसन्धानको कार्य यथावत् चालु रहेका कारवाहीका विवरणहरू प्रस्तुत गरिएको छ । अनुसन्धान तहकिकातको सिलसिलामा देखिएका कानूनी बाधा अड्चन एवं त्रुटि विषयको सम्बन्ध मा श्री ५ को सरकारद्वारा नीतिगत निर्णय लिंदा अपनाउनु पर्ने कार्यविधि बारे पनि प्रस्तुत प्रतिवेदनमा उल्लेख गरिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र त्यसको पहिलो संशोधनको कार्यान्वयनबाट पर्न आएका अड्चनबारे पछाडिकै संशोधन गरी ऐनलाई अझ सरल र व्यवहारिक बनाउन आयोगद्वारा सो ऐनको संशोधनको लागि प्रस्तावित गरिएको साथै सोसंग सम्बन्धित भ्रष्टाचार निवारण ऐन, २०४९ लाई संशोधन गर्न गृह मन्त्रालयद्वारा प्रस्तावित मस्यौदा बारे पनि आयोगले आफ्नो प्रतिक्रिया व्यक्त गरिसकेको हुंदा यी ऐनहरूमा समयानुकूल संशोधन भएमा लक्षित उद्देश्य प्राप्तिमा अझ सफलता प्राप्त हुने आयोगको धारणा छ ।

मुलुकको प्रशासनिक संयन्त्रमा यदाकदा देखिने विसंगतिहरू र सार्वजनिक जनगुनासो बारे यथार्थ जानकारी लिने र त्यसमा देखिएका विकृतिहरूमा सुधार ल्याउन श्री ५ को सरकारद्वारा गठन गरिने आयोगले तोकिएको विषयमा छानविन गरी प्रतिवेदन श्री ५ को सरकार समक्ष दिने गरेको र त्यस्तो प्रतिवेदन कार्यान्वयन गर्दा भ्रष्टाचार र अनुचित कार्य भए गरेको आशंका भएमा यो आयोग समक्ष उक्त प्रतिवेदनहरू पठाउने गरिएको छ । जस्तो, हालै नेपाल वायु-सेवा निगम उपर भएको छानविनको प्रतिवेदन, खानेपानी संस्थान उपर भएको छानविनको प्रतिवेदन, बाय संस्थान उपर भएको छानविनको प्रतिवेदन आदि हाल यस आयोगमा प्राप्त भई अनुसन्धान तहकिकात भई रहेका छन् । श्री ५ को सरकारद्वारा गठित आयोगले छानविन आयोग ऐन बमोजिम सबै छुरा छानविन गरिकोमा पनि यस आयोगमा प्राप्त भएपछि पुनः बयान लगायत सम्पूर्ण छुराहरूको कानून बमोजिम अनुसन्धान गर्नु पर्ने हुन्छ । यसरी एउटै विषयमा दोहोरो छानविनको कार्य गर्नाले जनशक्ति लगायत कतिपय कार्यहरू कार्यविधिको कारणले दोहोरो गर्नु परिरहेको छ । अतः यस्तोमा श्री ५ को सरकारद्वारा त्रुटि विषयमा आयोग गठन गर्नु पर्दा त्यसमा भ्रष्टाचार सम्बन्धी विषय पनि छानविनको क्रममा हेर्नु पर्ने भए यस आयोगलाई नै अधिकार पनि त्यस्तो छानविनको लागि गठित आयोगका सदस्य

वा कानून बमोजिम आयोगले अधिकार सुम्पन हुने व्यक्तिले प्रयोग र पालन गर्न पाउने गरी यस आयोगबाट प्रत्यायोजन गर्न उचित व्यवस्था मिलाइएमा बाहेक यस आयोगद्वारा ने प्रष्टाचारमा मुद्दा समेत दायर गर्न सक्ने व्यवस्था भई एउटै विषयमा दोहोरो कार्य गरिरहन पर्ने हुन्छ । संविधानले यस आयोगलाई भएको अधिकार धारा ५ को सरकारका कर्मचारीलाई सोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी सुम्पन सक्ने व्यवस्था गरेको हुंदा यस आयोगलाई पनि धारा ५ को सरकारले गठन गरेको बाहेक आयोगलाई आफूलाई भएको अधिकार विधिसम्मत प्रकृयाद्वारा सुम्पन कानूनतः बाधा पर्ने देखिंदैन ।

मुलुकको प्रशासन संयन्त्रमा देखिन सकने हुष्कृती र गैर जिम्मेवारपूर्ण कार्यको पूर्ण निवारणका लागि आयोगले पूर्ण सचेत रही काम गर्नु पर्ने र त्यस्तो परिस्थिति उत्पन्न हुन नदिन सबै सार्वजनिक पद धारण गरेका व्यक्तिले कानूनी दायित्व निर्वाह गर्दा पालना गर्नु पर्ने कानूनी कर्तव्यको निर्वाह भएको छ भने सो पनि आयोगले आफूनो संवैधानिक दायित्व पूरा गर्दा विचार पु-याउनु पर्ने विषय हुंदा सो तर्फ आयोग सदैव सचेत छ । अख्तियार दुरुपयोग हुन नदिएर सार्वजनिक जीवनलाई स्वस्थ्य, स्वच्छ एवं उद्देश्यमूलक बनाउने दायित्व पूरा गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग भविष्यमा झनै सक्षम हुनेछ भन्ने दृढ विश्वास राख्दछ ।

अनुक्रमणिका

अनुसूची १

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

संगठन तालिका



आयोग

सचिव

- अनुसन्धान महाशाखा (१)
- अनुसन्धान महाशाखा (२)
- अनुसन्धान महाशाखा (३)
- अनुसन्धान महाशाखा (४)
- अनुसन्धान महाशाखा (५)
  - स्स.स्स.पी. (प्रहरी) - १
  - डी. स्स. पी. - - - २
  - इन्स्पेक्टर - - - - ६
  - स. ई. - - - - - ४
  - अ. स. ई. - - - - १
  - हवलदार - - - - १
  - जवान - - - - - ५
  - २०
- आन्तरिक तथा आर्थिक प्रशासन शाखा
  - उपसचिव - - - - ३
  - शा. अ. - - - - - ४
  - रा. प. तृ. (लेखा) - १
  - ना. सु. - - - - - ९
  - स्टोर मिसिल समेत ना. सु. - - - - १
  - लेखापाल - - - १
  - लाइब्रेरियन ना. सु. - १
  - स. ले. पा. - - - - १
  - रिसेप्सनिष्ट (प्रा. ख.) - १
  - टाइपिष्ट - - - - ४
  - ड्राइभर - - - - - २
  - तामेलदार (ब.) - - १
  - पियन/पाले - - - ९
  - माली - - - - - २
  - स्वीपर - - - - - २
  - टहलुवा - - - - - २
  - ४४

दरबन्दी तेरीज

क्र. सं.	पद / श्रेणी	प्र.	ले.	प्रा.	न्या.	प्रहरी	रा.अ. वि.	जम्मा
१	विशिष्ट श्रेणी	१	-	-	-	-	-	१
२	रा. प. प्र. (स. स. स्तर)	४	-	-	-	१	-	५
३	रा. प. द्वि.	४	२	१	४	१	१	१३
४	रा. प. तृ.	९	१	१	२	२	४	१९
५	रा. प. अ. प्रथम	११	१	१	४	४	-	२१
६	रा. प. अ. द्वितीय	-	१	१	-	१	-	३
७	रा. प. अ. तृतीय	-	-	-	-	१	-	१
८	रा. प. अ. चतुर्थ तामेलदार	-	-	-	१	-	-	१
९	टाइपिष्ट	४	-	-	-	-	-	४
१०	ड्राइभर	२	-	-	-	-	-	२
११	निम्न स्तर (पियन/पाले)	९	-	-	-	५	-	१४
१२	" माली	२	-	-	-	-	-	२
१३	" स्वीपर	२	-	-	-	-	-	२
१४	" टहलुवा	२	-	-	-	-	-	२
	जम्मा	५०	५	४	११	१५	५	९०

काज समूह विभिन्न स्तर - - - - ४

९४

महाशाखा चारैका लागि

सहसचिव - ४ (प्र. १, ले. १, प्रा. १, न्या. १)
उपसचिव - ८ (प्र. २, ले. २, प्रा. १, न्या. ३)
रा. प. तृतीय - ८ (प्र. २, प्रा. २, न्या. ४)
ना. सु. - ५ (प्र. २, प्रा. १, न्या. २)

२५


श्री५ महाराजाधिराज
वार्षिक प्रतिवेदन
प्रमुख आयुक्त
आयुक्त
मं० प०
संसद
मं० प० स०
सचिव
मंत्रालयहरू
वि. प्र. वि
प्रहरी प्र. का.
रा. अनुसन्धान वि. भाग
महाशाखा (१)
महाशाखा (२)
महाशाखा (३)
महाशाखा (४)
महाशाखा (५)
प्रशासन शाखा
रा. अनुसन्धान महाशाखा
विभागहरू
संकेत
सम्पर्क प्रकृया
कार्य सम्पर्क प्रकृया
सूचना सम्पर्क प्रकृया

अस्त्यार दुरूपयोग अनुसन्धान आयोग

दरबन्दी (पूर्ति र रिक्त समेत)

सि.नं.	पदको नाम	स्वीकृत जम्मा पद	पूर्ति	रिक्त	कैफियत
१.	सचिव, विशिष्ट श्रेणी	१	१	-	
२.	सह-सचिव, रा.प.प्रथम श्रेणी (प्र.१,ले.१,प्रा.१, न्या.१)	४	४	-	(लेखा १ का.मु.द्वारा पूर्ति, न्या.१ अस्थायी पूर्ति, प्रा.१ करारद्वारा पूर्ति)
३.	उप-सचिव, रा.प.द्वितीय श्रेणी (प्र.४,ले.२,प्रा.१, न्या.४)	११	६	५	(न्या.को २ पद अस्थायी, प्रशासन १ का.मु.)
४.	शाखा अधिकृत, रा.प.तृतीय (प्र.६,न्या.४, प्रा.२,ले.१)	१३	८ (प्र. ५ ले. १ न्या.२)	५	
५.	ना.सु., रा.प.अनं.प्रथम (प्र.१३,ले.१, न्या.२,प्रा.१)	१७	१६	१	
६.	सह-लेखापाल, रा.प.अनं. द्वितीय	१	१	-	
७.	टे.अप्रेटर, रा.प.अनं.द्वितीय श्रेणी (प्रा.)	१	१	-	
८.	टाइपिष्ट (वेग श्रेणी)	४	४	-	
९.	ह.स.चा.	२	२	-	
१०.	तामेल्दार, रा.प.अनं. चतुर्थ	१	१	-	
११.	पियन पाले	११	११	-	
१२.	माली	२	२	-	
१३.	मेहत्तर	२२	२	-	
	जम्मा	७०	५८	१२	

प्रहरी र दाप्ट्रिय अनुसन्धान विभाग तर्फ

सि. नं.	पदको नाम	स्वीकृत जम्मा पद	पूर्ति	रिक्त	कैफियत
१.	प्रहरी वरिष्ठ उपरीक्षक	१	१	-	
२.	प्रहरी नायव उपरीक्षक	२	२	-	
३.	प्रहरी निरीक्षक	६	३	३ (रा.अ.सं. २)	
४.	प्रहरी नायव निरीक्षक	४	३	१	
५.	प्रहरी सहायक निरीक्षक	१	१	-	
६.	प्रहरी हवल्दार	१	१	-	
७.	प्रहरी जवान	५	४	१	
	जम्मा	२०	१५	५	

काज समूह :- स.स.स्तर १, रा.प.द्वि.श्रेणी २, रा.प.तृतीय श्रेणी १ समेत ४ ।

(आयोगको प्रगति अवस्था र आवश्यकता अनुरूप आयोगले नै छोटो समय अवधिको लागि काज भिकाई काम लगाउन सकिने दरबन्दी सबै रिक्त छन् ।)

अनुसूची - २

आ.व. २०५०।०५१ को बजेट व्यवस्था

वार्षिक विनियोजन	खर्च		बाँकी			कैफियत
	निकासा	खर्च	निकासा मध्ये	निकासा नगरिरहको	डुबे	
साधारण : ४३,८४,०००।-	३६,२५,५३५।४५	३५,६२,२२३।६२	२३,३११।८३	८,६०,६००।-	१६,२३,६११।८३	
अर्थ बजेट : १,१२,१३५।४५						
कूल बजेट : ४५,१६,१३५।४५						

आ.व. २०५०।०५१ को राजस्व तर्फ आम्दानी

नक्कल निवेदन दस्तुर वापत जम्मा रु. ९।- राजस्व आम्दानी भएको छ ।

आ.व. २०५०।०५१ को धरौटी तर्फ

गत आ.व. २०४९।०५० को धरौटी बाँकी रु. १६,११,४२२।६७ र आ.व.०५०।५१ मा अञ्चलाञ्चलको सिलसिलामा विभिन्न मितिमा रु.६४,८६०।- धरौटी प्राप्त भई सो मध्येबाट विभिन्न मितिमा रु. २,५६,६००।- सम्बन्धित व्यक्तिलाई तथा विभिन्न कार्यालयमा फिर्ता पठाई कूल बाँकी रु. १४,५६,६८२।६७ धरौटी रहेको देखिन्छ ।

अनुसूची - ३

अस्त्रागार दुरुपयोग अनुसन्धान आयोग

आ.व. ०५०।०५१ को निवेदन लगत फरफ्यौट र बाँकी विवरण

सि.नं.	मन्त्रालय	गत वर्षको जिम्मेवारी		०५०।५१ को उजुरी		जम्मा उजुरी संख्या		फरफ्यौट		बाँकी		फरफ्यौट मध्ये		
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	आयोगबाटै तामेलीमा रहेको	अदालतमा मुद्दा दायर भएको	संबन्धित निकायमा पठाइएको
१.	अर्थ मन्त्रालय	२३	३	३१	-	६४	३	४६	३	९८	-	२५	१	२३
२.	आपूर्ति मन्त्रालय	२७	-	१९	-	४६	-	२१	-	२५	-	१४	-	७
३.	आवास तथा भौतिक योजना मन्त्रालय	२९	३	२३	२	५२	५	१२	१	४०	४	७	-	६
४.	उपभोग मन्त्रालय	२७	१	१४	२	५१	३	१७	३	३४	-	१९	-	१
५.	कृषि मन्त्रालय	१८	१	२७	-	५५	१	३०	१	२५	-	१५	-	१६
६.	कानून, न्याय तथा संसदीय मन्त्रालय	-	१	१५	-	१५	१	१३	-	२	१	२	-	११
७.	गृह मन्त्रालय	२०	१	१९०	३	१३०	४	१०५	१	२५	३	१८	१	८७
८.	जलस्रोत मन्त्रालय	२६	३	४२	१	६८	४	३३	३	३५	१	२५	१	१०
९.	परराष्ट्र मन्त्रालय	१	-	-	-	१	-	-	-	१	-	-	-	-
१०.	भूमिसुधार तथा व्यवस्था मन्त्र													

	मन्त्रालय	४३	–	६२	–	९०५	–	४३	–	६२	–	२३	३	९७
११.	पर्यटन तथा नागरिक उड्डयन																						
	मन्त्रालय	९०	–	४	–	१४	–	३	–	११	–	२	–	१
१२.	निर्माण तथा यातायात																						
	मन्त्रालय	३८	–	९०	–	४८	–	३८	–	९०	–	३४	–	४
१३.	वन तथा भू संरक्षण मन्त्रालय	५७	–	३८	–	९५	–	३६	–	५९	–	९०	१	२५
१४.	वाणिज्य मन्त्रालय	६	१	२	–	८	१	४	१	४	–	२	–	३
१५.	स्थानीय विकास मन्त्रालय	१२	४	६०	–	७२	४	५१	३	२१	१	२२	–	३२
१६.	स्वास्थ्य मन्त्रालय	९७	४	२६	६	४३	९०	१५	४	२८	६	१५	–	४
१७.	सामान्य प्रशासन मन्त्रालय	१	–	४	–	५	–	३	–	२	–	२	–	१
१८.	सूचना तथा संचार मन्त्रालय	११	१	९७	१	२८	२	११	२	९७	–	७	–	६
१९.	शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय	२०	३	३८	९७	५८	२०	१४	५	४४	१५	८	–	११
२०.	रक्षा मन्त्रालय	–	–	४	–	४	–	४	–	–	–	१	–	३
२१.	श्रम मन्त्रालय	–	–	–	–	–	–	–	–	–	–	–	–	–
२२.	मन्त्रिपरिषद् सचिवालय	–	–	–	–	–	–	–	–	–	–	–	–	–
	जम्मा	४०६	२६	५५६	३२	१९६२	५८	५९९	२७	४६३	३१	२५१	७	२६८

अनुसूची - ४

(क) कदाचित एक भन्दा बढी ठेकेदारले कबोल गरेको न्यूनतम अंक उही रहन आएमा निम्न तालिका अनुसार प्राप्तांक निर्धारण गरी सबभन्दा बढी अंक पाउने कम्पनीलाई प्राथमिकता दिने ।

प्रस्तावित मूल्यांकन तालिका

क्र.सं.	विवरण (.)	प्राप्तांक किसिम	प्राप्तांक अंक	कैफियत
१.	कार्य सम्पादन (पेश हुन आएको कार्य सम्पादन को कुल अंक क ..... पै.)	(+)		प्रस्ताव:- प्रत्येक रु. १ लाखको कार्य संपादन गरेको प्रमाण पेश गरे वापत १ अंक दिने । (*) (अर्को कंपनिलाई संयुक्त लगानीगरी संपादन गरेको कार्य वापत उपरोक्त अनुसार हुने अंकको आधा मात्र अंकदिने)
२.	ज्येष्ठता/अनुभव उपयोग दर्ता मिति:- टेण्डर सूचिको मिति:- ज्येष्ठता:- .... वर्ष..... महिना..... दिन ।	(+)		प्रस्ताव:- प्रत्येक वर्षको लागि १ अंक दिने । (*)
३.	भौगोलिक क्षेत्रको अनुभव क) योजनास्थल रहेको अंचल । हक :- जिल्ला । हक :- गा.वि.स./ न.पा.	(+)		प्रस्ताव:- योजना स्थल रहेको क्षेत्रमा ठेकेदारले काम गरि सकेको प्रमाण पेश गरेमा उही अंचल/ हक वापत १, उही जिल्ला हक वापत ५ र उही गा.वि.स. र न.पा. हक वापत १० अंक मध्ये अधिकतम हुने एकपटा अंक दिने

	।ख) उपभोक्ता कार्यालय रहेको । अंचल :- । जिल्ला :- । गा.वि.स ।न.पा :-	।	। (+) ।	।योजनास्थल रहेको क्षेत्रमा ठेकेदारको ।कार्यालय पनि रहेको भए उही अंचल ।भए १, उही जिल्ला भए ५ र उही ।गा.वि.स.। न.पा.भए १० अंक मध्ये ।अधिकतम हुने एकवटा अंक दिने ।
४.	।दण्ड।सजाय वापत कट्टी ।क) न्यून गुणस्तरको काम गरेको। । वा गलत विवरण पेश गरेको। । आदि प्रमाणित भए सबैभन्दा । गह्रौको वा अन्य कुनै सजाय। । गरेको अभिलेख कार्यालयमा । रहेको भए त्यस्तो सजाय वा। । सबैभन्दा गह्रौको कुल संख्या:- । ..... पटक ।	।	। (-) ।	।प्रस्ताव :- प्रत्येक पटकको लागि ५ अंक कट्टी गर्ने ।
	।ख) ठेक्का तोडेको अभिलेख । कार्यालयमा रहेको भए कुल । ..... पटक ।	।	। (-) ।	प्रत्येक पटकको लागि १० अंक कट्टी गर्ने ।
५.	। समयनिष्ठा नभए वापत कट्टी । कार्यालयको अभिलेखबाट देखिए । अनुसार कुल भ्याद थप :- । अवधि :- ..... महिना ।	।	। (-) ।	।प्रस्ताव :- प्रत्येक महिनाको लागि १ अंक कट्टी गर्ने ।
६.	। कुल प्राप्ताङ्क	।	। (+) ।	
		।	। (-) ।	

द्रष्टव्य :- * अ.स.१ र २ को विवरणको लागि दशमलव पछाडिको दुई अंकसम्म मात्र लिने । यसमा ०.००५५ सम्म ०.०० र ०.००५६ लाई ०.०१ मान्ने ।

